जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक १२ • २०८१ साल जेठ १८ गते शुक्रबार (31 May, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-



**नागरिकका कर्तव्य**

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

हामी सबैले उल्लेखित नागरिक कर्तव्यको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### नेकपा एसका अध्यक्ष नेपाल दबाबमा

## मधेश प्रदेशमा संघीय गठबन्धनकै सरकार बन्ने प्रधानमन्त्रीको दाबी

**टुडे समाचारदाता**

विराटनगर । मधेश प्रदेश सरकार जोखिममुक्त रहेको दाबी मुख्यमन्त्री सरोज कुमार यादवले गरिरहेको बेला प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले संघीय गठबन्धनकै सरकार बन्ने दाबी गरेका छन् ।

मधेश प्रदेश सरकारबाट नेकपा एमाले र नेकपा माओवादी केन्द्र समर्थन फिर्ता लिँदै बाहिरिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिनुपर्ने छ । जेठ २९ गते भित्र मुख्यमन्त्री यादवले विश्वासको मत लिनुपर्ने छ । तर उनले २३ गते नै विश्वासको मत लिने तयारी गरेका छन् ।

मधेश प्रदेश सरकारलाई लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल र नेकपा एसले समर्थन गर्ने जनता समाजवादी पार्टी( जसपा)नेपालका नेताहरुले दाबी गर्दै आएका छन् ।

तर प्रधानमन्त्री प्रचण्डले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल वर्तमान सत्ता समीकरणभन्दा बाहिर नजाने दाबी गरेका छन् ।

विराटनगर विमानस्थलमा बिहीबार सञ्चारकर्मीसँग कुराकानी गर्दै प्रचण्डले बिहान नेपालले आफूलाई वर्तमान सत्ता समीकरणभन्दा बाहिर नजाने स्पष्ट गरेको बताएका हुन् ।

'माधवजीको व्यवहार केही पहिलादेखि प्रतिपक्षसँग पनि र सत्ता पक्षसँग पनि जोडिने जस्तो देखिएको थियो,' प्रचण्डले भने, ' बिहान मसँग कुरा हुँदा माधवजी वर्तमान समीकरणभन्दा बाहिर नभएको र नहुने पनि कुरा क्लियर गर्नु भएको छ ।'

प्रधानमन्त्री प्रचण्डले नेपालसित कुरा गर्नु अगावै एसका सम्मानित नेता झलनाथ खनालसित भेँटेका थिए । नेता खनाल संघीय गठबन्धनप्रति बढी लचक मानिन्छन् ।

मधेश प्रदेशमा पनि वर्तमान गठबन्धनकै सरकार बन्ने प्रधानमन्त्री प्रचण्डको कथन थियो ।



संघीय सत्ता गठबन्धनलाई नेकपा एसले साथ दिए

मात्र मधेश प्रदेशमा सरकार गठन हुनसक्छ । एमाले र माओवादी सम्मिलित सरकारमा सहभागी नहुने धारणा लोसपाले सार्वजनिक गरिसकेको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री यादवले विश्वासको मत लिनु अगावै नेकपा एसलाई सरकारबाट अलग्याउने विषयमा समेत प्रधानमन्त्री प्रचण्डले प्रयास थालेका छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको बुढानिलकण्ठस्थित निवासमा बुधवार जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, लोसपाका अध्यक्ष महन्थ ठाकुर र नेकपा एसका अध्यक्ष नेपाल मधेश प्रदेश सरकारको विषयमा छलफल गरेका थिए ।

छलफलमा सहभागी नेताहरुले सकारात्मक रुपमा वार्ता अगाडि बढेको बताउँदै हाल जसपा नेपालको सरकारलाई नै विश्वासको मत दिनेमा सहमति समेत जनाएका छन् ।

मधेश प्रदेशमा हाल जसपा नेपाल र नेकपा एसको संयुक्त सरकार छ । सरकारले बहुमत सावित गर्न बाँकी छ । एमाले र माओवादीले सरकारलाई दिएको समर्थन फिर्तापछि सरकार बनाउन गरेको पहलमा नेकपा एसलाई सहभागी गराएको छैन । एसलाई छाडेर नेकपा एमाले, माओवादी र जनमत पाटीले लोसपाको साथ खोजिरहेका छन् ।

नेकपा एसले संघीय गठबन्धनलाई साथ नदिए बागमती प्रदेशमा समेत माओवादी नेतृत्वको सरकार खस्नेछ । संघीय गठबन्धनमा रहे पनि एसलाई गठबन्धनको कुनै बैठकमा सहभागी गराइदैन । उपेक्षित रहेका एसका नेताहरुले सत्ता गठबन्धनबाट फुत्किन निहुँ खोजिरहेका छन् ।

मधेश प्रदेशमा जसपा नेपाल नेतृत्वको सरकारलाई नै समर्थन जारी राख्ने एस संसदीय दलका नेता समेत रहेका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द न्यौपानेले जनाएका छन् । एसकी बेची लुंगेली श्रम तथा यातायात मन्त्री छिन् ।

प्रधानमन्त्री प्रचण्डले एस गठबन्धन भन्दा बाहिर जान नसक्ने दबाब बनाउन सुदुरपश्चिम प्रदेश सरकारमा हाल सम्म सरकारमा सहभागी भएको छैन । त्यहाँ नेकपा एसको नेतृत्वमा सरकार बनेको छ । माओवादी र एमाले विश्वासको मत दिए पनि सरकारमा गएको छैन ।

### जनमतको नेतृत्वमा सरकार बनाउन एमाले र माओवादी सहमत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत लिने तयारी गरिरहेको बेला नेकपा एमाले, जनमत पार्टी र माओवादी केन्द्रबीच जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने सहमति भएको छ ।

एमाले संसदीय दलका नेता सरोज कुमार यादव, जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादव र माओवादी केन्द्र संसदीय दलका नेता भरत प्रसाद साहले बिहीबार जारी गरेको संयुक्त विज्ञप्तिमा लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल र नेकपा एसको सहभागितामा नयाँ सरकार गठन गर्ने निर्णय भएको उल्लेख छ ।

एमाले संसदीय दलका नेता यादवले शुक्रबार लोसपा र नेकपा एसको पनि समर्थन प्राप्त गरी नयाँ सरकार गठनका लागि दाबी पेश गर्ने बताएका छन् ।

तीन दलबीच भएको सहमति अनुसार मुख्यमन्त्रीको टुंगो लगाइए पनि मन्त्रालयहरुको विषयमा दलहरुसित छलफल गरी पछि टुंगो लगाइने छ ।

तर लोसपा मधेश प्रदेशका अध्यक्षसमेत रहेका सभासद जितेन्द्र सोनलले भ्रम सृजना गर्ने प्रयास भएको बताएका छन् । 'एमाले, माओवादी र जनमत गठबन्धनमा लोसपा छैन' उनले भने, लोसपा पनि साथ रहेको भ्रम फैलाउने काम गरिएको छ । अन्य दलहरुको ठेक्कापट्टा लिने काम भएको बताउँदै उनले रोष प्रकट गरे ।










# डेढ दशकमा हिमालका मुद्दा, कालापत्थर बैठकदेखि चन्द्रागिरि संवादसम्म

काठमाण्डु । नेपाललगायत पर्वतीय मुलुकहरुले डेढदशक अघिदेखि विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा हिमाली क्षेत्रका मुद्दाबारे आवाज उठाउँदै आएका थिए । यस बारेमा धेरै बहस र छलफल भए पनि ठोस् निर्णय र परिणाममुखी सुनुवाइ भने हुनसकेको थिएन ।



लामो समयको प्रयासपछि पहिलो पटक गत वर्षको जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८)ले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले गरेका असरबारे आफ्नो निर्णयमा उल्लेख गरेको थियो । कोप-२८ सम्मेलन संयुक्त अरब इमिरेट्सको दुबईमा गत मङ्सिर १४ देखि २६ गतेसम्म सम्पन्न भएको थियो ।

हिमाली मुलुक नेपालले खासगरी सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप-१५ देखि नै जलवायु परिवर्तनले हिमाली पारि स्थितिकीय प्रणालीमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउँदै आएको थियो । जलवायु परिवर्तनका सङ्कटलाई फरक शैलीबाट विश्वको ध्यान आकृष्ट गराउन नेपाल सरकारले विसं २०६६ मङ्सिर १९ गते सगरमाथा क्षेत्रको कालापत्थरमा मन्त्रिपरिषद् बैठक आयोजना गरी सो सम्बन्धमा विभिन्न निर्णय गरेको थियो ।

कालापत्थर बैठकको केही दिनपछि, सन् २००९ को डिसम्बरमा डेनमार्कको राजधानी कोपेनहेगनमा विश्व जलवायु सम्मेलन आह्वान गरिएको थियो । कोपेनहेगन बैठकमा नेपालले जलवायु परविर्तनका कारण नेपाल र पर्वतीय देशमा देखिएको सङ्कटबारे विश्वको ध्यानाकर्षण गराइएको थियो । त्यसयताका अधिकांश सम्मेलनमा नेपालले प्राथमिकताका साथ हिमालका मुद्दा उठाउँदै आएपनि यसबारेमा अपेक्षाकृत उपलब्धि भएको थिएन ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले कोप-२८ सम्मेलनको पूर्वसन्ध्यामा गत कात्तिकमा नेपालको चार दिने भ्रमण गर्नुभएको थियो । उहाँले भ्रमणका क्रममा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रको अवलोकन गर्नुभयो।उहाँकोभ्रमणलेनेपाललाई हिमालका मुद्दा उजागर गर्न सहज भएको वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा बुद्धिसागर पौडेलले बताउनुभयो ।

कोप-२८ सम्मेलनको उद्घाटन समारोहमा महासचिव गुटेरेसले नेपालको नाम लिएर विश्व तापमानमा भएको वृद्धिका कारण हिमाल पग्लिने क्रम तीव्ररुपमा बढेको र यसले पारेका असरबारे उल्लेख गर्नुभएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि पछिल्लो समय आफ्ना अन्तर्राष्ट्रिय भ्रमणमा नेपालमा जलवायुले गरेका असरबारे सशक्त रुपमा कुरा उठाउनुका साथै नेपालले यसको उचित क्षतिपूर्ति पाउनुपर्ने तर्क राख्दै आउनुभएको थियो ।

प्रधानमन्त्री दाहालले पर्वतीय मुलुकका मुद्दा उजागर गर्नेगरी कोप-२८ सम्मेलनमा उच्चस्तरीय गोलमेच बैठकको आयोजना गर्नुभएको थियो। नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको कार्यक्रममा छुट्टै बैठकको अध्यक्षता गर्दै उच्चस्तरीय बैठक सञ्चालन गरेको पहिलो पटक थियो ।उक्त बैठकमा महासचिव गुटेरसले विशेष सम्बोधन गर्नुभएको थियो भने एण्डोराका प्रधानमन्त्री, किर्गिज गणतन्त्रका विदेशमन्त्री, भुटानका स्टेट सेक्रेटरीलगायतले विशेष सम्बोधन गर्नुभएको थियो । यही पृष्ठभूमिमा कोप-२८ सम्मेलनले पहिलो पटक पर्वतीय क्षेत्रमा जवायु परिवर्तनले पारेका समस्याका बारेमा उल्लेख गरेको थियो।

कोप-२८ सम्मेलनमा भएको जलवायुसम्बन्धी पहिलो विश्वव्यापी समीक्षा (जिएसटी) मा हिमालको पारिस्थितिकीय प्रणालीमा काम गर्नुपर्छ, यो बढी जोखिमयुक्त छ भनेर उल्लेख गरिएको थियो । साथै संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक निकाय (साब्टा)को ६० औँ बैठकमा पर्वत र जलवायु परिवर्तन विषयमा 'विज्ञ संवाद' आयोजना गर्न निर्देशन दिइएको थियो।

साब्टाको ६०औँ सत्रमा हिमालका मुद्दासम्बन्धी ' प्राविधिक संवाद' हुँदै

आगामी जुन ५ तरिखमा जर्मनीको बोनमा हुने साब्टाको ६०औँ बैठकमा हिमालका मुद्दासम्बन्धी 'टेक्निलक डाइलग' हुने भएको छ। साब्टा संवादअघि पर्वतीय क्षेत्रको मुद्दामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहललाई थप प्रभावकारी बनाउन नेपाललगायत अन्य पर्वतीय तथा साना टापु राष्ट्रका प्रतिनिधि, विषय विज्ञ, साझेदार संस्थालगायतको सहभागितामा यही जेठ ९ र १० गते काठमाडौँको चन्द्रागिरिमा ' अन्तर्राष्ट्रिय संवाद' आयोजना गरिएको वन तथा वातावरण मन्त्रालयका सहसचिव डा महेश्वर ढकालले बताउनुभयो ।

उहाँका अनुसार 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'मा नेपालसहित २५ पर्वतीय र साना टापु देशका प्रतिनिधि, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधि गरी दुई सय ५० भन्दा बढीको सहभागिता रहेको थियो । उक्त संवादको प्रधानमन्त्री दाहालले उद्घाटन गर्नुभएको थियो । उद्घाटनपछि तीनवटा प्रमुख विषयगत क्षेत्रमा केन्द्रित रहेर विभिन्न विधाका १० वटा सत्र सञ्चालन गरिएको थियो ।

प्रत्येक सत्रमा मुख्य वक्ता, फरक विषयका प्रस्तुति र समूहगत छलफल भएको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार सबै सत्रका दौरान ५० भन्दा बढी अन्तर र्राष्ट्रिय वक्ताले भाग लिई आफ्नो विज्ञताका क्षेत्रमा धारणा व्यक्त गर्नुभएको थियो । संवादले हिमाली र तल्लो तटीय क्षेत्रको पारिस्थितिकीय प्रणाली जलवायु परिवर्तनको उच्च जोखिममा रहेको निष्कर्ष निकालेको पौडेलले बताउनुभयो । साथै संवादले यसको समाधानका लागि विश्वव्यापी रुपमा एकीकृत आवाज बुलन्द गर्ने उल्लेख गरेको उहाँको भनाइ छ ।

संवाद सम्पन्नपछि जारी गरिएको सारांश पत्रमा पर्वतीय र तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने मानिसको जीवन र जीविकोपार्जनलाई दिगो बनाउने, कार्बन उत्सर्जनमा कम योगदान गर्ने र कम सक्षम देशमा असमान प्रभाव कम गर्न एकीकृत आवाज उठाउनेलगायत विषय उल्लेख छन्। हिमाली पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनको असर तुलनात्मक बढी हुने विषय विज्ञानले प्रमाणित भएको, खानेपानी, खाद्य आपूर्ति र जैविक विविधता जलवायु परिवर्तनबाट गम्भीर खतरामा परेकोलगायत विषय सारांशमा उल्लेख गरिएको छ।

विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न जलवायु परिवर्तनसम्बन्धी कार्यका लागि विश्वव्यापी सहकार्य र नेतृत्व गर्ने, समावेशी लैङ्गिक समानता, सामाजिक र अपाङ्गता समावेशीतामा ध्यान दिने सारांश पत्रमा उल्लेख गरिएको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा पौडेलले बताउनुभयो । वित्त पहुँच र वितरणलाई गति दिने, प्रविधि विकास र हस्तान्तरण, नागरिक समाज, युवा, स्थानीय र आदिवासी समुदायको संलग्नताका लागि साझेदारी आवश्यक रहेकामा संवादले जोड दिएको उहाँको भनाइ छ।

साब्टाको ६०औँ सत्रमा आयोजना हुने हिमाल र जलवायु परिवर्तनसम्बन्धी विशेषज्ञको संवादमा पर्वतीय समस्या समाधान गर्न ठोस् मार्गचित्र र रणनीति तयार गरेको छ। यसका निष्कर्षलाई जुन ५ तारिखमा जर्मनीको बोनमा हुने साब्टाको ६०औँ सत्रमा जोड्ने र त्यसपछि आगामी कोप-२९ का एजेण्डामा प्रवेश गराई संस्थागत गराउने नेपालको योजना रहको वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।संवादमा सहभागी हुन बङ्गलादेशका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री साबेर हुसेन चौधरी, भुटानका कृषि तथा पशुपक्षीमन्त्री ल्योन्पो योन्टेन फिन्टक्सो, साब्टाका अध्यक्ष ह्यारी भिरेउलगायत सरोकारवाला निकाय र संस्थाका उच्चअधिकारी नेपाल आउनुभएको थियो ।

कार्बन उत्सर्जनमा नेपालको योगदान नगन्य

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेका छन् । सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर एक दशमलव आठ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । तापक्रम वृद्धिले यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिमभण्डार पग्लिने जोखिम बढेको छ।

अघिल्ला दशकका तथ्याङ्क विश्लेषण गर्दा हिमालमा प्रतिदशक शून्य दशमलव ०५ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ। तापक्रम वृद्धिसँगै हिमनदी पग्लिने क्रम पनि बढिरहेको वन तथा वातावरण मन्त्रालयका सहसचिव डा ढकालले बताउनुभयो । यसको प्रत्यक्ष असर हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणालीदेखि साना टापु राष्ट्रसम्म परेको उहाँको भनाइ छ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हाल नेपालमा दुई हजार ७० हिमताल छन् । तीमध्ये २१ वटा जोखिममा छन् भने चीनको स्वशासित क्षेत्र तिब्बतका २५ र भारतको एउटा हिमतालको जोखिम पनि नेपालसम्म पुग्ने देखिन्छ।

विश्वको कूल हरित गृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका नगन्य (०.०५ प्रतिशतभन्दा कम) रहेको छ । नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका विश्वका १० औँ सूचिमा पर्दछ । जलवायुको असरले हिमाली क्षेत्रमा हिमताल पग्लने र विस्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी, तथा तराई मधेसमा बाढी र पहिरो अस्वभाविक रुपमा देखिन थालेको छ ।रासस

# तथ्यमा आधारित बजेट ल्याउँदा धेरै आलोचना भएन : अर्थमन्त्री पुन

काठमाण्डु ।अर्थमन्त्री वर्षमान पुनले तथ्यमा आधारित भएर बजेट बनाउँदा अधिकांश क्षेत्र र सरोकार भएकाले स्वीकार गरेका बताउनुभएको छ । नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) ले विहिबार आयोजना गरेको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमाथिको छलफल कार्यक्रममा उहाँले सरोकार भएका सबै क्षेत्रबाट सन्तुलित बजेट आएको भनेर प्रतिक्रिया पाइरहेको बताउनुभयो ।

"बजेटमा अलिअलि आलोचना स्वभाविक हो । केही ठाउँबाट आलोचना पनि भएका छन् । अधिकांश क्षेत्रले बजेट सन्तुलित आएको प्रतिक्रिया दिएका छन्", अर्थमन्त्री पुनले भन्नुभयो । तथ्यमा आधारित भएर बजेट बनाउँदा अधिकांश क्षेत्र र सरोकार भएका निकायले स्वागत गरी स्वीकार गरेका उहाँको भनाइ छ ।बजेटले उत्पादन तथा उद्योगलाई संरक्षण गर्नेतर्फ ध्यान दिएको अर्थमन्त्री पुनले बताउनुभयो । पछिल्लो समय सार्वजनिक वित्त व्यवस्थापनमा समस्या देखिएको उहाँको भनाइ छ । "आन्तरिक ऋणको मात्रा बढिरहेको छ । यस्तो अवस्थामा स्रोत जुटाउनु चुनौतीपूर्ण भएको छ । चालु खर्च घटाउने र पुँजीगत खर्च बढाउनेतर्फ सबैले सोच्नुपर्ने बेला आएको छ", उहाँले भन्नुभयो । कृषि, पर्यटन, सूचना प्रविधि, ऊर्जालगायत प्राथमिकता पाएका क्षेत्रले आर्थिक वृद्धिमा मुख्य भूमिका खेल्नुपर्नेमा अर्थमन्त्री पुनले जोड दिनुभयो । आर्थिक ऐनमार्फत करका दर हेरफेर गर्दा आवश्यकता र औचित्य हेरिएको उहाँले दाबी गर्नुभयो । उहाँले स्टील उद्योगले प्रयोग गर्ने कच्चापदार्थ 'स्पन्ज आइरन' र 'बिलेट'मा करका दर हेरफेर गर्दा टिप्पणी आउने सम्भावना थियो भन्दै विभिन्न सरकारी अध्ययनको आधारमा ती वस्तुमा करको दर हेरफेर गरिएको बताउनुभयो ।

"स्पन्ज आइरनका विषयमा तरङ्ग आउँछ भन्ने लागेको थियो, आयो पनि । यो विषय अध्ययन र छलफल गरी ल्याएका हौँ", अर्थमन्त्री पुनले भन्नुभयो, "यसबारे आजै व्यवसायीसँग छलफल गर्दै छौँ। हामीले लुकाएर करका दर हेरफेर गरेका छैनौँ । तथ्यमा आधारित भएर यसतर्फ काम गरेका हौँ ।"कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले बजेटमा वित्तीय क्षेत्र सुधार गर्ने कार्यक्रम ल्याइनु स्वागतयोग्य रहेको बताउनुभयो । "वित्तीय क्षेत्र सुधारसँग सम्बन्धित कार्यक्रम बजेटमा आएका छन्, यो स्वागतयोग्य छ । यी कार्यक्रम कार्यान्वयनको नेतृत्व लिन राष्ट्र बैंक तयार छ", उहाँले भन्नुभयो ।

डिजिटल भुक्तानीको प्रवर्द्धन, केन्द्रीय बैंक डिजिटल करेन्सी, ग्रीन फाइनान्स ट्याक्सोनोमीलगायत विषय समावेश भएको बजेटको घोषणाले राष्ट्र बैंकको कार्यक्रमलाई थप सहयोग पुग्ने डेपुटी गभर्नर मिश्रको भनाइ छ । बझाङको साइपाल गाउँपालिकामा बैंकको शाखा स्थापना गर्ने नीति ढिलै गरी भए पनि आउनु सकरात्मक भएको उहाँले बताउनुभयो ।"साइपाल मात्रै बैंक शाखा नभएको एकमात्र पालिका हो । उक्त पालिकामा शाखा स्थापना गर्ने जिम्मा एभरेष्ट बैंकले विसं २०७४ मा पाएको थियो । सडक, इन्टरनेटलगायत पूर्वाधार नहुदाँ बैंकले शाखा स्थापना गर्न सकेको छैन", डेपुटी गभर्नर मिश्रले भन्नुभयो । साइपालमा शाखा स्थापना गर्ने नीति आउनु सकारात्मक रहेको उहाँको भनाइ छ ।नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बजेटले निजी क्षेत्रको मागलाई समेट्दै अगाडि बढ्ने विषय सकारात्मक भएको भन्दै कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो । बजेटमा समावेश भएका निजी क्षेत्रको मागको सफल कार्यान्वयन हुनुपर्ने उहाँको भनाइ छ ।ससाना छरिएर रहेका पुँजीलाई लगानीमा परिणत गर्ने जस्ता कार्यक्रम निजी क्षेत्रको सुझावअनुसार नै बजेटमा प्राथमिकताका साथ आएका अध्यक्ष ढकालले बताउनुभयो । पुराना बजेटका कतिपय कार्यक्रम तथा नीतिलाई नयाँ बजेटले काट्नु दुःखद पक्ष भएको उहाँको भनाइ छ । विशेषगरि बैंक तथा वित्तीय संस्थाको मर्जर र प्राप्तिमा दिइएको सुविधा अहिलेको बजेटले कटौती गरेको ढकालले बताउनुभयो । पहिलेका बजेटले दिएको सुविधा अहिलेको बजेटले कटौती गर्दा लगानीकर्तामा नकारात्मक असर पर्न सक्ने उहाँको भनाइ छ । बजेटलाई प्रभावकारी कार्यान्वयन गर्न सके अर्थतन्त्रमा देखिएका समस्या यथाशीघ्र समाधान हुने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो । "बजेटले दिएको मार्गनिर्देशलाई प्रभावकारी कार्यान्वयन गर्ने दिशातर्फ अगाडि बढ्न सक्नुपर्छ । यसले अर्थतन्त्रलाई चलायमान बनाउँदै लैजान्छ", अध्यक्ष ढकालले भन्नुभयो। आर्थिक एजेन्डामा सबै दलहरूलाई एकै ठाउँमा ल्याउने र सामूहिक प्रतिबद्धता खोज्ने विषय बजेटमा राखिनु सकरात्मक रहेको उल्लेख गर्दै उहाँले बजेट भाषणको सुरूमै आर्थिक सुधार गर्ने विषय उठाइँदा सरकारको प्राथमिकता झल्केको दाबी गर्नुभयो। नेपालमा लगानीको वातावरण भएन भन्ने कुरा चिर्नका लागि लगानी सम्मेलन आयोजना भएको ढकालले बताउनुभयो । यसका लागि आठ वटा कानुन परिवर्तन गर्ने विषय सबै राजनीतिक दलका साझा एजेण्डा बनेको स्वागतयोग्य काम रहेको उहाँको भनाइ थियो।

कार्यक्रममा नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेश अग्रवालले बजेट सन्तुलितरुपमा आएको भन्दै नयाँ चरणको आर्थिक सुधार कार्यक्रम अगाडि बढाउने घोषणा बजेटमार्फत गरिनु सकारात्मक रहेको बताउनुभयो। निजी क्षेत्रको मनोबल बढाउने उद्देश्य लिनु निकै राम्रो पक्ष भएको उहाँको भनाइ थियो। कृषि, पर्यटन, सूचना प्रविधिलगायतलाई रुपान्तरणकारी परियोजनाको रुपमा लिएर कार्यक्रम ल्याइनु बजेटको सबल पक्ष रहेको उहाँले बताउनुभो ।

बौद्धिक सम्पत्तिमाथिको कानुन ल्याउन परिसङ्घले जोड दिँदै आएकामा बजेटले त्यसलाई सम्बोधन गरेको अध्यक्ष अग्रवालले बताउनुभयो। विभिन्न ऐन तथा नियमावलीमा समयानुकूल परिमार्जन गर्ने बजेटले प्रतिबद्धता जनाएकोप्रति उहाँले खुसी व्यक्त गर्नुभयो । बजेटमा घोषणा भएका कार्यक्रम बजेटमै सीमित हुन नहुने उहाँको भनाइ छ । "बजेटमा समावेश कार्यक्रम राम्रो छन् । कार्यक्रम बजेटमा मात्र सीमित नहोस् भन्ने चाहना राखेका छौँ" अध्यक्ष अग्रवालले भन्नुभयो, "बजेट कार्यान्वयनमा निजी क्षेत्र सहकार्य गर्न तयार छ।" विद्यमान शिथिल अर्थतन्त्रलाई माथि उकास्न राहत तथा सहुलियत प्याकेज आउने निजी क्षेत्रको अपेक्षा भए पनि सो आउन नसकेकोउहाँलेबताउनुभयो।नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले आगामी आर्थिक वर्षको बजेट यथार्थपरक र संयमित रहेको बताउनुभयो । कृषि, पर्यटनलगायतमा बजेटले राम्रा कार्यक्रम ल्याउनु सकरात्मक पक्ष भएको उहाँको भनाइ छ। अर्थतन्त्रलाई चलायमान बनाउनका लागि बजेटको कार्यान्वयन चुनौतीपूर्ण रहेको उहाँले बताउनुभयो ।अध्यक्ष अग्रवालले आन्तरिक राजस्वमा भने समस्या भएको बताउनुभयो । भूतप्रभावि करको दायित्वको दबाब परिरहेकाले यसतर्फ ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो । नीतिले व्यवसायी आतङ्कित भइरहेको अवस्थामा अर्थतन्त्र सुध्रन नसक्ने चेम्बर अध्यक्ष अग्रवालको भनाइ छ । आन्तरिक ऋण धेरै उठाउँदा बजारमा तरलता अभावको जोखिम बढ्ने उहाँले बताउनुभयो । अनुत्पादक क्षेत्रमा रहेको बजेट कटौती गरेर उत्पादन क्षेत्रमा विनियोजन गर्ने अभ्यास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनिल केसीले आगामी आर्थिक वर्षको बजेट सन्तुलित तथा समयसापेक्ष भएर आएको बताउनुभयो । पर्यटन, जलविद्युत्, स्टार्टअप, सूचना प्रविधिलगायत प्रचुर सम्भावनाका क्षेत्रलाई पहिचान गरी प्राथमिकताका साथ बजेट छुट्टाउनु बजेटको सबल पक्ष रहेको बताउनुभयो। यसले बैंकिङ क्षेत्रलाई फाइदा हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

सामाजिक सुरक्षा कोषमा लाग्ने दोहोरो कर हटाउनुपर्ने, निष्क्रिय कर्जा अनुपात बढ्दै जाँदा बैंकलाई कर छुट दिनुपर्नेलगायत सुझाव राखिए पनि पूरा नभएको गुनासो केसीले गर्नुभयो । विदेशबाट ऋण ल्याउँदा ब्याज दरमा लाग्ने कर घटाइनु सकारात्मक पक्ष रहेको उहाँको भनाइ छ। सबै सरकारी कार्यालय, मालपोत तथा कर कार्यालय बैंकिङ प्रणालीमा जोड्ने बजेटको उद्देश्य स्वागतयोग्य रहेको बताउँदै अध्यक्ष केसीले यस नीतिका कारण बैंकको लागत पनि कम हुने अपेक्षा गरिएको उल्लेख गर्नुभयो ।रासस

# समाजवादी सांस्कृतिक आन्दोलनलाई उठाउन सामाजिक रूपान्तरण आवश्यक छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सामन्तवादी संस्कृतिले खडा गरेको रूढीवाद, अन्धविश्वास, अन्धभक्तिलाई पाखा लगाएर समाजवादी संस्कृतिको जग बसाल्नुपर्नेमा जोड दिनुभएको छ । जनसांस्कृतिक महासङ्घ नेपालको आठौँ राष्ट्रिय सम्मेलनको विहिबार उद्घाटन गर्दै उहाँले समाजवादी सांस्कृतिक आन्दोलनलाई उठाउन सामाजिक रूपान्तरण आवश्यक छ भन्नुभयो ।

"संस्कृतिको जग समाज हो, तसर्थ समाजवादीसांस्कृतिकआन्दोलनलाईउठाउन सामाजिक रूपान्तरणको अहम् भूमिका रहन्छ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "जनताको जीवन पद्धतिलाई समाजवादी संस्कृतिको आधारविन्दु मानी वैचारिकीकरण गरी सङ्गठित गर्नुपर्छ ।"जनयुद्धकालमा सांस्कृतिक आन्दोलनमा सामाजिक रूपान्तरण र सभ्य समाज निर्माणका लागि सङ्कल्प र पहल लिइएको उल्लेख गर्दै उहाँले समाजको आधारभूत तहमा पुगेर रूपान्तरणको पैरवी गर्ने, जनताको जीवन पद्धतिलाई समाजवादी संस्कृतिको आधारविन्दु मानी वैचारिकीकरण गर्नुपर्ने बताउनुभयो । उहाँले उत्पादन र श्रम संस्कृतिको विकासका निम्ति स्थानीय क्लबहरूको निर्माण र परिचालन गर्नुजस्ता रचनात्मक क्रियाकलापमा लाग्नुपर्नेमा जोड दिनुभयो।

"पूर्वीय दर्शन, चिन्तन परम्परा र हाम्रो राष्ट्रिय संस्कृति निकै समृद्ध छ," प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "ज्ञान र दर्शनको कुनै राष्ट्रिय सीमा हुँदैन, मानवजातिले विश्वभरि आर्जन गरेका ज्ञान र अनुभवहरू सबैका साझा सम्पत्ति र गौरवसमेत हुन्, यद्यपि हामीले हाम्रो विशिष्टता र मौलिकताको संवर्द्धन र विकास गरेर मात्र ज्ञानविज्ञानको क्षेत्रमा नयाँ पहल लिन सक्छौँ ।" उहाँले सामन्तवादी संस्कृतिले खडा गरेका रूढीवाद, अन्धविश्वास, अन्धभक्ति एवं साम्राज्यवादी संस्कृतिले खडा गरेको शून्यवाद, उपभोक्तावाद र उत्तरआधुनिकतावादी चिन्तन र दृष्टिकोणका विरुद्ध समाजवादी संस्कृतिको जग बसाल्नु नै आजको मुख्य कार्यभार भएको बताउनुभयो ।

"असल संस्कृति समृद्ध जीवनको प्राण हो, साहित्य, कला, नाट्य, गीतसङ्गीत, नृत्य, वास्तुकला जति पनि कलासँग सम्बन्धित विधाहरू छन्, तिनको संरक्षण, संवर्द्धन, विकास र समयानुकूल सुधार र रूपान्तरणको बलमा नै समाजवादी संस्कृतिको जग बसाल्न सकिन्छ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "यस दिशामा जनसांस्कृतिक महासङ्घजस्ता संस्थाहरूले नेतृत्वदायी भूमिका खेल्न सक्नुपर्दछ ।"रासस


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बालिका बलात्कारीलाई आठ वर्ष कैद

टुडे समाचारदाता

सप्तरी । सप्तरी जिल्ला अदालतले १५ वर्षीया बालिकालाई बलात्कार गरेको कसुरमा राजविराजनगरपालिका-१ पडरियाका १७ वर्षीय किशोरलाई विहिबार आठ वर्षको कैद सजाय सुनाएको छ।



सप्तरी जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको इजलाशले रु ५० हजार क्षतिपूर्ति, रु ३६ हजार तीन सय ३३ जरिवानाको फैसला गरेको छ ।विद्यालय पढ्न गएकी बालिका (परिवर्तित नाम-१६५)लाई विभिन्न प्रलोभन देखाइ ती किशोरले विसं २०७९ कात्तिक २ गते राजविराजस्थित राजदेबीहोटलमा लगेर बलात्कार गरेका थिए। पीडितकी आमाले घटना लगत्तै दिएको उजुरी प्रहरीले दर्ता गर्न मानेको थिएन। होटलमा दुवै जना बसेको प्रमाण फेला परेपछि सप्तरी प्रहरीले विसं २०८० असोज २४ गते पुनःउजुरी दर्ता गरेको थियो।

आरोपित किशोर विसं २०८० असोज २४ गते पक्राउ परेका थिए। जिल्ला अदालतमा विसं २०८० कात्तिक १३ गते अभियोग पत्र दायर भएकामा न्यायाधीश सञ्जिव पोखरेलको इजलासले गत कात्तिक १४ गते किशोरलाई बाल सुधारगृह वीरगञ्ज पठाएको थियो।

# नेपालका बालबालिकालाई तीन वर्षभित्र कुपोषणमुक्त गर्ने अभियान सुरु

काठमाण्डु । तीन वर्षभित्र नेपालभरका बालबालिकालाई कुपोषणमुक्त गर्ने अभियान सुरु भएको छ । सामुदायिक रेडियो प्रसारक सङ्घ र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहकार्यमा विहिबारदेखि यो अभियान सुरु गरिएको हो।

कुपोषणका कारण २५ प्रतिशत बालबालिकामा पुड्कोपन, आठ प्रतिशत बालबालिकामा ख्याउटेपन, १९ प्रतिशत बालबालिका कम तौलका छन् । कुपोषणका कारण बाल विकास नभएका बालबालिकाको संख्या मधेस प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढी छन् । सन् २००१ मा भएको अध्ययनअनुसार एक हजार बालबालिकामा ९१ जना कुपोषण प्रभावित हुने गरेको पाइएको थियो।

कार्यक्रमको शुभारम्भ गर्नुहुँदै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले गर्भ अवस्थादेखि नै पोषणयुक्त बनाउन तीन वटै तहका सरकारले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा जोड दिनुभयो । दिगो विकास लक्ष्यको बुँदा नं १ र २ लाई पूरा गर्न पनि सन् २०३० सम्म नेपालबाट कुपोषण अन्त्य गर्ने गरी सरकारले नीति तथा कार्यक्रम र बजेटमा समावेश गरेको उहाँले सुनाउनुभयो। सङ्घीय सरकारले दिवा खाजाका लागि दिएको रु १५ मा प्रदेश र स्थानीय सरकारले पनि बजेट थप गरिदिएर सहयोग गर्नुपर्ने मन्त्री चौधरीको भनाइ थियो । सरकार मातहत रहेका बालसुधारगृहको कार्यक्षेत्र गृह मन्त्रालय अन्तर्गत पर्ने भए



पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई भन्ने गरिएको उल्लेख गर्नुहुँदै उहाँले यस सम्बन्धमा प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समिति र महिला तथा सामाजिक मामिला समितिले अध्ययन गरेको बताउनुभयो।दुवै समितिलेप्रकाशन गरेको प्रतिवेदनसमेत मन्त्रालयमा आएको उहाँले जानकारी दिनुभयो । प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अमरबहादुर थापाले बालबालिका स्वस्थ भए देश स्वस्थ हुने उल्लेख गर्नुहुँदै पोषणका लागि जनचेतना अभिवृद्धि गरिनुपर्नेमा जोड दिनुभयो । प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले कुपोषणले शारीरिक मानसिक विकासलाई रोक्ने बताउनुहुँदै खाना र पोषण आधार भूत मानव अधिकार भएकाले त्यसै अनुरुप व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो।

संसदीय समिति अनुगमनका क्रममा विद्यालयमा जाँदा दिवा खाजाको बजेट दुरुपयोग भएको तथ्य फेला परेको उल्लेख गर्नुहुँदै यसले बालबालिकाको पोषणमा प्रभाव परेको बताउनुभयो । कतिपय विद्यालयले गुणस्तरहीन दिवा खाजा प्लाष्टिकमा दिँदा पनि बालबालिकाको स्वास्थ्यमा गम्भीर असर गर्ने गरेको सभापति साहले सुनाउनुभयो । राष्ट्रिय योजना आयोगका सदस्य प्रा डा शिवराज अधिकारीले सरकारको नीति तथा कार्यक्रम, बजेट र योजनामा पनि कुपोषण घटाउने कार्यक्रम समावेश भएपनि कार्यान्वयनमा चुनौती रहेको स्वीकार गर्नुभयो। कार्यक्रम कार्यान्वयनका लागि सरोकार भएका सबै निकायले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा उहाँको जोड थियो।

राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारी खरेलले गरिबीबाट मुक्ति र पौष्टिक आहार पाउनु बालबालिकाको अधिकार भएको बताउनुभयो । जुम्लाका एक बालकको भोकमरीबाट मृत्यु भएको उजुरी आयोगमा परेको सुनाउनुहुँदै उहाँले आयोगले यससम्बन्धी अनुसन्धान गरी सरकारलाई आवश्यक कारबाहीका लागि सिफारिस गरेको जानकारी दिनुभयो । आयोगले केही समयअघि बाल मन्दिर नक्सालको अनुगमन गर्दा खानाको गुणस्तरलगायत वातावरण राम्रो नपाउँदा पनि सरकारलाई सिफारिस गरेको पनि सचिव खरेलले सुनाउनुभयो।

गैर सरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष रामप्रसाद सुवेदीले युनिसेफको प्रतिवेदनमा कुपोषित बालबालिका विश्वविद्यालय पुग्न सक्दैनन् उनीहरुसँग सिक्न सक्ने क्षमता हुँदैन भन्ने उल्लेख गरिएको जानकारी गराउनुभयो । बालबालिकालाई पत्रु खानाबाट बचाई अग्यानिक खाना खुवाउन सके कुपोषणमुक्त बनाउन सकिने उहाँको भनाइ थियो । वर्ल्ड भिजन इन्टरनेशनल नेपालका राष्ट्रिय निर्देशक रोजलिन एच. ग्याब्रिएलले विश्वव्यापी र क्षेत्रीय रुपमा पनि यो अभियान सुरु गरिएको उल्लेख गर्नुहुँदै हरेक बालबालिकालाई खाना र पोषण पुगोस् भनेर अकोरावसँगको सहकार्यमा इनफ नामक अभियान सुरु गरिएको बताउनुभयो । बालबालिका स्तनपान गराउने क्रम घट्दै गएकाले पनि पोषणमा गम्भीर प्रभाव परेको उहाँको भनाइ थियो।

वर्ल्ड भिजनका वरिष्ठ निर्देशक दीपेश पउल ठाकुरले नेपालका बालबालिकाले भोकमरीबाट दुःख नपाऊन् भनी यो अभियान सुरु गरिएको जानकारी दिनुभयो। वर्ल्ड भिजन नेपालका निर्देशक उमा मगरले नेपाललाई शून्य भोकमरीमा स्थापित गराउन तीनै वटै तहका सरकारले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा जोड दिनुहुँदै समुदायका विपन्न वर्गमा यो कार्यक्रम पुग्ने विश्वास व्यक्त गर्नुभयो।

अकोरावका अध्यक्ष अर्जुन गिरीले नेपाललाई भोकमरी बनाउने अभियानमा सामुदायिक रेडियोहरुले पनि सहकार्य गरेको बताउनुभयो ।रासस

# गणतन्त्रप्राप्तिपछि मुलुकको विकासले गति लिएको छः अध्यक्ष नेपाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गणतन्त्र प्राप्तिपछिका अवधिमा मुलुकको समग्र विकासले गति लिएको बताउनुभएको छ। गणतन्त्र दिवस-२०८१ का अवसरमा राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्वीर प्रदर्शनीको अवलोकनपश्चात् उहाँले मुलुकमा आर्थिक समृद्धिको प्रमुख आधार मानिएको पूर्वाधार क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ भन्नुभयो।

अध्यक्ष नेपालले गणतन्त्र स्थापनापछि नेपालमा 'केही पनि भएको छैन' भन्नेलाई फोटो प्रदर्शनीले गतिलो जवाफ दिएको बताउनुभयो । उहाँले भन्नुभयो, "गणतन्त्रपछिको अवधिमा विकास निर्माणको कार्य उपलब्धिमूलक भएको छ, त्यसको झलक प्रदर्शित तस्वीरले सबै कुरा यथार्थ रूपमा बोलेको छ ।"पूर्वप्रधानमन्त्री नेपालले गणतन्त्रका उपलब्धिलाई जनतामाझ लैजान र जनताको पक्षमा काम गर्न सबै जिम्मेवारीताकासाथ लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले गणतन्त्र प्राप्तिपछिका उपलब्धिलाई फोटोले सचित्र वर्णन गरेको पनि उल्लेख गर्नुभयो।

अध्यक्ष नेपाललाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, सञ्चालक समिति सदस्य कृष्ण अधिकारी, नायब महाप्रबन्धकत्रय राजु शाक्य, श्याम रिमाल र सोमनाथ लामिछाने, प्रधानसम्पादक उत्तम सिल्वाल , प्रमुख समाचारदाता एकराज पाठक र प्रशासन प्रमुख शीतलप्रसाद महतो लगायतले प्रदर्शनीमा राखिएका तस्बिरका बारेमा जानकारी गराउनुभएको थियो। सो क्रममा पूर्वप्रधानमन्त्री नेपालले राससको केन्द्रीय समाचार सङ्कलन तथा सम्पादनकक्षको अवलोकन गरी समाचार सङ्कलन र सम्प्रेषणका बारेमा जानकारी लिनुभएको थियो।

यही जेठ १० गतेदेखि सुरु भएको प्रदर्शनीमा मुलुकका तीनवटै तहका सरकारले आफ्नो सीप, जनशक्ति र पुँजी तथा छिमेकीका साथै अन्य मित्रराष्ट्रसमेतका सहायतामा निर्मित एवं निर्माणाधीन राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाका तस्वीर समावेश छन्।

विसं २०७२ को 'गोरखा भूकम्प'बाट भत्किएका ऐतिहासिक धरोहरको पुनःनिर्माणपछिका संरचना, मानवीय विकास, शिक्षा, स्वास्थ्य, उद्योग, सडक, सिँचाइ, खानेपानी, विद्युत् उत्पादनलगायत विषयमा सङ्कलन गरी राससबाट सम्प्रेषित तस्वीर प्रदर्शनीमा राखिएका छन् । सातवटै प्रदेशमा निर्माण भएका भौतिक पूर्वाधारसम्बन्धी ९५ तस्वीर प्रदर्शनीमा समेटिएका छन्।

राससले गत वर्ष गणतन्त्र दिवसका अवसरमा 'हाम्रो संस्कृतिः हाम्रो सम्पदा' शीर्षकमा तस्वीर प्रदर्शनी गरेको थियो।

प्रदर्शनीमा ऊर्जा, विमानस्थल, पर्यटन, बाटोघाटो, सडक, पुल, स्वास्थ्य शिक्षाका संरचना, सम्पदा पुनःनिर्माण, तराईका हुलाकी मार्ग, मूलपानी क्रिकेट मैदान, काठमाडौँ-मधेस द्रुतमार्ग, थानकोट-नागढुङ्गा सुरुङमार्ग, सुनकोशी-मरिन डाइभर्सन बहुद्देश्यीय आयोजना, सौर्य प्यानल, टेलिफोनका फोरजी टावर,एकीकृतबस्ती,राष्ट्रियगौरव, प्रदेश गौरवका आयोजनालगायत तस्वीर समावेश छन् । तस्वीर प्रदर्शनीमा विशिष्ट व्यक्ति र जिज्ञासु सर्वसाधरण आउनेक्रम जारी रहेकाले प्रदर्शनीको समयावधि एक साता थप गरिएको छ ।रासस


# रोजगार बैंकको अवधारणा सरकारले कार्यान्वयनमा ल्याउँछ : प्रधानमन्त्री

विराटनगर । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ज्ञान, पुँजी, सीप र प्राविधिक क्षमताअनुसारको रोजगारी सुनिश्चित गर्न सरकारले रोजगार बैंकको अवधारणा कार्यान्वयनमा ल्याउने जानकारी दिनुभएको छ।

विहिबार आयोजित श्रमाधान रोजगार मेलालाई सम्बोधन गर्दै उहाँले वैदेशिक रोजगारीबाट फर्किएकाहरू वा नेपालमै रहेको श्रम, सीप र अनुभवको उपयोग गरी उद्यमशीलता विकास गरिने बताउनुभयो।

"वैदेशिक रोजगारीबाट फर्किएका वा नेपालमै रहेको श्रम सीप र अनुभवको उपयोग गरी उद्यमशीलता विकास गर्न तथा रोजगारीको माग र आपूर्तिको विषयमा काम गर्ने रोजगार बैंकको अवधारणा सरकारले कार्यान्वयनमा ल्याउँदैछ," प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "एक लाख रिटर्नीहरूलाई उनीहरूको ज्ञान, पुँजी, सीप र प्रविधि क्षमताअनुसारको रोजगारी सुनिश्चित गर्न सरकारले बजेटमा आवश्यक प्रबन्ध गरेको छ।

"दीगो विकासका लक्ष्य तथा सरकारको अन्य नीति तथा योजनाले परिकल्पना गरेअनुरूप श्रम क्षेत्रमा पनि स्वास्थ्य र आरोग्यताका लागि काम गरी श्रमिकको हकहित संरक्षण गरिने जनाउँदै प्रधानमन्त्री प्रचण्डले रेमिट्यान्सबाट अर्थतन्त्रको उत्पादनशीलता वृद्धि गरी आन्तरिक रोजगारी बढाउन सरकार लागि परेको बताउनुभयो । उहाँले सबै क्षेत्रको संयोजन गरी तत्कालका लागि सुरक्षित र उपलब्धिमूलक वैदेशिक रोजगारी र दीर्घकालीन



रूपमा आन्तरिक रोजगारी बढाएर देशको समृद्धि र नागरिकको सन्तुष्टि वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो।

"सरकारले श्रमिकहरू समस्यामा परेपछि हेइन, श्रममा प्रवेश गर्न चाहनेहरूको सीप तथा क्षमता अभिवृद्धि गरेर प्रतिस्पर्धी बनाउनेसमेत लक्ष्य राखेको छ," उहाँले भन्नुभयो, "यसको कार्यान्वयनले श्रममा प्रवेश गर्न चाहने धेरै युवा प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।" रोजगारीको सिर्जना र मर्यादित श्रम क्षेत्रको विकास गरेर समृद्धिको यात्रालाई तीव्रता दिन सकिने बताउँदै उहाँले त्यसका लागि सरकार र निजी क्षेत्रको संयुक्त प्रयास एवं सहकार्यका लागि अपिल गर्नुभयो ।'श्रमाधान रोजगार मेला' सरकारको अर्थपूर्ण कार्यक्रम भएको बताउँदै प्रधानमन्त्री प्रचण्डले श्रम र रोजगारीसँग सम्बन्धित सम्पूर्ण अवसर र समस्यालाई एकद्वार प्रणालीबाट सम्बोधन गर्नेर नागरिकको रोजगारीको संवैधानिक हक प्रत्याभूत गर्न यसले विशेष भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममार्फत मुलुकभित्र रोजगारीका अवसर वृद्धि गर्न धेरै नयाँ कार्यक्रम ल्याएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले रोजगार बैंकको अवधारणा, वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको उद्यम विकास, प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनःसंरचना, कृषि क्षेत्रको पुनरोत्थान, औद्योगिक विकास, सूचना प्रविधिको विकासलगायत कार्यक्रमबाट रोजगारी सिर्जना हुने बताउनुभयो।

नेपालमा उत्पादित वस्तुको उपयोग र खपतका निम्ति प्रोत्साहन, 'मेड इन नेपाल, मेक इन नेपाल' को अवधारणा अगाडि बढाइएको बताउँदै प्रधानमन्त्री प्रचण्डले डाटा सेन्टर तथा सूचना प्रविधिको विकासमा उच्च प्राथमिकता, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गरिने बताउनुभयो।

"स्टार्ट अप र नवप्रवर्तनका लागि इकोसिस्टम विकास गरी उद्यमशील वातावरण सिर्जना, स्टार्ट अप बोर्डको गठन र कोष स्थापना, सातै प्रदेशमा विजिनेस इन्क्युवेसन सेन्टर सञ्चालन गरिनेछ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "सार्वजनिक-निजी साझेदारीमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण, महिला उद्यमीद्वारा उत्पादित वस्तु बिक्री गर्न कोसेली घरको स्थापना र सञ्चालन, उद्योग र लगानीसँग सम्बन्धित कानुनमा परिमार्जन गरिनेछ।"रासस

# नेपालको अर्थतन्त्रको केन्द्र रेमिट्यान्स बनेको छ : महामन्त्री थापा

काठमाण्डु। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपालको अर्थतन्त्रको केन्द्र वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्स बनेको बताउनुभएको छ ।नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले विहिबार आयोजना गरेको 'बधाई, शुभकामना तथा धन्यवाद'कार्यक्रममा उहाँले नेपालको अर्थतन्त्रको मुख्य माध्यम वैदेशिक रोजगारबाट प्राप्त 'रेमिट्यान्स' भएको बताउनुभएको हो।

"वैदेशिक रोजगारमा गएका श्रमिकले दुःख गरेर पठाएको रकमबाट नेपालको अर्थतन्त्र चलेको छ, मुलुकको अर्थतन्त्रको मुख्य माध्यम वैदेशिक रोजगारमा गएका नेपालीको श्रम बनेको छ", उहाँले भन्नुभयो।

महामन्त्री थापाले प्रत्येक वर्ष झण्डै पाँच लाख नेपालीलाई रोजगारी आवश्यक परे पनि देशले रोजगार दिन नसकेका कारण विदेशिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको उल्लेख गर्नुभयो । आगामी एक दशक नेपालका लागि वैदेशिक रोजगार यथार्थ भएको उहाँको भनाइ थियो ।पूर्वमन्त्रीसमेत रहनुभएका थापाले विसं २०४६ को परिवर्तनपछि तत्कालीन गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारको पालमा निजी क्षेत्रबाट धेरै उद्योगधन्दा सञ्चालन भए पनि दशवर्षे जनयुद्ध र देशको राजनीतिक अस्थिरताका कारण बन्द भएको जिकिर गर्नुभयो।

महामन्त्री थापाले नेपाली कांग्रेसको सङ्गठन विस्तारमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको ठूलो भूमिका रहने बताउनुभयो। पार्टीले वैदेशिक रोजगारीको क्षेत्रमा नीति बनाउँदै गर्दा एशोसिएसनले महत्त्वपूर्ण राय, सल्लाह सुझाव दिने महामन्त्री थापाले अपेक्षा गर्नुभयो ।उहाँले वैदेशिक रोजगार व्यवसायका सम्बन्धमा देखिएका समस्या समाधान गर्नका लागि पार्टी लाग्ने विश्वास व्यक्त गर्नुभयो। वैदेशिक रोजगार व्यवसायलाई मर्यादित, व्यवस्थित, पारदर्शी, मान र सम्मानका साथ सञ्चालनमा लाग्न उहाँले व्यवसायीलाई आग्रहसमेत गर्नुभयो ।तमु सङ्घ नेपालका अध्यक्ष भुवनसिंह गुरुङले वैदेशिक रोजगार व्यवसायलाई संरक्षण गर्ने गरी सरकारले नीति बनाउनुपर्ने बताउनुभयो । उहाँले सबै व्यवसायीलाई समेटेर अगाडि बढ्न एशोसिएसनलाई आग्रह गर्नुभयो ।एशोसिएसनका नवनिर्वाचित अध्यक्ष दीपक थापाले वैदेशिक रोजगार व्यवसायमा संलग्न व्यवसायी र वैदेशिक रोजगारमा गएका श्रमिकको समस्या समाधानका निम्ति आफ्नो कार्यसमितिले काम गर्ने बताउनुभयो ।एशोसियशनका प्रथम उपाध्यक्ष विनोदजङ्ग केसीले वैदेशिक रोजगार व्यवसायीका लागि राख्ने बैंक ग्यारेन्टी ज्यादै महँगो भएको भन्दै यसलाई पुनरावलोकन गर्नका लागि सरकार लाग्नुपर्ने उल्लेख गर्नुभयो ।रासस

# पूर्वाञ्चल विश्वविद्यालय र विभिन्न १३ कम्पनीबीच सम्झौता

काठमाण्डु। विश्वविद्यालयबाट उत्पादित मानव स्रोत व्यवस्थापन र अनुसन्धानका क्षेत्रमा सहकार्य गर्ने उद्देश्यले पूर्वाञ्चल विश्वविद्यालयले विभिन्न १३ कम्पनीसँग समझदारी गरेको छ। विश्वविद्यालयको विज्ञान तथा प्रविधि सङ्कायका विभिन्न विषयमा अध्ययन गर्ने विद्यार्थीका लागि रोजगारी, इन्टर्नसिप, अनुसन्धान, तालिम, अन्तर्क्रिया, सङ्कायगत आदानप्रदानलगायतका क्षेत्रमा काम गर्नेगरी विश्वविद्यालय र ती कम्पनीका प्रतिनिधिबीच हस्ताक्षर भएको हो । विश्वविद्यालयले लिपफ्रग टेक्नोलोजी, इन्फो डेभलपर प्रालि, ओम फर्मास्युटिकल्स एण्ड ल्याब्रोटोरिज, द फ्युज मेसिन नेपाल प्रालि, एफवान सफ्ट, द सेन्टर फर मलेक्युलर डाइनामिक्स, काठमाडौँ सेन्टर फर जियोनोमिक्स, एनएमबी बैंक, नेपाल एग्रो बायोटेक एण्ड रिसर्च सेन्टर, एफवान सफ्ट, नर्भिक हस्पिटल प्रालि, नेपाल एग्रो सेन्टर प्रालि र नेपाल एग्रो इक्वइप्मेन्ट प्रालि, मिडिया एण्ड इन्टरटेन्मेन्ट स्किल काउन्सिल र ए प्लस एशोसियट मुम्बईलगायतका संस्थासँग समझदारीपत्रमा हस्ताक्षर गरेको हो । एनएमबी बैंकसँगको समझदारीअनुसार बैंकले पूर्वाञ्चल विश्वविद्यालयका विद्यार्थीलाई रु पाँच लाखसम्म आधारदरमा दुई प्रतिशत नबढ्ने गरी अध्ययन कर्जा उपलब्ध गराउने भएको विश्वविद्यालयले विज्ञप्तिमार्फत जनाएको छ । यसैगरी अन्य कम्पनीसँगको सम्झौताअनुसार विश्वविद्यालयका विद्यार्थीलाई अनुसन्धान तथा प्राज्ञिक अभ्यास र तालिम आदिमा सहयोग प्राप्त हुनेछ। सो सम्झौतापत्रमा विश्वविद्यालयकातर्फबाट विज्ञान तथा प्रविधि सङ्कायका डिन प्रा डा पवनकुमार झा र सहायक डिन मनोजकुमार हलवाइले हस्ताक्षर गर्नुभएको



थियो। उक्त सम्झौतापछि पूर्वाञ्चल विश्वविद्यालयका उपकुलति प्रा डा विजुकुमार थपलियाले सम्झौताले विश्वविद्यालय तथा सम्बद्ध कम्पनी दुवै पक्षको हित हुने विश्वास व्यक्त गर्नुभयो। यस सम्झौताबाट विश्वविद्यालयको प्राज्ञिक एवं अनुसन्धानका क्षेत्रमा सहायता पुग्ने भन्दै यसबाट आफूलाई खुसी लागेको उहाँले बताउनुभयो ।रासस

आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!

शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित

यही मिति २०८१/०२/१९ गते शनिवारका दिन
२×२ लक्जरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।

विशेष यात्रा

थालेवाली माई, नैमिसारण, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्धयाचल माई, अष्ठभुजी दुर्गा माता, प्रयागराज संगम स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, विन्दावन, गोकुल, मथुरा, गोबरधन, वरसाना, नन्दगाउँ, श्री शनि देव मन्दिर अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा गर्दै जनकपुरधाम सम्मको ९ दिनको यात्राको लागि प्रति व्यक्ति रु. ७,५००।- भारु (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।



सम्पर्क
प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ८२७१०८६९९३ (भारत)


## Boundary wall निर्माण सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०२/१८ गते)

१. गुठी संस्थान अन्तर्गतको देहाय बमोजिमको निर्माण कार्य गर्नको लागि इच्छुक निर्माण व्यवसायीहरुवाट फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्र, स्वघोषणाको निबेदन सहित तपशिलमा तोकिएको बमोजिमको दस्तुर बुझाइ दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न र शिलबन्दी दरभाउपत्र बुझाउन यो सूचना प्रकाशित गरिएको छ।
२. दरभाउपत्रमा आइटम वाइज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सहि र छाप भएको हुनुपर्नेछ।
३. दरभाउपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मितिवाट ४५ दिनको हुनेछ। दरभाउपत्रदाताले दरभाउपत्रसाथ तपशिलको रकममा नघटाई नगद वा क वर्गको मान्यता प्राप्त बैंकबाट दरभाउपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढि अवधिको यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) पेश गर्नु पर्नेछ। नगद जमानतको लागि NIC Asia बैंक जनकपुर शाखाको नाममा रहेको गुठी संस्थान जनकपुर धरौटी खाता नं. ३१४१४८३०४९५२४००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
४. दर्ता हुन आएका दरभाउपत्रहरु तपशिल बमोजिमको मिति, समय र स्थानमा उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ।
५. आवश्यक कागजातहरु नभएको, रित नपुनेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको दरभाउपत्र उपर कारवाही हुनेछैन।
६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन क्रमशः सोही दिन र समय कायम हुनेछ।
७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गठी संस्थानमा सुरक्षित रहनेछ।
८. यो सूनमा उल्लेख गरिएको बाहेक अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।
९. विस्तृत विवरण संस्थानको सूचनापाटी र वेवसाइट www.guthisansthan.org.np मा पनि हेर्न सकिलेछ।

**तपशिल**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान रकम रु. (भ्याट र समेत) | दरभाउपत्र उपलब्ध हुने स्थान | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति समय र स्थान | दरभाउपत्र दस्तुर रु. (फिर्ता नहुने) | जमानत रकम रु. | दरभाउपत्र दाखिला गर्न अन्तिम मिति समय र स्थान | दरभाउपत्र खोलिने अन्तिम मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|---|
| GS/JKN/01/080/081 | Construction of Boundary wall work of Ram Janaki Dulhadulhan Temple Janakpur Sub-metropolitan.Belakuti, Dhanusha | रु. १३९१०००।- (तेह्र खाल एकानब्बे हजार मात्र) | गुठी संस्थान शाखा कार्यालय जनकपुर। | २०८१/०२/३२ गते कार्यालय समयभित्र, गुठी संस्थान शाखा कार्यलय जनकपुर। | १०००।- (एक हजार मात्र) | ३९०००।- (उनानचालिस हजार मात्र) | २०८१/०३/०१ गते दिनको १२:०० बजे गुठी संस्थान शाखा कार्यालय जनकपुर। | २०८१/०३/०१ गते दिनको २:०० बजे गुठी संस्थान शाखा कार्यालय जनकपुर। |



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कानुनभन्दा माथि सहमति

एउटा उखान छ, नेपालको कानुन ठूला बडाले जानुन् । नेपालमा कानुनभन्दा माथि नेताहरुबीच हुने सहमति रहेको छ । कानुनी प्रकृया निम्न र मध्यमवर्गीयका लागि मात्र हुन् । निम्न र मध्यमवर्गको पहुँच सत्तामा नहुने भएकाले उनीहरुका लागि सबै कानुन लागु हुन्छ। दोषको आधारमा भन्दा पनि पहुँचको आधारमा कानुनको प्रयोग हुने गरेको देशमा आमनागरिकले न्याय पाउन सक्दैनन् । देशका लाखौं मानिस सहकारी मार्फत लुटिएका छन् । उनीहरुको पहुँच नभएकै कारण ठगहरु सत्ताको आडमा सुरक्षित छन् । ठगिएका लाखौं मानिस सडकमा ओर्लेका छन् । उनीहरुले जम्मा गरेकै साँवा(निक्षेप)मात्र पनि फिर्ता पाइरहेका छैनन् । सहकारीकै कारण कतिपय परिवारको उठिवास नै भइसकेको छ। छाक काटेर जम्मा गरेको निक्षेप नपाउँदा केहीको ज्यान नै गएको छ । उनीहरुलाई लुटनेहरु सत्तामा छन् । सत्तारुढ दल र विपक्षी दलहरुबीच भएको एउटा सहमतिले अर्बौं रुपैयाँ निक्षेप डुबाउनेहरुलाई सहज वातावरण बनाइदिने भएको छ । संसद र सडकमा उत्रेको नेपाली कांग्रेस, दमन गरेरै अगाडि बढ्ने एमाले र माओवादीबीच भएको सहमतिले सहकारीको रकम अपचलन गर्नेहरुका लागि ठूलो राहत दिएको छ । छानबिनको क्रम जारी रहँदा उनीहरु माथि कुनै कारबाही अगाडि बढ्ने छैन । छानबिन समितिलाई कारबाही गर्ने अधिकार नरहेकोले उनीहरु उन्मुक्ति पाउने छन् । सहकारी ठगीको मुद्दालाई निरन्तर उठाउने कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष नै नौ दिनसम्म थुनामा बस्नु पर्यो । सय वर्षदेखि नेपालमा बसोबास गर्दै आएका कैलाश सिरोहियाको नागरिकता माथि प्रश्न उठाएर राज्यले उनलाई थुने । देशको सबै भन्दा अग्रणी मिडिया हाउसका सञ्चालकलाई थुनेर मानमर्दन गरियो। तर उनको रिहाइ पनि अदालतबाट नभइ सहमतिबाट नै भयो। महान्यायाधिवक्ता र गृहमन्त्री रवि लामिछाने माथि सर्वोच्च अदालतमा दर्ता भएको मुद्दाको निवेदकले नै तयारी नभएको भन्दै पेशी हटाए। संसदीय छानबिन समिति बन्यो। संसद सहज रुपमा अगाडि बढ्यो। यो सबै कार्यहरु सहमतिबाट नै भयो। सिरोहियालाई थुन्नु पर्ने कारण थिएन भने यथार्थ सरकारी वकिल र प्रहरीले नवौ दिन मात्र थाहा पाए। अदालतमा रहेका मुद्दा, प्रशासनिक र संवैधानिक निकायमा रहेका मुद्दाहरुको किनारा लगाउन शीर्ष स्तरमा राजनीतिक सहमति हुने गरेको छ । देश विधिको शासनले नभइ नेताहरुको आवश्यकता र सहमति अनुसार चलिरहुञ्जेल निम्न र मध्यमवर्गीय नागरिकको भलो हुन सक्दैन। कानुनभन्दा धेरै माथि सहमति हुने गरेको छ।

# धितोपत्र माग सिर्जनाका विकल्प


अचुतकुमार ओझा

नेपालको धितोपत्र बजार सात प्रदेश, ७७ जिल्ला र सात सय ५३ स्थानीय तहका नागरिकको पहुँचमा पुगेको अवस्था छ । प्रविधिको प्रयोग, नियमकका प्रयास र राज्यको नीति तथा कार्ययोजनाले गर्दा ६२ लाखभन्दा बढी लगानीकर्ता डिम्याट खाता खोलेर धितोपत्र बजारमा कारोबार गरिरहेका छन् । यति धेरै सर्वसाधारणको प्रत्यक्ष सहभागिता रहेको वित्तीय क्षेत्रको थप विकास र विस्तारका लागि स्थायित्वसहित सन्तुलित ढङ्गबाट अगाडि बढाउनु सबैको जिम्मेवारी हो। यसका लागि आपूर्तिसँगै माग पक्षलाई पनि बलियो बनाउनु आवश्यक छ।

धितोपत्र (सेयर, बोन्ड, डिबेन्चर, संस्थापक सेयर, अग्राधिकार सेयर, म्युचुअल फन्ड आदि) का प्राथमिक सार्वजानिक निष्काशन (आइपिओ), हकप्रद र बोनसमार्फत पुँजी जुटाएर उद्योग र परियोजना सञ्चालन गर्नेको सङ्ख्या दैनिक वृद्धि भइरहेको छ । यसै आर्थिक वर्ष २०८०/८१ जेठ ६ गतेका दिन सिडिएससी एन्ड क्लिरिङ्ग लिमिटेड (सिडिएससी) का साइटमा राखिएको तथ्याङ्कानुसार दर्ता भएको कुल धितोपत्रका सङ्ख्या १३ अर्ब २६ करोड १९ लाख ३० हजार नौ सय ९१ मध्ये अभौतिकीकरण गरिएको सङ्ख्या १२ अर्ब ३७ करोड ८३ लाख ४५ हजार तिन सय ७१ पुगेको छ भने अभौतिकीकरण गर्न बाँकीमा ८८ करोड ३५ लाख ८५ हजार ६ सय २० देखिन्छ।

नेपाल स्टक एक्स्चेन्ज (नेप्से) मा पछिलो तिन आवका प्रतिवेदनमा प्रकाशित विवरणानुसार आव २०७७/७८ मा १९० कम्पनीले एक अर्ब ६५ करोड २५ लाख ४४ हजार ६ सय ९६, आव २०७८/७९ मा २०४ कम्पनीले एक अर्ब ४९ करोड ३८ लाख ६१ हजार तिन सय तिन र आव २०७९/८० मा २१६ कम्पनीले एक अर्ब ९६ करोड ८७ लाख ५३ हजार तीन सय ७८ कित्ता धितोपत्र जारी गरेको देखिन्छ। उक्त अवधिमा मात्रै कुल ६१० कम्पनीले पाँच अर्ब ११ करोड ५१ लख ५९ हजार तीन सय ७८ कित्ता बजारमा निष्काशन गरेका छन् । नेपाल धितोपत्र बोर्ड (सेबोन) का निवर्तमान अध्यक्ष रमेश हमालको २०८० पुस २० गते कार्यकाल सकिएपछि नयाँ पूर्णकालीन अध्यक्ष नियुक्ति हुन नसक्दा त्यसपछि कुनै पनि धितोपत्र स्वीकृत हुन सकेको छैन।

हाल सेबोनमा नयाँ ३५ र नेप्सेमा सूचीकृत १३ कम्पनी क्रमशः आइपिओबापत रू २७ अर्ब ६९ करोड ५० लाख ३७ हजार दुई सय ३३ र हकप्रदबापत रू ११ अर्ब ३६ करोड ४५ लाख २८ हजार दुई सय बराबरको धितोपत्र निष्काशनका लागि आवेदन दिई स्वीकृतिका पर्खाइमा रहेका छन्। यसले पुँजी बजारमा आपूर्तिको बहार नै आउने देखिन्छ । यसरी हुने आपूर्ति र मागबीच तालमेल मिलाउन सकेमा देशको अर्थतन्त्र गतिशील र सबल बनाउन मद्दत पुग्ने छ। तसर्थ धितोपत्र बजारमा माग पक्षलाई सुधार गर्न निम्न उपाय कार्यान्वयनमा आउनु आवश्यक छः

### बाई ब्याक

बेलायतको बहुराष्ट्रिय बैंक स्टान्डर्ड चार्टर्ड पिएलसीले गत फेब्रुअरीको मध्यतिर एक अर्ब डलरको सेयर 'बाई ब्याक' (आफ्नो कम्पनीको सेयर आफैँले खरिद) गर्ने घोषणा गरेसँगै उक्त कम्पनीको सेयर प्रतिकित्ता यो आलेख तयार गर्दासम्म १४ प्रतिशत बढिसकेको छ। वारेन्ट बफेट नेतृत्वमा रहेको बर्कसायर हाथवेले निरन्तर आफ्नो कम्पनीको सेयर 'बाई ब्याक' गर्ने र बजार लिडरका रूपमा स्थापित भइरहने रणनीति लिएका हुन्छन्। तर नेपालमा 'बाई ब्याक' को सुविधा नहुनाले अन्यत्र अवसर नहुँदा र पर्याप्त तरलता हुँदासमेत बुक भ्यालुभन्दा मुनि रहेको सेयर खरिद गरेर मूल्यलाई स्थिर राख्न सकिने अवस्थाबाट बिमुख हुनुपरेको छ । यदि नेपालमा सेयर 'बाई ब्याक' गर्ने कानुनी र नीतिगत व्यवस्था भइदिएको भए अहिले चलिरहेको बियरिस (घट्दो) बजारमा सम्बन्धित कम्पनीले आफ्नो सेयर उठाउँदा माग सिर्जना हुने अवस्था हुन्थ्यो।

सर्वसाधारण नागरिकमा समेत सेयर बजार र कम्पनीप्रति विश्वास बढ्न गई बजारमा माग पक्ष सकारात्मक बन्ने र बजारले लय समात्ने अवस्था आउन सक्ने थियो।

### एनआरएनलाई प्रवेश

यही जेठ १ गते आगामी आव २०८१/८२ का लागि सरकारले नीति तथा कार्यक्रम ल्याउँदा बुँदा नम्बर २० मा 'पुँजी बजार सुधारका लागि विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझावहरू क्रमशः कार्यान्वयन गरिने छ' भनेर राखेको छ । नेपाल राष्ट्र बैंक (नेराबैं) ले नेपाल सरकारलाई दिएको सुझावमा 'एनआरएनलाई पुँजी बजारमा लगानी गर्न तथा लगानी गरेको रकम र मुनाफा सजिलै लैजान सक्ने गरी व्यवस्था मिलाउन पर्ने' सुझाव दिएको अवस्था छ।

सेबोनले सञ्चालक सदस्यका नेतृत्वमा तिन महिनाको समय सीमाभित्र अध्ययन गरी नियमावली र कार्यविधिको मस्यौदा बोर्डमा पेस गर्ने गरी समिति बनाएको करिब एक वर्षभन्दा लामो समय भइसकेको पनि ठोस नतिजा पाउन सकेको अवस्था छैन। यसैले धितोपत्र बजारमा गैरआवासीय नेपाली भित्र्याउने प्रक्रियालाई छिटो टुङ्ग्याएर तरलता बढाउने, माग सिर्जना गर्ने, बजारको आकार र फैलावट सुधार गर्ने, जोखिम न्यूनीकरण र मूल्य स्थिरता कायम गर्नेलगायत काम गर्न आवश्यक छ जसले सन्तुलित बजार निर्माणमा टेवा पुग्ने देखिन्छ।

### बिक्री अवधिको सीमा खुला

नेराबैंले २०७८ जेठ ११ गते एक परिपत्र जारी गर्दै ''क' 'ख' र 'ग' स्तरका बैंक तथा वित्तीय संस्थाले उक्त दिनपछि धितोपत्र खरिद गरेमा कम्तीमा एक वर्ष आफैँले राख्नुपर्ने र उक्त अवधिपछि पनि प्राथमिक पुँजीको एक प्रतिशत मात्रै बिक्री गर्न पाउने' व्यवस्था गरेको थियो । यसले ती संस्थालाई लगानी गर्न निरूत्साहन गरेको छ। बैंक तथा वित्तीय संस्थाहरूले पनि व्यापार गर्न पाउने हो भने हाल तरलता उच्च तथा कर्जा परिचालन हुन नसकिरहेका अवस्थामा दैनिक कारोबार बढ्ने, लगानी भित्रने र माग सिर्जना भई बजार विकासमा सहयोग पुग्ने भएकाले धितोपत्र खरिदपछि बिक्री 'जुनसुकै समयमा गर्न सक्ने' गरी परिमार्जन गर्नु आवश्यक छ । यसैलाई आंशिक सम्बोधन गर्न नेराबैंले २०८१ जेठ ४ गते मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत ४० नम्बर बुँदामा प्राथमिक पुँजीको २० प्रतिशतसम्म एक वर्षपछि बिक्री गर्न सक्ने गरी बाटो खोलिदिएको छ। यसलाई सुखद सुरूआत नै मान्नुपर्छ।

### सेयर कर्जा र जोखिम

नेराबैंको कठोर मौद्रिक नीति हाल तरलता प्रशस्त रहेको, ब्याज घटेर एकल अङ्कमा आएको र पुँजी बजार न्यून विन्दुमा रहेका समयमा व्यक्तिगत रू १५ करोड र संस्थागततर्फ रू २० करोड कर्जाको सीमा जायज हुन सक्दैन जसलाई खुला गरिनुपर्छ। यस्तै धितोपत्रको मूल्य बुक भ्यालुभन्दा तलतिर आइसकेका अवस्थामा कर्जाको जोखिमभार रू ५० लाखसम्म १०० अङ्क र त्यसभन्दा माथि १२५ अङ्क तोकिएको छ । यसलाई संशोधन गरेर सबैमा १०० अङ्क राखिनुपर्छ। यसले कर्जा लिने क्षमता बढ्दा बजारमा लगानी रकम थपिने तथा बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरणमा समेत सकारात्मक प्रभाव पर्ने भएकाले तत्काल यसमा परिमार्जन गरिनुपर्छ।

### जनचेतना अभिवृद्धि

सिडिएससीले आफ्नो साइटमा राखेको हालको डिम्याट तथ्याङ्कलाई हेर्दा कुल जनसङ्ख्यामा करिब २० प्रतिशत नागरिक धितोपत्र बजारमा सहभागी रहेको देखिन्छ । बाँकी जनमानसलाई धितोपत्र बजारमा जोड्न आवश्यक जनचेतनामूलक कार्यक्रम नियमक र राज्य संयन्त्रको नेतृत्वमा अन्य सरोकार निकायसँगको समन्वयमा प्रभावकारी ढङ्गबाट हुनु आवश्यक छ।

यसका लागि डिजिटल प्रविधिको प्रयोग गरी सर्वसाधारणलाई बुझाउनु र सुनाउनुपर्ने देखिन्छ । उदाहरणका लागि, कम्पनीले हकप्रद निष्काशन गर्दा सम्बन्धित सेयर धनीलाई एसएमएस अनिवार्य गर्नुपर्छ। साथै, बजारमा नजोडिएका नयाँ व्यक्तिलाई बजारमा भित्र्याउन यसका फाइदा, सहभागी हुन पूरा गर्नुपर्ने प्रक्रिया, जोखिम र कारोबार गर्दा ध्यान दिनुपर्ने विषयलगायत अन्य पक्षका बारेमा सचेत गराउँदै बजारप्रति आकर्षित र उत्प्रेरित गर्न सक्ने हो भने माग पक्ष थप सशक्त हुन सक्ने देखिन्छ। उनीहरूलाई प्राथमिक बजारमा मात्र नभई दोस्रो बजारमा समेत सक्रिय सहभागिताका लागि प्रोत्साहन गर्न सक्ने हो भने दिगो बजार बिकासका लागि टेवा पुग्ने देखिन्छ।

### नीतिगत स्पष्टता र स्थायित्व

धितोपत्र बजार विकासका लागि राज्य मातहत रहेका नियमक निकायबिच समन्वय र नीति निर्माणमा स्पष्टता हुनु आवश्यक छ । केही समय अगाडि नेराबैंले गाभ्ने/गाभिने तथा प्राप्तिमा जाने बैंक तथा वित्तीय संस्थाहरूलाई कर छुट दिने भनेर घोषणा गरेको थियो तर पछि राज्यले कर तिर्न लगायो । यस्तै पुँजीगत लाभकर नै अन्तिम कर हुने हो होइन अन्यौलता यथावत रहेका कारण उक्त विवाद पूर्ण रूपमा समधान हुन सकेको छैन। मार्जिन कर्जा कहिले प्राथमिक पुँजीको ४० प्रतिशत, कहिले २५ प्रतिशत, कहिले १८० दिनको अन्तिम बजार मूल्यको औसत मूल्यको ५० प्रतिशत त कहिले ७० प्रतिशतसम्म दिन सकिने गरेर गरिने फेरबदलले बजारलाई प्रभाव पार्ने हुँदा बजारलाई माग र आपूर्तिले भन्दा नीतिगत अस्थिरताले धेरै असर गरेका कारण नागरिकमा असन्तुष्टि बढाउने र लगानी गर्न डराउने अवस्था देखिने गरेको छ।

यसरी नेतृत्वसँगै बदलिरहने र आफ्नो अनकूल अर्थ लगाउने किसिमका नीति नभई स्पष्ट र स्थिर प्रकृतिको बनाउन सक्ने हो भने लगानीकर्तामा थप सकारात्मक प्रभाव परी बजारप्रतिको भावना उच्च बन्न गएर माग पक्ष थप बलियो हुने देखिन्छ।

करिब २३ महिनादेखि बियरिस चरणमा घुमिरहेको बजारमा कमजोर मनोविज्ञान लिएर टिकिरहेका लगानीकर्तामा आत्मविश्वास जगाउँदै नव प्रवेशी लगानिकर्ताहरुमा आकर्षण गरेर धितोपत्र आपूर्तिलाई थेग्न जरूरी छ। यसका लागि सेबोनले तत्काल पूर्णकालीन नेतृत्व पाउनुपर्छ । नेराबैंले लिएको नीतिलाई खुकुलो बनाउने, थप विशिष्टीकृत लगानी कोष र धितोपत्र दलाल व्यवसायीको सङ्ख्या बढाउन पहल गर्ने, सेबोन, नेप्से र सिडिएससीले दिएका सुझाब बजेटमा समेट्ने, कारोबारमा लाग्ने लागत घटाउने, नीतिनिर्माताले माग सिर्जना गर्न कस्ता नीतिगत व्यवस्था र विकल्प हुन सक्छन्, पहिचान गरेर आवश्यकतानुसार कानुनी परिमार्जन, कार्ययोजना, सुधारका लागि हुन सक्ने वैकल्पिक आधारहरू पहिल्याएर त्यसैअनुरूपका रणनीति र कार्यक्रम बनाई अगाडि जान सक्ने हो भने धितोपत्र बजारमा देखिएका आपूर्ति आतङ्कलाई अवसरका रूपमा बदल्न र सुधार गर्न सकिन्छ।(लेखक धितोपत्र बजारका जानकार हुनुहुन्छ)रासस

# सावाँब्याज भुक्तानीभन्दा विकास खर्च १ रुपैयाँ भए पनि बढी हुनुपर्थ्यो

**डा.रेशम थापा**

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य सुन्दै गर्दा उल्लेख गरिएका उद्देश्य र आधारहरू वस्तुगत नै लाग्यो। परम्परागत र लम्बेतान भन्दा छोटोमिठो थियो।

बजेट भनेको वित्त नीति हो, यसको प्रमुख उद्देश्य वृद्धि, समता र स्थिरता हो । आर्थिक वृद्धिको नयाँ लक्ष्य, करका दरहरुमा हेरफेर, रकम वितरणको खाका र आन्तरिक एवं बाह्य क्षेत्रको स्थायित्व नै बजेटको खाका हो। आगामी आर्थिक वर्षका लागि राखिएको आर्थिक वृद्धिको लक्ष्य र मूल्यवृद्धिको लक्ष्य वस्तुगत नै छ। तर करको संरचाना पहिचानमा अन्यौल नै देखिन्छ। वितरणका कार्यक्रम र कर प्रशासनमा सुधारको लक्ष्य पनि वस्तुवादी नै छ। मुद्रास्फिति ५.५ प्रतिशतमा सीमित राख्ने र आर्थिक वृद्धि ६ प्रतिशतको हाराहारीमा गर्छौं भन्नु वास्तविकतामा आधारित नै देखिन्छ। कार्यान्वयन गर्न सक्दा बजेटले तोकेको वृद्धिदर हासिल गर्न सकिन्छ।

यो बजेट प्राथमिकता तय गर्ने कुरामा अलमलिएकै देखिन्छ । शिक्षामा अलि बढी जोड दिन सक्नुपर्थ्यो । 'साथीसँग सिक्ने, साथीलाई सिकाउने' जस्ता कार्यक्रम त आए । तर शिक्षकको सवाल भुलियो ।बजेटको आकार अझै पनि केही महत्वाकांक्षी नै भयो। राष्ट्रिय योजना आयोगले दिएको १८ खर्बको सीमाभित्रै रहेको भए हुन्थ्यो। कम्तीमा संघीयता मान्ने गणतन्त्रवादीहरूले नेतृत्व गरेको सरकारले वित्तीय समानीकरण अनुदानमा प्रदेशलाई ६० अर्ब र स्थानीय सरकारलाई ८८ अर्ब मात्र विनियोजन गरेको छ। हुन त त्यो क्रमशः १ अर्ब ३३ करोड र ६५ करोडले थप हो । यो अझै बढाउनुपर्थ्यो। गणतन्त्र संस्थागत गर्ने हो भने स्थानीय सरकारहरू सक्षम हुनैपर्छ।

वास्तविकता हेर्दा हामी यो वर्षदेखि यति डरलाग्दो अवस्थामा पुग्यौं कि हामीले गर्ने नियमित खर्च ६१/६२ प्रतिशत छ। अब फरक तरिकाले नसोच्ने र डिल्लीराज खनाल नेतृत्वको सार्वजनिक खर्च पुनरावलोकन आयोगले दिएको प्रतिवेदनलाई इमान्दार ढंगले लागु नगर्ने हो भने हामी डरलाग्दो अवस्थामा पुग्छौं।

पूँजीगत खर्चभन्दा वित्तीय व्यवस्थाको भार अर्थात् ऋणको सावाँ ब्याज तिर्ने पैसा बढी राखिएको छ । वित्तीय व्यवस्थामा ३ खर्ब ६६ अर्ब विनियोजन भएको छ भने पूँजीगत खर्च ३ खर्ब ५२ अर्ब मात्रै छ। यसरी विकास खर्चभन्दा ऋणको सावाँ-ब्याज तिर्नुपर्ने खर्च ठूलो हुने अवस्थामा हामी पुगेका छौं। यसले दीर्घकालीन मनोवैज्ञानिक भय पैदा गर्छ। यो पक्षलाई बजेटले ध्यान दिन सकेन ।ऋणको सावाँब्याज भुक्तानी शीर्षकमा छुट्याएको रकम कुल बजेटको २० प्रतिशत जति हुन आउँछ। त्यसको साटो पूँजीगत खर्च तानतुन पारेर भए पनि २० प्रतिशत जति राख्न पाएको भएदेखि समग्र आर्थिक मनोवैज्ञानिक तरिकाले ठीक दिशामा सोझिन सक्थ्यो।

त्यस्तै, प्रशासनिक संयन्त्र सुधार्न सक्दा राजस्व १२ खर्ब ६० अर्ब उठाउन त्यति मुस्किल हुन्न। यहाँनेर अझ महत्वाकांक्षी हुन सक्नुपर्थ्यो।

निजी क्षेत्रमैत्री हुनुपर्छ भन्ने आधारमा कहीं हामी करमा आक्रामक हुन डरायौं कि भन्ने देखिन्छ ।राजस्वको लक्ष्य कम राख्दा बजेटको स्रोतमा ऋणको हिस्सा बढ्न गयो । कुल ऋणमध्ये वैदेशिक ऋणबाट २१७ अर्ब र आन्तरिक ऋण ३३१ अर्ब हाराहारी छ। यसमा आन्तरिक ऋणको आकार निकै ठूलो भयो । पहिला पहिला आन्तरिक ऋणभन्दा वैदेशिक ऋण धेरै हुन्थ्यो। दुई/चार वर्षयता लगभग बराबर अंकमा लिने गर्‍यौं । यसपटक एक रुपैयाँ भने पनि आन्तरिक ऋण वैदेशिक ऋणभन्दा कम हुनुपर्थ्यो।

आन्तरिक ऋण बढी लिंदा निजी क्षेत्रलाई जाने कर्जा खुम्चन्छ । अहिले निजी क्षेत्र पनि त्यति राम्रो अवस्थामा छैन । आन्तरिक ऋणको लक्ष्य यति धेरै राख्दा फेरि पनि निजी क्षेत्र खुम्चिने हो कि भन्ने जोखिम छ । पूँजीगत खर्च भन्दा वित्तीय व्यवस्था बढी हुनु र वैदेशिक ऋणभन्दा आन्तरिक ऋण बढी हुनु यो बजेटको नकारात्मक पक्ष हो ।यसले मनोवैज्ञानिक रूपमा निजी क्षेत्र खुम्चिन्छ भन्ने अर्थ लाग्छ। यसलाई कहीं न कहीं बजेटको विचलन मान्न सकिन्छ । रोजगारी सिर्जनामा जोड, विद्यार्थी ईन्टर्नमा काम दिने व्यवस्था र नवप्रवर्तनका केही कुराहरू सकारात्मक रूपमा आयो। मूलतः यो बजेट पोहोर परारको भन्दा कम वितरणमुखी छ।

सानातिना योजना कम प्राथमिकतामा परेजस्तो देखिन्छ। समग्रमा यसअघिको भन्दा यसपालिको बजेट सुध्रिएको जस्तो देखिन्छ ।यो बजेट प्राथमिकता तय गर्ने कुरामा अलमलिएकै देखिन्छ। शिक्षामा अलि बढी जोड दिन सक्नुपर्थ्यो। 'साथीसँग सिक्ने, साथीलाई सिकाउने' जस्ता कार्यक्रम त आए। तर शिक्षकको सवाल भुलियो। नेपालका सामुदायिक विद्यालयमा लगभग १ लाख २५ हजार शिक्षक छन्।

तिनीहरूलाई विश्वास नगरीकन हाम्रो विद्यालय शिक्षा सुध्रिंदैन। शिक्षकलाई निपूर्ण बनाएर शिक्षा सुधार्ने कुरा प्रमुख हो, अरु कुरा सहायक हुन् भन्ने कुरा छुटेको अनुभूति भयो।

अर्थमन्त्रीले बजेट प्रस्तुत गर्दा सुरुमा बजेटको उद्देश्य, सुधारका उपायहरू पाँच/पाँच बुँदामा प्रष्ट तरिकाले उल्लेख गर्नुभयो, त्यसले थोरै भए पनि एउटा दिशा दिन्छ। उत्पादनतिर जाने, निजी क्षेत्रमैत्री बनाउने, लगानीमैत्री बनाउने, स्रोतसाधनको प्रयोगमा मितव्ययिता अपनाउने र सार्वजनिक निकायहरूलाई सुधार्ने भन्ने पाँचवटा बुँदा सुरुमा उल्लेख गरियो, त्यो नयाँ त होइन तर अलि वस्तुनिष्ट र मूर्त भएर आयो। यो पक्ष मलाई मन पर्‍यो ।यसरी बजेटको उद्देश्य स्पष्ट बनाउन सक्नु सकारात्मक छ । सरसर्ती बजेट भाषण सुन्दा झिना मसिना योजनामा कनिका छरेजसरी बजेट विनियोजन गर्ने अभ्यास कम भएको महसुस भयो। चालु अवस्थामा रहेका योजनाहरूमा ठूलो मात्रामा रकम छुट्याइएको छ। यद्यपि यसको विस्तृत पक्ष हेर्न बाँकी नै छ।

तर शिक्षा र स्वास्थ्यमा अलि स्पष्ट र ठोस काम गर्न सक्नुपर्थ्यो। तोकेर नै अलि ठूलो अंक आउनुपर्थ्यो । कतिपय योजनाहरू नारामा मात्रै सीमित हुने खालका छन् । कार्यान्वयनलाई ध्यान दिनुपर्नेमा अझै पनि केही योजनाहरू कार्यान्वयन हुन नसक्ने प्रकृतिका देखिन्छन् ।जस्तै, पोखरा, बुटवल, नारायणगढ त्रिभुज भनेर २ अर्ब ५० करोड विनियोजन गरिएको छ तर त्यसलाई ठ्याक्कै कहाँ र कसरी खर्च गर्ने भन्ने स्पष्ट हुन्न। छुट्टै कार्यक्रम र कार्यविधि बनाउनुपर्छ। यी पक्षहरू स्पष्ट नहुँदा यो योजना लागु हुन्छ र छुट्याइएको रकम खर्च गर्न सकिन्छ भन्ने विश्वास कमजोर बन्छ। यद्यपि बजेटमै सबै कानुनी पक्षहरू उल्लेख गर्ने कुरा हुँदैन।

जग्गासँग सम्बन्धित केही विवादित विषयहरूमा बजेट थप स्पष्ट रूपमा बोल्नुपर्थ्यो । त्यसो भएन । बजेटमा जलविद्युतप्रतिको अतिशयोक्तिपूर्ण आशक्ति देखियो । अझ जलाशयपूर्ण जलविद्युत परियोजनाप्रति थप आशक्ति देखिन्छ। भइरहेका आयोजना पूरा गर्ने भन्दा महत्वाकांक्षी र ठूला ठूला आयोजनाहरूप्रतिको आशक्ति देखाउनु हुँदैनथ्यो।

हामीले सपना देखिसक्यौं भनेर अधकल्चो रहेको सपनालाई पूरा गर्नेतिर लाग्नुपर्ने हो। यो बजेटमा पनि १०-२० हजार मेगावाटका ठूला आयोजना बारे अलि वस्तुगत रूपमा प्रस्तुत हुन सक्नुपर्थ्यो ।बजेटलाई आत्मसाथ गरेर मौद्रिक नीति कस्तो आउँछ हेर्न बाँकी छ। समग्रमा बजेट यसअघिको भन्दा अलि वस्तुनिष्ट छ। सपिङ लिस्ट कम छन्। तोकेर भनिएको छ र रकम विनियोजन गर्दा केही न केही भौतिकबाट सामाजिक पक्षतिर जान खोजेजस्तो देखिन्छ ।अबका केही वर्ष करको दर र आधार फेरेर भन्दा कर प्रशासनलाई चुस्त बनाएर नै कर उठाउन सकिने हो भन्ने तरिकाले बजेट निर्देशित देखिन्छ। समग्रमा यो बजेट वृद्धि, करका कुरा र मुद्रास्फितिको दृष्टिले हेर्दा सही नै दिशामा सोझिन खोजेको छ।

हाम्रो अर्थतन्त्रको सबैभन्दा ठूलो कमजोरी नै पूँजीगत खर्च गर्न नसक्नु हो। विनियोजन गरिएको ३ अर्ब ५० अर्बमध्ये लगभग २ खर्ब जति पूँजीगत खर्च हुने तर बाँकी १ खर्ब ५० खर्ब हुन नसक्ने देखिन्छ। अब ऋण चाहिं उठ्ने अनि पूँजीगत खर्च नहुने हो भने त अर्को वर्ष झन् धेरै सावाँ ब्याज तिर्नुपर्ने हुन्छ। त्यसैले कुनै पनि हालतमा पूँजीगत खर्च नगर्ने हो भने अर्थतन्त्र झन झन दुईधारे तरबारमा हिंड्न बाध्य हुने देखिन्छ। अनलाइन खवर

> यो बजेट प्राथमिकता तय गर्ने कुरामा अलमलिएकै देखिन्छ । शिक्षामा अलि बढी जोड दिन सक्नुपर्थ्यो । "साथीसंग सिक्ने, साथीलाई सिकाउने" जस्ता कार्यक्रम त आए । तर शिक्षकको सवाल भुलियो ।बजेटको आकार अझै पनि केही महत्वाकांक्षी नै भयो। राष्ट्रिय योजना आयोगले दिएको १८ खर्बको सीमाभित्रै रहेको भए हुन्थ्यो । कम्तीमा संघीयता मान्ने गणतन्त्रवादीहरुले नेतृत्व गरेको सरकारले वितीय समानीकरण अनुदानमा प्रदेशलाई ६० अर्ब र स्थानीय सरकारलाई ८८ अर्ब मात्र विनियोजन गरेको छ। हुन त त्यो क्रमशः १ अर्ब ३३ करोड र ६५ करोडले थप हो । यो अझै बढाउनुपर्थ्यो । गणतन्त्र संस्थागत गर्ने हो भने स्थानीय सरकारहरु सक्षम हुनैपर्छ।

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०२/१८

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रुपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक-पटक लिखित तथा मौखिक रुपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, केही ऋणीको हकमा अन्तिम भुक्तानी मिति समेत समाप्त भईसकेको तथा कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल जमानीकर्ताहरु लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन-२०७९ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०७९ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकलजमानीकर्ताहरु लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकलजमानीकर्ताहरु लाई पर्न जाने असर प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने व्यहोरा जानकारी गर्दछौं।

**तपसिल.**

| क्र.स. | ऋणी तथा एकल जमानीको नाम, थर, ठेगाना, नागरिकता प्रमाण पत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण |
|---|---|
| | **शाखा कार्यालय : जनकपुर, धनुषा** |
| १. | ऋणीको नाम : जितनी देवी, पिता/पतिको नाम : शिव रतन राउत, बाजे/ससुराको नाम : भोला राउत, स्थायी ठेगाना : घोडघास-३,धनुषा,ना.प्र.नं : ३२६२९१८०,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :राजन कुमार राउत, पिता/पतिको नाम :शिव रतन राउत, बाजे/ससुराको नाम : भोला राउत, स्थायी ठेगाना : घोडघास-३,धनुषा, ना.प्र.नं. : १७१०८२/८५८ |
| २. | ऋणीको नाम : जिवछी देवी राउत, पिता/पतिको नाम :धुरण राउत, बाजे/ससुराको नाम :रतन राउत, स्थायी ठेगाना :घोडघास-५,धनुषा, ना.प्र.नं. :१७३०८२/२४९, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :रेणु देवी राउत, पिता/पतिका नाम : पप्पु राउत, बाजे/ससुराको : धुरण राउत,स्थायी ठेगाना : घोडघास-५,धनुषा, ना.प्र.नं. :१७-०१-७३-०३८३७ |
| ३. | ऋणीको नाम : सतिया देवी दास, पिता/पतिको नाम : लक्ष्मण दास, बाजे/ससुराको नाम : वतहु दास,स्थायीठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं.:१८३०१४/१०,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : लक्ष्मण कुमार दास, पिता/पतिको नाम : वतहु दास, बाजे/ससुराको नाम रामः खोलावन दास, स्थायी ठेगाना : पिपरा-७, महोत्तरी, ना.प्र.नं. :०७३३२३९४ |
| ४. | ऋणीको नाम : शोभा देवी, पिता/पतिको नाम : अमिर दास, बाजे/ससुराको नाम : मधुरीदास तत्मा, स्थायी ठेगाना : बनौली दनौली-९, महोत्तरी, ना.प्र.नं. :१८३०१४/३१८, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : शिवो देवी तत्मीनी, पिता/पतिको नाम : भरत दास तत्मा, बाजे/ससुराको नाम :बेडगाई दास, स्थायी ठेगाना : जनकपुर-११, धनुषा, ना.प्र.नं. : ३९६९५४३२ |
| ५. | ऋणीको नाम : रिंकु देवी मिश्र, पिता/पतिको नाम : मनोज कुमार मिश्र, बाजे/ससुराको नाम : वैधनाथ मिश्र, स्थायी ठेगाना :पिपरा-०७, महोत्तरी,ना.प्र.नं. : १८३०१४/१३,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : रंजना देवी दास, पिता/पतिको नाम : प्रवोध दास,बाजे/ससुराको नाम : लखान दास, स्थायी ठेगाना : पिपरा-०७, महोत्तरी, ना.प्र.नं. : १८३०१४/२५७ |
| ६. | ऋणीको नाम : मंजु देवी, पिता/पतिको नाम : कामेश्वर मण्डल, बाजे/ससुराको नाम : दुलार मण्डल, स्थायी ठेगाना : बनौली दनौली-६,महोत्तरी, ना.प्र.नं. : १८३०१४/२४२कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : कामेश्वर मण्डल, पिता/पतिको नाम : दुलार मण्डल, बाजे/ससुराको नाम : झप्सी मण्डल,स्थायी ठेगाना : पिपरा-७,महोत्तरी, ना.प्र.नं. : ०७२३१८५८ |
| ७. | ऋणीको नाम :इन्दर कुमारी पन्डित, पिता/पतिको नाम :संजय कुमार पन्डित, बाजे/ससुराको नाम : हितलाल पन्डित, स्थायी ठेगाना : बनौली द.-९,महोत्तरी, ना.प्र.नं. :१८३०१४/२५४कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : इन्दल कुमार पन्डित, पिता/पतिको नाम : रामनाथ पन्डीत कुम्हार,बाजे/ससुराको नाम : किशोरी पन्डित, स्थायी ठेगाना : धनुषाधाम-७, धनुषा,ना.प्र.नं. : १७१०४८/४३१ |
| ८. | ऋणीको नाम : रेखा कुमारी पंडित, पिता/पतिको नाम : दयाराम पंडित, बाजे/ससुराको नाम : दशई पंडित, स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८३०२६/९६१कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : दयाराम पंडित पिता/पतिको नाम : दशई पंडित, बाजे/ससुराको नाम : लखान पंडित, स्थायी ठेगाना : बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं. :०४३३२९५९ |
| ९. | ऋणीको नाम : रिता देवी, पिता/पतिको नाम : मुकेश दास, बाजे/ससुराको नाम : रौडी दास, स्थायी ठेगाना : बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं. : १८३०१४/१५२,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :सजना देवी दास, पिता/पतिको नाम : किशोर दास, बाजे/ससुराको नाम :रमेश्वर दास, स्थायी ठेगाना : बनौली.द.-९,महोत्तरी,ना.प्र.नं : १८३०१४/२८ |
| १०. | ऋणीको नाम :मनतोरिया देवी, पिता/पतिको नाम : ज्ञानु दास, बाजे/ससुराको नाम :बदरी दास,स्थायी ठेगाना : बनौली-९, महोत्तरी, ना.प्र.नं. : १८३०१४/२५६,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : ज्ञानु दास, पिता/पतिको नाम : बदरी दास, बाजे/ससुराको नाम : लुटन दास, स्थायी ठेगाना : बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं. : ०४३३२६८६ |
| ११. | ऋणीको नाम :सुमिन्द्रा देवी, पिता/पतिको नाम : सनिचर दास,बाजे/ससुराको नाम : रामवृक्ष दास, स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७६-०२९९४कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :सनिचर दास, पिता/पतिको नाम : रामवृक्ष दास, बाजे/ससुराको नाम :झोटाई दास, स्थायी ठेगाना : एकडारा-६, महोत्तरी,ना.प्र.नं. :१९३०१९४८५ |
| १२. | ऋणीको नाम : सोशिला देवी तत्मिनी, पिता/पतिको नाम : सुकन दास तत्मा, बाजे/ससुराको नाम :लक्ष्मी दास तत्मा, स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : ०७२३२१२५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : सुकन दास तत्मा, पिता/पतिको नाम : लक्ष्मी दास तत्मा, बाजे/ससुराको नामःजनक दास तत्मा,स्थायी ठेगाना : बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं. :८४४९ |
| १३. | ऋणीको नाम : सुधा कुमारी, पिता/पतिको नाम : विनित कुमार झा,बाजे/ससुराको नाम : रामचन्द्र झा, स्थायी ठेगानाः पिपरा-७,महोत्तरी,ना.प्र.नं.: ०४३३३२९३, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :विनित कुमार झा, पिता/पतिको नाम :रामचन्द्र झा, बाजे/ससुराको नाम : जटाधर झा,स्थायी ठेगानाः बनौली-५,महोत्तरी, ना.प्र.नं. : ०४३३२७३९ |
| १४. | ऋणीको नाम : रौशन झा, पिता/पतिको नाम :इन्द्र कुमार झा, बाजे/ससुराको नाम : मधुसुधन झा, स्थायी ठेगाना : बनौली-५,महोत्तरी, ना.प्र.नं. :१८३०१४/१४,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :इन्द्र कुमार झा, पिता/पतिको नाम : मधुसुधन झा,बाजे/ससुराको नाम :जोगी झा,स्थायी ठेगाना : ब.दनौली-५,महोत्तरी, ना.प्र.नं. : ०४३३२६९१ |
| १५. | ऋणीको नाम :कालो देवी, पिता/पतिको नाम :सत्यनारायण साह, बाजे/ससुराको नाम : कमलेश्वर शाह, स्थायी ठेगाना :बनौली-६, महोत्तरी, ना.प्र.नं. : १८३०१४/१४८, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : (कल्लु भन्ने) सत्यनारायण साह, पिता/पतिको नाम : कमलेश्वर शाह, बाजे/ससुराको नाम : अमृत साह, स्थायी ठेगाना : बनौली-६,महोत्तरी, ना.प्र.नं. : ०७२३१७१४ |
| १६. | ऋणीको नाम : अनिता देवी झा, पिता/पतिको नाम :बच्चाकान्त झा, बाजे/ससुराको नाम :भागीरथ झा, स्थायी ठेगाना : बनौली-५,महोत्तरी, ना.प्र.नं. : ०४३३२७५१,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :बच्चाकान्त झा, पिता/पतिको नाम : भागीरथ झा, बाजे/ससुराको नाम :गंगाधर झा,स्थायी ठेगाना : बनौली-५,महोत्तरी,ना.प्र.नं. :०४३३२७४९ |
| १७. | ऋणीको नाम : निर्माला देवी,पिता/पतिको नाम : भिखारी मण्डल,बाजे/ससुराकोनाम :राम लखन मण्डल, स्थायी ठेगाना : बनौली दनौली-५, महोत्तरी,ना.प्र.नं. : ५००३, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : चन्दन कुमारमण्डल, पिता/पतिको नाम : भिखारी मण्डल,बाजे/ससुराको नाम : राम लखन मण्डल,स्थायी ठेगाना : बनौली दनौली-५,महोत्तरी,ना.प्र.नं. : १८-०१-७२-०३७४७ |
| १८. | ऋणीको नाम : रिता कुमारी देवी ठाकुर,पिता/पतिको नाम : गंगाराम ठाकुर,बाजे/ससुराको नाम : विन्देश्वर ठाकुर,स्थायीठेगाना :बनौली दनौली-५, महोत्तरी,ना.प्र.नं. : १८-१-०१४/४१३, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : गंगाराम ठाकुर,पिता/पतिको नाम : विन्देश्वर ठाकुर,बाजे/ससुराको नाम : देवन ठाकुर,स्थायी ठेगाना : बनौली दनौली-५, महोत्तरी,ना.प्र.नं. : ०४३३३०३० |
| १९. | ऋणीको नाम : ललिता देवी साह,पिता/पतिको नाम : लुटन साह,बाजे/ससुराको नाम : बिलट साह,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : ०४३३३०४७, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : संगिता कुमारी,पिता/पतिको नाम : महेन्द्र साह तेली,बाजे/ससुराको नाम : व्रिजलाल साह तेली,स्थायी ठेगाना : हंसपुर-३, धनुषा,ना.प्र.नं. : १८३०१४/३८१ |
| २०. | ऋणीको नाम : ममता कुमारी ठाकुर,पिता/पतिको नाम : दयाराम ठाकुर, बाजे/ससुराको नाम : विन्देश्वर ठाकुर,स्थायीठेगाना : बनौली दनौली-५, महोत्तरी,ना.प्र.नं. : १८-०१-०७२-०२८१६, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : दयाराम ठाकुर, पिता/पतिको नाम : विन्देश्वर ठाकुर, बाजे/ससुराको नाम : देवन ठाकुर, स्थायीठेगाना : बनौली दनौली-५, महोत्तरी, ना.प्र.नं. : ०४३३३०३१, |
| २१. | ऋणीको नाम : मंजु देवी,पिता/पतिको नाम : बिनोदकुमार मण्डल,बाजे/ससुराको नाम : राम लखन मण्डल,स्थायीठेगाना : बनौली दनौली-५, महोत्तरी,ना.प्र.नं. : ०४३३३३१३, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : राम कृष्ण मण्डल,पिता/पतिको नाम : रामलखन मण्डल,बाजे/ससुराकोनाम : गोपाल जी मण्डल,स्थायी ठेगाना :पिपरा-७, महोत्तरी,ना.प्र.नं. : ०४३३२९१९ |
| २२. | ऋणीको नाम : मंजु कुमारी झा,पिता/पतिको नाम : सत्य नारायण चौधरी,बाजे/ससुराको नाम :जगन्नाथ चौधरी,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७५-०१२८३, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताकोनाम : रिंकु देवी,पिता/पतिको नाम : हरखित चौधरी,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७३-०८४७२ |
| २३. | ऋणीको नाम : संगिता कुमारी,पिता/पतिको नाम : अनिल कुमार मण्डल,बाजे/ससुराको नाम : देव सरन मण्डल,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७७-०६१८५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : अनिल कुमार मण्डल, पिता/पतिको नाम : देव सरन मण्डल,बाजे/ससुराको नाम : राम फल मण्डल,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७०-०६९९४ |
| २४. | ऋणीको नाम : रंजिता कुमारी ठाकुर,पिता/पतिको नाम :जैराम ठाकुर,बाजे/ससुराकोनाम :विन्देश्वर ठाकुर वरही, स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं : १८-०१-७७-०२५०६, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : जैराम ठाकुर,पिता/पतिको नाम :विन्देश्वर ठाकुर वरही,बाजे/ससुराको नाम : देवान ठाकुर,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : ०४३३३१८८ |
| २५. | ऋणीको नाम : बबिता झा,पिता/पतिको नाम : प्रेम कुमार झा,बाजे/ससुराको नाम : राम चन्द्र झा, स्थायी ठेगाना : बनौली दनौली-५,महोत्तरी,ना.प्र.नं. : १८३०१४/७९, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : प्रेम कुमार झा,पिता/पतिको नाम : राम चन्द्र झा,बाजे/ससुराको नाम : जटाधर झा,स्थायी ठेगाना : बनौली दनौली-५,महोत्तरी,ना.प्र.नं. : ०४३३३०३४ |
| २६. | ऋणीको नाम : रेणु झा,पिता/पतिको नाम : मनोज कुमार झा,बाजे/ससुराको नाम : भुनेश्वर झा,स्थायी ठेगाना : बनौली दनौली-५,महोत्तरी,ना.प्र.नं. : १८-०१-७३-०६१७७, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : सत्य नारायण चौधरी, पिता/पतिको नाम : जगन्नाथ चौधरी,बाजे/ससुराको नाम : महिम चौधरी,स्थायी ठेगाना : बनौली दनौली-४, महोत्तरी,ना.प्र.नं. : १८१०१४/१२२ |
| २७. | ऋणीको नाम : शान्ती देवी,पिता/पतिको नाम : जितन यादव,बाजे/ससुराको नाम : सोभित यादव,स्थायी ठेगाना : रतौली-६, महोत्तरी,ना.प्र.नं. : ७८६४२२१५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : दिपेश कुमार यादव,पिता/पतिको नाम :जितन यादव,बाजे/ससुराको नाम : सोभित यादव,स्थायी ठेगाना : रतौली-६, महोत्तरी,ना.प्र.नं. : १८-०१-७३-००७१६ |
| २८. | ऋणीको नाम : ममता देवी,पिता/पतिको नाम : विजय कुमार मिश्र, बाजे/ससुराको नाम : सदानन्द मिश्र,स्थायी ठेगाना : बनौली दनौली-५, महोत्तरी,ना.प्र.नं. : ०४३३३२१३, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : विजय कुमार मिश्र,पिता/पतिको नाम : सदानन्द मिश्र,बाजे/ससुराको नाम : लक्ष्मीकान्त मिश्र,स्थायी ठेगाना : बनौली दनौली-५, महोत्तरी,ना.प्र.नं. : ०७३३२४३० |
| २९. | ऋणीको नाम : लक्ष्मी देवी,पिता/पतिको नाम : रंजित मण्डल,बाजे/ससुराको नाम : राम एकवाल मण्डल,स्थायी ठेगाना : बनौली दनौली-८, महोत्तरी, ना.प्र.नं. : १८-१-०१४/४२५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : बिमला देवी,पिता/पतिको नाम : जितु मण्डल,स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : ०४३३२६६८ |
| ३०. | ऋणीको नाम : सोनिया कुमारी, पिता/पतिको नाम :रोशन कुमार मण्डल,बाजे/ससुराको नाम : सम्पत्ती मण्डल,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७५-०२०३२, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताकोनाम : रोशन कुमार मण्डल,पिता/पतिकोनाम : सम्पत्ती मण्डल,बाजे/ससुराको नाम : श्री मण्डल,स्थायी ठेगाना : बनौली दनौली-८,महोत्तरी,ना.प्र.नं. : ०४३३३३६६ |
| ३१. | ऋणीको नाम : जया देवी,पिता/पतिको नाम :राम सरण मण्डल,बाजे/ससुराको नाम :राम फल मण्डल, स्थायी ठेगाना : बनौली दनौली-६,महोत्तरी,ना.प्र.नं. :१८३०१४/११६, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : सिता देवी,पिता/पतिको नाम : गिरधारी मण्डल,बाजे/ससुराको नाम : रामेश्वर मण्डल,स्थायी ठेगाना : बनौली-८, महोत्तरी,ना.प्र.नं. : १८३०१४/४०८ |
| ३२. | ऋणीको नाम : मंजु देवी,पिता/पतिको नाम : सुशील पण्डित, बाजे/ससुराको नाम : सेनी पंडित,स्थायी ठेगाना : बनौली द.-९,महोत्तरी,ना.प्र.नं. : १८३०१४/५१, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : संजित मण्डल,पिता/पतिको नाम : कामेश्वर मण्डल,बाजे/ससुराको नाम : दुलार मण्डल,स्थायी ठेगाना : बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं. : १८१०१४/३०३ |
| ३३. | ऋणीको नाम : रुना कुमारी देवी,पिता/पतिको नाम : राम श्रेष्ठ दास,बाजे/ससुराको नाम : कुलदिप दास, स्थायीठेगाना :बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं. : १८१०१४/४२६, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : प्रमिला देवी,पिता/पतिको नाम : राम पृत दास,बाजे/ससुराको नाम : कुलदिप दास तात्मा,स्थायी ठेगाना : बनौली-९, महोत्तरी, ना.प्र.नं. : १८३०१४/२१७, |
| ३४. | ऋणीको नाम : रामकली देवी,पिता/पतिको नाम : राम लखन साह,बाजे/ससुराको नाम : बासुदेव साह,स्थायी ठेगाना : बनौली-६, महोत्तरी,ना.प्र.नं. : ०७२३१८५५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : सत्रोहन कुमार साह,पिता/पतिको नाम : राम लखन साह,बाजे/ससुराको नाम : बासुदेव साह,स्थायी ठेगाना : पिपरा-७,महोत्तरी,ना.प्र.नं. : १८-०१-७४-०७८५९ |
| ३५. | ऋणीको नाम : रंजना देवी दास,पिता/पतिको नाम :प्रवोध दास,बाजे/ससुराको नाम : लखन दास,स्थायी ठेगाना : पिपरा-७ महोत्तरी,ना.प्र.नं. : १८३०१४/२५७, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : प्रवोध दास,पिता/पतिको नाम : लखन दास,बाजे/ससुराको नाम : गनेशी दास,स्थायीठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : ०४३३२८९१ |
| ३६. | ऋणीको नाम : रागनी देवी,पिता/पतिको नाम : हिरालाल दास,बाजे/ससुराको नाम : मधुरी दास,स्थायीठेगाना : बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं.: १८३०१४/३१९, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : रुना कुमारी देवी,पिता/पतिको नाम : राम श्रेष्ठ दास,बाजे/ससुराकोनाम : कुलदिप दास,स्थायी ठेगाना : बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं. :१८१०१४/४२६ |
| ३७. | ऋणीको नाम : प्रमिला देवी,पिता/पतिको नाम : रामपृत दास,बाजे/ससुराको नाम : कुलदिप दास तत्मा, स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : १८३०१४/२१७, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : रंजना देवी दास,पिता/पतिको नाम : प्रवोध दास,बाजे/ससुराको नाम : लखन दास,स्थायीठेगानाः पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८३०१४/२५७ |
| ३८. | ऋणीको नाम : पुलम कुमारी दास,पिता/पतिको नाम : बिपतिया दास,बाजे/ससुराको नाम : बिकाउ दास तत्मा,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७७-०५१२१, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : रिंकु देवी मिश्र,पिता/पतिको नाम : मनोजकुमार मिश्र,बाजे/ससुराको नाम : वैधनाथ मिश्र,स्थायीठेगाना : पिपरा-०७, महोत्तरी,ना.प्र.नं. : १८३०१४/१३ |
| ३९. | ऋणीको नाम : बिणा देवी,पिता/पतिको नाम : गोनौर दास,बाजे/ससुराकोनाम : राम वृक्ष दास,स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : १८-१-६९-५२५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :नगिना देवी,पिता/पतिको नाम : उमेश दास,बाजे/ससुराको नाम : लखन दास,स्थायी ठेगाना : बनौली-९,महोत्तरी,ना.प्र.नं. : १८३०१४/१६२ |
| ४०. | ऋणीको नाम : नगिना देवी,पिता/पतिको नाम : उमेश दास,बाजे/ससुराको नाम : लखन दास,स्थायी ठेगाना : बनौली-९,महोत्तरी,ना.प्र.नं. : १८३०१४/१६२, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : बिणा देवी,पिता/पतिको नाम : गोनौर दास,बाजे/ससुराकोनाम : राम वृक्ष दास,स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : १८-१-६९-५२५ |
| ४१. | ऋणीको नाम : दुलारी देवी,पिता/पतिको नाम : राम भरोष दास तत्मा,बाजे/ससुराको नाम : बिक्रम दास तत्मा,स्थायी ठेगाना : सिनुरजोडा-८, धनुषा,ना.प्र.नं. : १७१०८५/६१४, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताकोनाम : राम भरोष दास तत्मा,पिता/पतिको नाम : बिक्रम दास तत्मा,बाजे/ससुराको नाम : राम लखन दास,स्थायी ठेगाना : सिनुरजोडा-८, धनुषा,ना.प्र.नं. : १७१०८५/६०९ |
| ४२. | ऋणीको नाम : फुल कुमारी दास,पिता/पतिको नाम : राजिव कुमार दास,बाजे/ससुराकोनाम :देविन्दर दास,स्थायी ठेगाना : पिपरा-७,महोत्तरी,ना.प्र.नं. : १८-०१-७४-०६४३०, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : राजिव कुमार दास,पिता/पतिको नाम : देविन्दर दास,बाजे/ससुराको नाम : महादेव दास,स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : १८१०१४/१०० |
| ४३. | ऋणीको नाम : बनारसी देवी दास,पिता/पतिको नाम : सिकिन्दर दास,बाजे/ससुराको नाम : फेकु दास तत्मा, स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : १८३०१४/१५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : मधु देवी,पिता/पतिको नाम : खुशि दास तत्मा,स्थायी ठेगाना : जनकपुर-७,महोत्तरी,ना.प्र.नं. : १७११०२/८८६९ |
| ४४. | ऋणीको नाम : रिता देवी,पिता/पतिको नाम :लाल दास,बाजे/ससुराको नाम :किसुन दास तत्मा,स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. :०४३३३१८३, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताकोनाम : बनारसी देवी दास,पिता/पतिको नाम : सिकिन्दर दास,बाजे/ससुराको नाम : फेकु दास तत्मा,स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : १८३०१४/१५ |
| ४५. | ऋणीको नाम : जानकी देवी, पिता/पतिको नाम : राम चन्द्र दास तत्मा,बाजे/ससुराकोनाम : बतहु दास तत्मा,स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : ७४३३३१८२, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नामःराम चन्द्र दास तत्मा, पिता/पतिको नाम :बतहु दास तत्मा, बाजे/ससुराको नाम : दुखी दास, स्थायी ठेगाना :बनौली दनौली-९,महोत्तरी, ना.प्र.नं. :०७२३२२३३ |
| ४६. | ऋणीको नाम : अनार देवी दास,पिता/पतिको नाम : उपेन्द्र दास,बाजे/ससुराको नाम : बिकाउ दास तत्मा,स्थायी ठेगाना : पिपरा-७,महोत्तरी,ना.प्र.नं. : १८३०१४/२६६,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : दुलारी देवी,पिता/पतिको नाम : राम भरोष दास तत्मा,बाजे/ससुराको नाम : बिक्रम दास तत्मा,स्थायी ठेगाना : सिनुरजोडा-८, धनुषा,ना.प्र.नं. : १७१०८५/६१४, |
| ४७. | ऋणीको नाम : जानकी दास,पिता/पतिको नाम : बिरेन्द्र दास तत्मा,बाजे/ससुराको नाम : बिकाउ दास तत्मा,स्थायी ठेगाना :पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७५-०५४५६,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : बिकाउ दास तत्मा,पिता/पतिको नाम : बाबु लाल दास,बाजे/ससुराको नाम : भकुर दास,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : ०७२३०१२० |
| ४८. | ऋणीको नाम : मानकी देवी, पिता/पतिको नाम : दशैया दास तत्मा,बाजे/ससुराको नाम : रौदी दास,स्थायी ठेगाना : बनौली द.-९,महोत्तरी,ना.प्र.नं. : १८३०१४/२६२, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : दसैया दास तत्मा,पिता/पतिको नाम : रौदी दास,बाजे/ससुराको नाम : सुवंश दास,स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : ०७२३१९३२ |
| ४९. | ऋणीको नाम : गुबदी देवी,पिता/पतिको नाम : खोखा दास तत्मा,बाजे/ससुराको नाम : कारी दास तत्मा,स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : ०७३३२३७५,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : पिंकी देवी, पिता/पतिको नाम : बजरंगी कुमार दास,बाजे/ससुराकोनाम : फगुनी दास,स्थायी ठेगाना : पिपरा-७,महोत्तरी,ना.प्र.नं. : १८-०१-७४-०७२५६ |
| ५०. | ऋणीको नाम : बिमला देवी,पिता/पतिको नाम : बिनोद दास तत्मा,बाजे/ससुराको नाम : लक्ष्म दास तत्मा,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी, ना.प्र.नं. : १८-०१-७६-११२१३,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताकोनाम :बिनोद दास तत्मा,पिता/पतिको नाम : लक्ष्म दास तत्मा,बाजे/ससुराको नाम : अधनु दास तत्मा,स्थायी ठेगाना : प्र.को.महुवा-२, धनुषा, ना.प्र.नं. : ५७९२०६०० |
| ५१. | ऋणीको नाम : पुरनी देवी तत्मीनी,पिता/पतिको नाम : रामविलाश दास तत्मा, बाजे/ससुराको नाम : बौकु दास तत्मा,स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : ०७२३२२०२, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताकोनाम : रामविलाश दास तत्मा,पिता/पतिको नाम : बौकु दास तात्मा,बाजे/ससुराको नाम : छतर दास,स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : ०७२३२१३९ |
| ५२. | ऋणीको नाम : परमिला देवी,पिता/पतिको नाम : रामचन्द्र दास,बाजे/ससुराको नाम : खोखा दास तत्मा,स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : १८३०१४/१, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : रामचन्द्र तत्मा,पिता/पतिको नाम : खोखा दास तत्मा,बाजे/ससुराको नाम :कारी दास तत्मा,स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : ०४३३२८३७ |
| ५३. | ऋणीको नाम : पार्वती देवी,पिता/पतिको नाम : सिया शरण दास,बाजे/ससुराको नाम : रामचलितर दास, स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : ४३७३/२०६२/६३, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : सिया शरण दास,पिता/पतिको नाम : रामचलितर दास,बाजे/ससुराको नाम :सुवुध दास,स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : ०७२३१९३१ |
| ५४. | ऋणीको नाम :पबित्री देवी दास,पिता/पतिको नाम :लक्ष्मण दास,बाजे/ससुराको नाम : मरनु दास तत्मा, स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : १८३०१४/२५८,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : राम दुलारी देवी,पिता/पतिको नाम : रामवृक्ष दास,बाजे/ससुराकोनाम : महन्थ दास,स्थायी ठेगाना : बनौली-९,महोत्तरी,ना.प्र.नं. :०७२३००९२ |
| ५५. | ऋणीको नाम : संजी कुमारी देवी,पिता/पतिको नाम :राजदेव दास,बाजे/ससुराको नाम : चनैसर दास,स्थायी ठेगाना : बनौली दनौली-९,महोत्तरी,ना.प्र.नं. : ०४३३३३४०, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : राहुल दास,पिता/पतिको नाम : रामपृत दास,बाजे/ससुराको नाम : कुलदिप दास, स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७४-०१५६७ |
| ५६. | ऋणीको नाम : त्रीवेणी मण्डल,पिता/पतिको नाम : देवशरण मण्डल, बाजे/ससुराको नाम : रामफल मण्डल, स्थायी ठेगाना : पिपरा-७,महोत्तरी,ना.प्र.नं. : १८-०१-७५-०७७२६, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : रागनी कुमारी,पिता/पतिको नाम : बिनोद मण्डल धानुक,स्थायी ठेगाना : जनकपुर-२३, धनुषा,ना.प्र.नं. : १७-०१-७५-०५१३५ |
| ५७. | ऋणीको नाम : अंजना कुमारी,पिता/पतिको नाम : मनोज मण्डल,बाजे/ससुराको नाम : सिकिन्दर मण्डल, स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७७-०६१२९,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : सिकिन्दर मण्डल, पिता/पतिको नाम :मोहन मण्डल, बाजे/ससुराको नाम :सरजुग मण्डल,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : ०४३३३२५० |
| ५८. | ऋणीको नाम : सिनेही देवी,पिता/पतिको नाम : रुदल पंडित,बाजे/ससुराको नाम : दसै पंडित,स्थायी ठेगाना : बनौली-६, महोत्तरी,ना.प्र.नं. : ०७२३२३५१, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :अनिता कुमार ी,पिता/पतिको नाम :रुदल पंडित,बाजे/ससुराको नाम : दसै पंडित,स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७४-००१७४ |
| ५९. | ऋणीको नाम : अंजु कुमारी,पिता/पतिको नाम : राजन मण्डल,बाजे/ससुराको नाम : राम सरण मण्डल, स्थायी ठेगाना : पिपरा-७, महोत्तरी,ना.प्र.नं. : १८-०१-७७-०४१४१,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताकोनाम : राजन मण्डल,पिता/पतिको नाम : राम सरण मण्डल,बाजे/ससुराको नाम : रामफल मण्डल,स्थायी ठेगाना : बनौली दनौली-६, महोत्तरी,ना.प्र.नं. : १८३०१४/२० |
| ६०. | ऋणीको नाम : अमीरका देवी,पिता/पतिको नाम : विजय मण्डल,बाजे/ससुराकोनाम : सिकिन्दर मण्डल, स्थायी ठेगाना : बनौली-९, महोत्तरी,ना.प्र.नं. : १८३०१४/२९,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : विजय मण्डल, पिता/पतिको नाम : सिकिन्दर मण्डल, बाजे/ससुराको नाम : मोहन मण्डल, स्थायी ठेगाना : बनौली दनौली-६,महोत्तरी,ना.प्र.नं. : ०४३३३२५४ |
| ६१. | ऋणीको नाम : संगिता कुमारी,पिता/पतिको नाम : मनोज कुमार पंडित,बाजे/ससुराको नाम : हितलाल पंडित,स्थायी ठेगाना : बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं. : १८१०१४/३७२, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : मनोज कुमार पंडित,पिता/पतिको नाम : हितलाल पंडित, बाजे/ससुराको नाम : लखन पंडित, स्थायी ठेगाना : बनौली दनौली-९, महोत्तरी,ना.प्र.नं. : ०४३३३१८१ |
| | **शाखा कार्यालय : सिन्धुलीमाडी, सिन्धुली,** |
| ६२. | ऋणीको नाम : आरती कुमारी खड्का, पिता/पतिको नाम : वेग बहादुर खड्का, बाजे/ससुराको नाम : शान्ती बहादुर खड्का, स्थायी ठेगाना : रानीचुरी-५, सिन्धुली,ना.प्र.नं. : २०२०१०५२/४५१कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : वेग बहादुर खड्का, पिता/पतिको नाम : शान्ती बहादुर खड्का,स्थायी ठेगाना : रानीचुरी-५, सिन्धुली,ना.प्र.नं. : ३३४८४ |
| ६३. | ऋणीको नाम : गंगा बुढाथोकी, पिता/पतिको नाम : लक्ष्मण कुमार बुढाथोकी, बाजे/ससुराको नाम :यम बहादुर बुढाथोकी, स्थायी ठेगाना : क.न.पा-४, सिन्धुली,ना.प्र.नं. : २०१०५४/१३०३/४७७४, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :लक्ष्मण कुमार बुढाथोकी, पिता/पतिको नाम : यम बहादुर बुढाथोकी,स्थायी ठेगाना : सिद्धेश्वर-५,सिन्धुली,ना.प्र.नं. : ८७४४ |
| ६४. | ऋणीको नाम : गोमा देवी तामाङ्ग, पिता/पतिको नाम :ईन्द्र बहादुर तामाङ्ग, बाजे/ससुराको नाम :रत्न बहादुर तामाङ्ग, स्थायी ठेगाना : तिनपाटन-२, सिन्धुली,ना.प्र.नं.:२०-०१-७५-०००२८,कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : ईन्द्र बहादुर तामाङ्ग, पिता/पतिको नाम : रत्न बहादुर तामाङ्ग,बाजे/ससुराको नाम : मान सिं. तामाङ्ग,स्थायी ठेगाना : भिमस्थान-३, सिन्धुली,ना.प्र.नं. : ३४१०१ |
| ६५. | ऋणीको नाम : मिना लामा तामाङ्ग,पिता/पतिको नाम :बल बहादुर तामाङ्ग, बाजे/ससुराको नाम : मान बहादुर तामाङ्ग, स्थायी ठेगाना : कमलामाई-१०, सिन्धुली,ना.प्र.नं. :२०१०५४/३०३८/३२२कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :अन्जु कुमारी घलान, पिता/पतिको नाम : प्रशान्त तामाङ्ग, स्थायी ठेगाना : कमलामाई-११,सिन्धुली,ना.प्र.नं. :२०-०१-७६-०८४२८ |
| ६६. | ऋणीको नाम : मंगली माया थिंङ्ग, पिता/पतिको नाम : सुखु लाल थिंङ्ग, बाजे/ससुराको नाम : विर बहादुर थिंङ्ग, स्थायी ठेगाना : सिद्धेश्वर-७, सिन्धुली,ना.प्र.नं. : २१६४, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : ललित बहादुर मुक्तान, पिता/पतिको नाम :मान बहादुर मुक्तान, बाजे/ससुराको नाम :पन्चविर मोक्तान, स्थायी ठेगाना : कमलामाई-१०, सिन्धुलीना.प्र.नं. : २०-०१-७३-०४४११ |
| ६७. | ऋणीको नाम :दिल कुमारी वाईबा, पिता/पतिको नाम : पंचमान वाईबा, बाजे/ससुराको नाम :अम्बर बहादुर वाईबा,स्थायी ठेगाना : कमलामाई-८, सिन्धुली,ना.प्र.नं.:२०-०१-७६-०४९२२,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : पंचमान वाईबा, पिता/पतिको नाम : अम्बर बहादुर वाईबा, बाजे/ससुराको नाम :आईते सिं.वाईबा,स्थायी ठेगाना : कमलामाई-८, सिन्धुली,ना.प्र.नं.: २०-०१-७४-०६४३९ |
| ६८. | ऋणीको नाम : सुजता घिमिरे बराल, पिता/पतिको नाम : तारा प्रसाद बराल, बाजे/ससुराको नाम : सोम प्रसाद बराल, स्थायी ठेगाना :भिमस्थान-५, सिन्धुली,ना.प्र.नं. :२०२०१०४१/१४७,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : तारा प्रसाद बराल,पिता/पतिको नाम :सोम प्रसाद बराल,बाजे/ससुराको नाम : लोक नाथ बराल, स्थायी ठेगाना : तिनपाटन-२, सिन्धुली,ना.प्र.नं. : १२७८/३५१२८ |
| ६९. | ऋणीको नाम : सुनिता श्रेष्ठ (सिदाली), पिता/पतिको नाम : धन बहादुर सिंदाली, बाजे/ससुराको नाम : ईन्द्र बहादुर सिन्धारी, स्थायी ठेगाना : तिनपाटन-१, सिन्धुली,ना.प्र.नं. : २०-०१-७४-०३६७३, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : बाल कुमारी थारु दनुवार, पिता/पतिको नाम : कन्ना थारु दनुवार, बाजे/ससुराको नाम :धन बहादुर थारु दनुवार, स्थायी ठेगाना : दुधौली-३, सिन्धुली,ना.प्र.नं. : २०-०१-७४-००७०० |
| ७०. | ऋणीको नाम : धन कुमारी तमाङ, पिता/पतिको नाम : रत्न वहादुर तमाङ, बाजे/ससुराको नाम :कृशन बहादुर तमाङ, स्थायी ठेगाना : बेलघारी-५, सिन्धुली, ना.प्र.नं. : २०३०४०/९३, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : रत्न बहादुर तमाङ, पिता/पतिको नाम : कृशन बहादुर तमाङ, बाजे/ससुराको नाम :पहलमान तमाङ, स्थायी ठेगाना : ओखेनी-१, रामेछाप, ना.प्र.नं. : १८७७७ |
| ७१. | ऋणीको नाम : होम कुमारी खड्का, पिता/पतिको नाम : सत्य बहादुर खड्का, बाजे/ससुराको नाम : दान बहादुर खड्का, स्थायी ठेगाना : कमलामाई-६, सिन्धुली, ना.प्र.नं. : २०१०५४/३०५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : सत्य बहादुर खड्का, पिता/पतिको नाम : दान बहादुर खड्का, बाजे/ससुराको नाम :धन बहादुर खड्का, स्थायी ठेगाना : कमलामाई-६, सिन्धुली, ना.प्र.नं. : १०९४/६९६० |
| ७२. | ऋणीको नाम : लक्ष्मी कुमारी कार्की, पिता/पतिको नाम : लक्ष्मी प्रसाद देवकोटा, बाजे/ससुराको नाम : रुप नारायण देवकोटा, स्थायी ठेगाना : रतनचुरा-५, सिन्धुली,ना.प्र.नं. : १५१६, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : संगिता थापा, पिता/पतिको नाम : बिकल कुमार थापा क्षेत्री, स्थायी ठेगाना : गोलञ्जर-५, सिन्धुली, ना.प्र.नं. : २०-०१-७७-०१००४ |
| ७३. | ऋणीको नाम : मञ्जु राई, पिता/पतिको नाम : डिल्ली बहादुर राना, बाजे/ससुराको नाम : जगत वहादुर मगर, स्थायी ठेगाना : आहाले-५, धनकुटा, ना.प्र.नं. : ०७३०१२/५९९, कर्जाको शीर्षक : साधारण एकल जमानीकर्ताको नाम : डिल्ली बहादुर राना, पिता/पतिको नाम : जगत बहादुर मगर, बाजे/ससुराको नाम :बल बहादुर मगर, स्थायी ठेगाना : सितलपाटी-४, सिन्धुली, ना.प्र.नं. : ८५९/२२२८२ |
| ७४. | ऋणीको नाम : सुकुमाया वाईवा (तामाङ), पिता/पतिको नाम : पुर्ण बहादुर तामाङ, बाजे/ससुराको नाम :भिम वहादुर तामाङ, स्थायी ठेगाना : कल्पबृक्ष-१, सिन्धुली, ना.प्र.नं. : २०-०१-७१-०३०९३, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : पुर्ण बहादुर तामाङ, पिता/पतिको नाम : भिम बहादुर तामाङ, स्थायी ठेगाना : पुरानोझागांझोली-९, सिन्धुली, ना.प्र.नं. : २०१३६६/३०१२५ |
| | **शाखा कार्यालय : बर्दिबास,महोत्तरी,** |
| ७५. | ऋणीको नाम : हिरालाल महतो, पिता/पतिको नाम : महावीर महतो, बाजे/ससुराको नाम : जुगलाल महतो, स्थायी ठेगाना : किसाननगर-९, महोत्तरी, ना.प्र.नं. : ४९६२६३००, कर्जाको शीर्षक : आशा उद्यमशिलता १.एकलजमानीकर्ताको नाम : राजकली देवी ठाकुर, पिता/पतिको नाम : देबिन्दर ठाकुर,स्थायी ठेगाना : किसाननगर-९, महोत्तरी, ना.प्र.नं. :१८३०७३/११७२ २.एकलजमानीकर्ताको नाम : कलावती देवी मंडल, पिता/पतिको नाम : जय नारायण मंडल, बाजे/ससुराको नाम :राम खेलावन मण्डल, स्थायी ठेगाना : किसाननगर-९, महोत्तरी, ना.प्र.नं. : ४९६२६९७७ |
| | धितोमा रहेको जग्गाको विवरण : जग्गाधनीको नाम : हिरालाल महतो, जग्गाको ठेगाना : किसाननगर-९, महोत्तरी, कित्ता नं. : ३०३, क्षेत्रफल : ०-२ -१५-० (९३१.२६ व.मि.) |
| ७६. | ऋणीको नाम :मिना कुमारी देवी, पिता/पतिको नाम : उमेश महतो, बाजे/ससुराको नाम : अशोक कुमार महतो कोईरी, स्थायी ठेगाना :बेगाडावर-१, धनुषा, ना.प्र.नं. : १७३०९७/९९, कर्जाको शीर्षक : साधारण/मौसमी एकलजमानीकर्ताको नाम :हरी नारायण महतो, पिता/पतिको नाम : महेश्वर महतो, बाजे/ससुराको नाम : सहदेव महतो, स्थायी ठेगाना : ढल्केवर-२, धनुषा, ना.प्र.नं. : २५६६८४७६ |
| ७७. | ऋणीको नाम : ममता कुमारी, पिता/पतिको नाम : पुर्ण मल्ल, बाजे/ससुराको नाम : केशर बहादुर मल्ल, स्थायी ठेगाना : बर्दिवास-२, महोत्तरी,ना.प्र.नं. : ०४९७६१९१कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : उषा परियार, पिता/पतिको नाम : उमेश दमै परियार, बाजे/ससुराको नाम : भरत दमै, स्थायी ठेगाना : बर्दिवास-२, महोत्तरी, ना.प्र.नं. : १८-०५-७४-०१९९८ |
| ७८. | ऋणीको नाम : पुजा दमाई, पिता/पतिको नाम : समर बहादुर दमाई,बाजे/ससुराको नाम : कविमान दमाई, स्थायी ठेगाना : ढल्केवर-१, धनुषा, ना.प्र.नं. : १७३०९६/१६५७,कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : सुमित्रा परियार, पिता/पतिको नाम : समर बहादुर दमाई,बाजे/ससुराको नाम : कविमान दमाई,स्थायी ठेगानाः मिथिला-७, धनुषा,ना.प्र.नं.: १७-०१-७४-०७४०७ |
| ७९. | ऋणीको नाम : देवो देवी चमार,पिता/पतिको नाम : विनोद राम चमार,बाजे/ससुराको नाम :सहदेव राम चमार,स्थायी ठेगाना : बर्दिबास-९,महोत्तरी,ना.प्र.नं. : १८३०६२/८८९, कर्जाको शीर्षक : साधारण/आकस्मिक एकलजमानीकर्ताको नाम : ललिता कुमारी महरा,पिता/पतिको नाम : दिपलाल महरा चमार, बाजे/ससुराको नाम : फेकन महरा,स्थायी ठेगाना : गौशाला-२,महोत्तरी,ना.प्र.नं. :१८२०६९/७४०२ |
| ८०. | ऋणीको नाम : शिला देवी महतो,पिता/पतिको नाम : रामसेवक महतो,बाजे/ससुराको नाम : सुकुन महतो,स्थायी ठेगाना : पशुपतिनगर-९,महोत्तरी,ना.प्र.नं. : १८३०६२/७४२, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नामः राम सेवक महतो,पिता/पतिको नामः सुकुन महतो,स्थायी ठेगानाः पशुपतिनगर-९,महोत्तरी,ना.प्र.नं.: १८३०६२/२७, |
| ८१. | ऋणीको नाम : प्रविता देवी,पिता/पतिको नाम : बले यादव,बाजे/ससुराको नाम : भोला यादव,स्थायी ठेगाना : बर्दिवास-९,महोत्तरी,ना.प्र.नं. : १८३०६२/९१, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नामः जसपाल महतो,पिता/पतिको नामः जगदिस महतो,बाजे/ससुराको नामः गंगाई महतो,स्थायी ठेगानाः पशुपतिनगर-९,महोत्तरी,ना.प्र.नं.: १८-२-०६२/३०४ |
| ८२. | ऋणीको नाम : तुलसा कुमारी (भुजेल) न्यौपाने,पिता/पतिको नाम : श्याम प्रसाद न्यौपाने,बाजे/ससुराको नाम : दिननाथ न्यौपाने,स्थायी ठेगाना : कमलामाई-१२,सिन्धुली,ना.प्र.नं. : २०-०१-७०-०३४४७, कर्जाको शीर्षक :साधारण/आकस्मिक एकलजमानीकर्ताको नामःसन्तोष भुजेल,पिता/पतिको नामः नथुनिया घर्ती,बाजे/ससुराको नामः जनक घर्ती,स्थायी ठेगानाः हनुमाननगर-२,सिराहा,ना.प्र.नं. :१५३५७१२७२९ |
| ८३. | ऋणीको नाम : रिता विश्वकर्मा, पिता/पतिको नाम : राम बहादुर विश्वकर्मा,बाजे/ससुराको नाम : सेते कामी,स्थायी ठेगाना : हाथिलेट-७,महोत्तरी,ना.प्र.नं.: १८३०७२/८११, कर्जाको शीर्षक : साधारण/आकस्मिक एकलजमानीकर्ताको नाम : चन्द्र बहादुर दर्जी,पिता/पतिको नाम :सनमान दर्जी,स्थायी ठेगाना : निर्मलबस्ती-७,पर्सा,ना.प्र.नं. : १०१३१ |
| ८४. | ऋणीको नाम : कमला कुमारी विश्वकर्मा, पिता/पतिको नाम :चन्द्र बहादुर दर्जी,बाजे/ससुराको नाम : सनमान दर्जी,स्थायी ठेगाना : बर्दिवास-९,महोत्तरी, ना.प्र.नं. : १८-२-७४/४३२, कर्जाको शीर्षक : साधारण/आकस्मिक एकलजमानीकर्ताको नाम :चन्द्र बहादुर दर्जी, पिता/पतिको नाम : सनमान दर्जी, स्थायी ठेगाना : निर्मलबस्ती-७,पर्सा,ना.प्र.नं. : १०१३१ |
| ८५. | ऋणीको नाम : सिता कामी, पिता/पतिको नाम : मंगल बहादुर, बाजे/ससुराको नाम : कालुमान कामी,स्थायी ठेगाना : रानिगंज-५,सर्लाही,ना.प्र.नं.: ७८२३२९०४,आकस्मिक एकलजमानीकर्ताको नाम : मंगल बहादुर,पिता/पतिको नाम :कालुमान कामी,स्थायी ठेगाना : लक्ष्मीनिया-३,महोत्तरी,ना.प्र.नं.: ०४९००४०६ |
| ८६. | ऋणीको नाम : भवानी विश्वकर्मा, पिता/पतिको नामः विर बहादुर विश्वकर्मा, बाजे/ससुराको नामः मंगल बहादुर विश्वकर्मा,स्थायी ठेगानाः लक्ष्मीनिया-६,महोत्तरी,ना.प्र.नं.:१८२०६८/१६३०, कर्जाको शीर्षक : साधारण/आकस्मिक एकलजमानीकर्ताको नाम : विर बहादुर विश्वकर्मा,पिता/पतिको नाम : मंगल बहादुर विश्वकर्मा,बाजे/ससुराको नाम : कालुमान कामी,स्थायी ठेगाना : लक्ष्मीनिया-६,महोत्तरी,ना.प्र.नं. :०४९०४६६४, |
| ८७. | ऋणीको नामः सुलेना देवी महतो,पिता/पतिको नाम : राज कुमार महतो, बाजे/ससुराको नामः सुर्जा महतो,स्थायी ठेगानाः ढल्केवर-३,धनुषा,ना.प्र.नं.:१७३०९६/१७६९, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : राज कुमार महतो,पिता/पतिको नाम : सुर्जा महतो,स्थायी ठेगाना : ढल्केवर-३,धनुषा,ना.प्र.नं. : २५६६३०९५ |
| ८८. | ऋणीको नाम : धन कुमारी सोमरे,पिता/पतिको नाम : घनश्याम राई,बाजे/ससुराको नाम : राम औतार राई,स्थायी ठेगाना : बिरवास-८,गुल्मी,ना.प्र.नं.: १४०९, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : आरती कुमारी राई,पिता/पतिको नाम : घनश्याम राई,बाजे/ससुराको नाम : राम औतार राई,स्थायी ठेगाना : मिथिला-६,धनुषा,ना.प्र.नं. : १७-०१-७८-१४७९९ |
| ८९. | ऋणीको नामः रिना देवी साह सोनार,पिता/पतिको नाम : सुरेन्द्र कुमार साह, बाजे/ससुराको नाम : रामवृक्ष साह सोनार,स्थायी ठेगाना : किसाननगर-८,महोत्तरी,ना.प्र.नं.: १८३०७३/१२४५, कर्जाको शीर्षक : साधारण/आकस्मिक एकलजमानीकर्ताको नाम : सोशिला देवी,पिता/पतिको नाम : राम वावु साह सोनार,बाजे/ससुराको नाम : सुखदेव साह सोनार,स्थायी ठेगाना : किसाननगर-२,महोत्तरी,ना.प्र.नं. :१८३०७३/१०७२ |
| ९०. | ऋणीको नाम : ममता देवी मिश्र,पिता/पतिको नाम : भुपेन्द्र मिश्र, बाजे/ससुराको नाम : देवन मिश्र,स्थायी ठेगाना :बर्दिवास-२,महोत्तरी,ना.प्र.नं.:१८३०७४/८३, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : सुमन मिश्र,पिता/पतिको नाम : भुपेन्द्र मिश्र,बाजे/ससुराको नाम : देवन मिश्र,स्थायी ठेगानाःबर्दिवास-२,महोत्तरी,ना.प्र.नं. :१८-०५-७३-००५७९ |

क्रमशः बाँकी पृष्ठ ६ मा

# चिनियाँ राष्ट्रपति सीद्वारा मध्यपूर्व शान्ति सम्मेलनका लागि आग्रह

एएफपी

बेइजिङ । चीनका राष्ट्रपति सी चिनफिङले इजरायल र हमासबीचको युद्धबारे बिहीबार एक शान्ति सम्मेलनका लागि आह्वान गर्नुभएको छ । उहाँले यस क्षेत्रसँगको सम्बन्धलाई मजबुत बनाउने उद्देश्यले आयोजित एक भेलामा अरब नेताहरूलाई सम्बोधन गर्नुभएको हो । राष्ट्रपति सीले यसै साता इजिप्टका राष्ट्रपति अब्देल फतह अल सिसी, इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यान र अन्य केही अरब नेताहरूलाई स्वागत गर्नुहुनेछ ।



Photo: Xinhua/Ju Peng

चीनले लामो समयदेखि मध्यपूर्वबाट कच्चा तेल आयात गर्दै आएको छ, र हालैका वर्षहरूमा आफ्नो प्रभाव विस्तार गर्न खोजेको छ ।चीनले इजरायल-प्यालेस्टाइन द्वन्द्वमा आफ्नो प्रतिद्वन्द्वी संयुक्त राज्य अमेरिकाभन्दा बढी तटस्थ भूमिका निर्वाह गरेको छ र इजरायलसँग राम्रो सम्बन्ध कायम राख्दै दुई राष्ट्र समाधानको वकालत गरिरहेको छ ।चीनले आफ्नो 'बेल्ट एण्ड रोड इन्फ्रास्ट्रक्चर इनिसियटिभ'मा मध्यपूर्वलाई एक प्रमुख विन्दुको रूपमा औंल्याएको छ । यो विदेशमा आफ्नो देशको प्रभाव विस्तार गर्ने सीको प्रयासको मुख्य आधार हो ।

प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै सीले इजरायल-हमास द्वन्द्व समाधानका लागि ' व्यापक' शान्ति सम्मेलनको प्रस्ताव गर्नुभएको छ ।"मध्यपूर्व विकासको व्यापक सम्भावना बोकेको भूमि हो, तर अझै युद्ध जारी छ," सीले भन्नुभयो । उहाँले युद्ध लम्बिन नहुने तर्क गर्दै भन्नुभयो, "युद्ध अनिश्चितकालसम्म चल्नु हुँदैन । न्याय सदाका लागि अनुपस्थित हुनु हुँदैन ।" सीपछि बोल्दै इजिप्टका राष्ट्रपति सिसीले गाजा पट्टीका प्यालेस्टिनीहरू आफ्नो युद्धग्रस्त क्षेत्रबाट विस्थापित नहुन् भन्ने सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्नुभयो ।

गाजासँग सीमा जोडिएको इजिप्टले सन् १९७८ मा इजरायलसँग ऐतिहासिक शान्ति सम्झौतामा हस्ताक्षर गरेको थियो ।"म अन्तर्राष्ट्रिय समुदायलाई गाजा पट्टीमा दीर्घकालीन मानवीय सहायता तत्काल उपलब्ध गराउन र इजरायली घेराबन्दी अन्त्य गर्न आह्वान गर्दछु," सिसीले भन्नुभयो ।

उहाँले प्यालेस्टिनीहरूलाई जबर्जस्ती आफ्नो भूमिबाट भाग्न बाध्य पार्ने कुनै पनि प्रयास रोक्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्नुभएको छ । इजरायली सेनाले गाजा पट्टी र इजिप्टबीचको सीमामा रहेको रणनीतिक फिलाडेल्फिया करिडोरमा ' गतिविधि नियन्त्रण' गरेको बुधबार बताएपछि सिसीको यो टिप्पणी आएको हो ।

यो करिडोरले गाजा र इजिप्टबीचको मध्यवर्ती क्षेत्रको रूपमा काम गरेको थियो र इजरायली सेनाले सन् २००५ सम्म गस्ती गरेको थियो ।

तर, गाजा पट्टीबाट व्यापक विघटनको भागको रूपमा हमासले उक्त जमिन प्यालेष्टिनी प्राधिकरणसँगबाट फिर्ता लिएको थियो ।लण्डनस्थित ' चाथम हाउसथिंक ट्याङ्क' का उपप्रमुख अहमद अबौदौहले एएफपीसँग भन्नुभयो, "सिसी इजरायलसँगको उच्च तनावको समयमा चीनको राजनीतिक समर्थन प्राप्त गर्न इच्छुक देखिनुहुन्छ ।"चीनले दशकौँदेखि इजरायल-प्यालेस्टाइन द्वन्द्वको दुई राष्ट्र समाधानको वकालत गर्दै आएको छ ।

बिहीबार सीले अरब विश्वसँग आफ्नो 'गहिरो आत्मीयता' रहेको भन्दै अरब समुदायको प्रशंसा गर्नुभएको थियो । उहाँले भन्नुभयो, "चीन र चिनियाँ जनता तथा अरब देश र त्यहाका जनताबीचको मित्रता प्राचीन सिल्क रोडको मैत्रीपूर्ण आदानप्रदानबाट सुरु भएको हो ।"'बेल्ट एण्ड रोड इनिसिएटिभ'अन्तर्गत २१ अरब राष्ट्रले बेइजिङसँग सहयोग सम्झौतामा हस्ताक्षर गरेका छन् ।"चीनले तेल र ग्यासमा अरब पक्षसँग रणनीतिक सहयोगलाई अझ बढाउनेछ र आपूर्ति सुरक्षालाई बजार सुरक्षासँग एकीकृत गर्नेछ," सीले भन्नुभयो ।

"चीन नयाँ ऊर्जा प्रविधि अनुसन्धान तथा विकास र उपकरण उत्पादनमा अरब पक्षसँग काम गर्न तयार छ," उहाँले भन्नुभयो । चीनले गत वर्ष साउदी अरब र उसको लामो समयदेखिको शत्रु इरानबीच मध्यस्थता गरेर यस क्षेत्रमा आफूलाई मध्यस्थकर्ताको रूपमा स्थापित गर्ने काम गरेको छ ।गत महिना उसले 'अन्तर-प्यालेस्टिनी मेलमिलापलाई बढावा दिने विषयमा गहन र स्पष्ट वार्ताका लागि' प्रतिद्वन्द्वी प्यालेस्टिनी समूह हमास र फताहलाई आमन्त्रण गरेको थियो ।

विश्लेषकहरूका अनुसार चीनले गाजामा जारी युद्धको फाइदा उठाउँदै यस क्षेत्रमा आफ्नो स्थितिलाई मजबुत बनाउन खोजिरहेको छ र कथित अमेरिकी निष्क्रियताविरुद्ध त्यो द्वन्द्व अन्त्य गर्ने प्रयास गरिरहेको छ ।वैदेशिक सम्बन्धका लागि युरोपेली परिषद् का क्यामिली लोन्सले एएफपीसँग भन्नुभयो, "बेइजिङले जारी द्वन्द्वलाई अन्तर्राष्ट्रिय परिदृश्यमा पश्चिमाहरूको दोहोरो मापदण्डको आलोचना गर्ने र वैकल्पिक विश्व व्यवस्थाका लागि आह्वान गर्ने सुनौलो अवसरको रूपमा हेरेको छ ।

# टी-२० विश्वकपमा सर्वाधिक रन बनाउँदै ब्याट्सम्यानको सूचीमा एसियाली खेलाडीको दबदबा



काठमाडौं । आईसीसी टी-२० विश्वकपको नवौं संस्करण जुन १ देखि २९ तारिखसम्म अमेरिका र वेस्ट इन्डिजमा संयुक्त रुपमा आयोजना हुँदैछ । यसपटक विश्वकपमा २० वटा राष्ट्रले सहभागिता जनाउँदै छन् । प्रतियोगितामा सहभागी हुन अधिकांश राष्ट्रका खेलाडी आयोजनास्थल पुगिसकेका छन् । यसअघि टी-२० विश्वकपको आठ संस्करण सम्पन्न भइसकेका छन् । यस अवधिमा टी-२० विश्वकपमा थुप्रै खेलाडीले फरक-फरक कीर्तिमान पनि बनाएका छन् । टी-२० विश्वकपको इतिहासमा सर्वाधिक रन बनाउने खेलाडीको विषयमा यहाँ चर्चा गरिएको छ ।सन् २००७ देखि सुरु भएको टी-२० विश्वकपमा सर्वाधिक रन बनाउने ब्याट्सम्यानको सूचिमा एसियाली राष्ट्रका खेलाडीको वाहुल्य देखिन्छ । भारतीय ब्याट्सम्यान विराट कोहली त्यसमा सबैभन्दा अगाडि छन् ।

विराट कोहली : चर्चित भारतीय ब्याट्सम्यान विराट कोहलीले टी-२० विश्वकपमा हालसम्म २७ खेल खेलिसकेका छन् । विराटले २७ खेलको २५ पालीमा कुल एक हजार एक सय ४१ रन बनाइसकेका छन् । टी-२० विश्वकपमा उनको स्ट्राइकर रेट १३१.३० रहेको छ ।यस क्रममा उनले १४ वटा अर्धशतक पनि प्रहार गरेका छन् । टी-२० विश्वकपको आठौँ संस्करण सकिँदासम्म विराटले २८ छक्का र एक सय तीनवटा चौका पनि हिर्काएका छन् । विराट टी-२० विश्वकपको नवौं संस्करणका लागि पनि टोलीमा परेका छन् ।

माहेला जयाबर्द्धने : आफ्नो समयका प्रभावशाली श्रीलंकाली खेलाडी माहेला जयाबर्द्धनेले टी-२० विश्वकपमा कुल ३१ खेल खेलेका छन् । जयाबर्द्धनेले टी-२० विश्वकपमा कुल एक हजार १६ रन बनाइका छन् ।टी-२० विश्वकपमा उनको स्ट्राइक रेट १३४.७४ रहेको छ । उनले टी-२० विश्वकपमा ६ वटा अर्धशतक पनि प्रहार गरेका छन् । यस क्रममा उनले २५ छक्का र एक सय ११ वटा चौका पनि हिर्काएका छन् । उनी नवौं विश्वकपका लागि घोषित टोलीमा सहभागी छैनन् ।क्रिस गेल : क्रिस गेल वेस्ट इन्डिजका आक्रामक ब्याट्सम्यान हुन् । उनले आफ्नो अन्तिम टी-२० विश्वकप सन् २०२१ मा खेलेका थिए । उनले टी-२० विश्वकपमा ३३ खेल खेलेका छन् । विश्वकपको ३१ पालीमा उनले कुल नौ सय ६५ रन बनाएका छन् ।टी-२० विश्वकपमा उनको स्ट्राइक रेट १४२.७५ रहेको छ । गेलले यस क्रममा दुई शतक र सातवटा अर्धशतक पनि प्रहार गरेका छन् । यस क्रममा उनले ६३ छक्का र ७८ वटा चौका पनि प्रहार गरेका छन् । उनी हाल क्यारेबियन टोलीको सदस्य छैनन् ।

रोहित शर्मा : रोहित शर्मा भारतीय टोलीका वर्तमान कप्तान हुन् । उनकै कप्तानीमा भारतले टी-२० विश्वकपको नवौं संस्करण खेल्ने तयारी गरिरहेको छ । उनी टी-२० विश्वकपमा सर्वाधिक खेल खेल्ने खेलाडी पनि हुन् ।रोहित शर्मााले हालसम्म टी-२० विश्वकपमा ३९ खेल खेलिसकेका छन् । उनले ३६ पालीमा कुल नौ सय ६३ रन बनाएका छन् । उनको स्ट्राइक रेट १२७.८८ रहेको छ । उनले टी-२० विश्वकपमा नौवटा अर्धशतक पनि प्रहार गरेका छन् । यस क्रममा उनले ३५ छक्का र ९१ वटा चौका हिर्काएका छन् ।

तिलकरत्ने दिल्सान : तिलकरत्ने दिल्सान श्रीलंकाली टोलीका पूर्वखेलाडी हुन् । उनले आफ्नो अन्तिम टी-२० विश्वकप सन् २०१६ मा खेलेका थिए । उनी आफ्नो समयका आक्रामक ब्याट्सम्यान थिए । उनले टी-२० विश्वकपमा ३५ खेल खेलेका थिए ।विश्वकपको ३४ पालीमा उनले कुल नौ सय ८७ रन बनाएका छन् । टी-२० विश्वकपमा उनको स्ट्राइक रेट १२४.०६ रहेको छ । उनले टी-२० विश्वकपमा ६ वटा अर्धशतक पनि प्रहार गरेका छन् । यस क्रममा उनले २० छक्का र एक सय एक चौका पनि हिर्काएका छन् ।रातोपाटी

# भारतमा बढ्दो तापक्रमले स्वास्थ्य सङ्कट निम्त्याउन सक्ने विज्ञहरूको चेतावनी

एएफपी

नयाँदिल्ली । भारतमा बढ्दो तापक्रमले देशका भीडभाडयुक्त सहरहरूमा स्थितिमा प्रतिकूल प्रभाव पारिरहेको छ । साथै चरम गर्मी द्रुतरूपमा सार्वजनिक स्वास्थ्य सङ्कटको विषय बनिरहेको विज्ञहरूले बिहीबार बताएका छन् ।

भारतका धेरै सहरले ४५ डिग्री सेल्सियसभन्दा बढी तापक्रमका साथ अत्यधिक गर्मीको लहर झेलिरहेका छन् । तीन करोडभन्दा बढी जनसंख्या भएको राजधानी नयाँदिल्लीमा बुधबार उच्च तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो ।

भारतीय सञ्चार माध्यमका अनुसार बिहीबार सहरका एक मजदुरको गर्मीका कारण मृत्यु भएको छ ।

"सहरीकरण र जलवायु परिवर्तनको प्रभावबाट सहरहरू बढी जोखिममा छन,", अनुसन्धान संस्थान क्लाइमेट ट्रेन्ड्सकी निर्देशक आरती खोसलाले भन्नुभयो, "बढ्दो जनसङ्ख्याका कारण मौसमको ढाँचा परिवर्तन हुँदै जाँदा अत्यधिक गर्मी, खडेरी र कम वर्षाका दिनहरूको सामना गर्नुपरेको छ ।

"खोसलाले बढ्दो तापक्रम आजका दिनमा भारतको कल्याणका लागि सबैभन्दा ठूलो खतरा रहेको साथै दिल्ली र अन्य क्षेत्रको हालैको तापक्रम मानव अस्तित्वका लागि खतराको प्रमाण भएको बताउनुभयो ।

भारत गर्मीसँग अपरिचित छैन तर जलवायु परिवर्तनका कारण तापक्रम अत्यधिक, बारम्बार र अधिक तीव्र गतिले फेरबदल भइरहेको वर्षौंको वैज्ञानिक अनुसन्धानले देखाएको छ ।नयाँदिल्लीको सेन्टर फर साइन्स एन्ड इन्भाइरोमेन्ट (सिएसई) ले यस महिना प्रकाशित गरेको एक अध्ययनअनुसार भारतीय सहरहरू २००१-२०१० को दशकमा जति चिसो थिए त्यति हाल रातमा पनि चिसो नभएको बताएको छ ।

"तातो रातहरू दिउँसोको चरम तापक्रम जत्तिकै खतरनाक हुन्छन् । यदि रातभरि तापक्रम उच्च रह्यो भने मानिसहरूले दिनको गर्मीबाट निको हुने सम्भावना थोरै हुन्छ र यसले शरीरमा लामो समयसम्म तनाव दिन्छ", अध्ययनले बताएको छ ।

सन् २०१६ मा राजस्थानको थार मरुभूमिको किनारमा रहेको फलोदीमा तापक्रम ५१ डिग्री सेल्सियस पुगेको थियो । यो भारतमा अहिलेसम्मको सबैभन्दा उच्च पुष्टि गरिएको तापक्रम हो ।



अनुसन्धानकर्ताका अनुसार मानव-प्रेरित जलवायु परिवर्तनले भारतमा विनाशकारी गर्मीको प्रभाव निम्त्याइरहेको छ र यसलाई चेतावनीको रूपमा लिनुपर्छ ।

"कोइला, तेल र ग्यास जलाएर र वन विनाशले निम्त्याएको जलवायु परिवर्तनका कारण भारतले यस हप्ता कठिन मौसमी परिस्थितिको सामना गरिरहेको छ", इम्पेरियल कलेज लन्डनका जलवायुविद् र वर्ल्ड वेदर एट्रिब्युसनका निर्देशक फ्रेडेरिक ओटोले भन्नुभयो ।

विश्वको सबैभन्दा धेरै जनसंख्या भएको भारत हरितगृह ग्याससहरूको तेस्रो ठूलो उत्सर्जक हो तर २०७० सम्ममा शून्य उत्सर्जन अर्थव्यवस्था हासिल गर्न प्रतिबद्ध रहेको छ ।

हाल यो विद्युत् उत्पादनका लागि कोइलामा अत्यधिक निर्भर छ ।

# अफगानिस्तानमा महिलाको अवस्थाबारे चिन्ता व्यक्त

एएनआई

काबुल । अफगानी महिलाहरू आफ्नो आधारभूत अधिकारबाट वञ्चित रहँदा संयुक्त राष्ट्रका अधिकारीहरूले अफगानिस्तानमा तालिबान शासनले निम्त्याएको महिलाहरूको अवस्थाबारे चिन्ता व्यक्त गरेका छन् ।

न्युयोर्कमा भएको 'महिला, युवाले शान्ति निर्माण प्रयासमा बढी सहभागिता' शीर्षकको बैठकमा संयुक्त राष्ट्रसङ्घले अफगानी महिला विशेष गरी किशोरीहरूको शिक्षाको अधीकार हनन भएकोमा चिन्ता व्यक्त गरेका हुन् ।संयुक्त राष्ट्रसङ्घको राजनीतिक तथा शान्ति निर्माण मामिलाकी उपमहासचिव रोजमेरी डिकार्लोले अफगानिस्तानमा महिलाको अस्तित्व हराएको बताउनुभएको छ । "सरकारको सरल पहलमा महिलाहरूको पूर्ण योगदानलाई अस्वीकार गर्ने अवरोधहरू पार गर्न सकिन्छ," डिकार्लोले बैठकमा भन्नुभयो । लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि संयुक्त राष्ट्र निकाय (यूएन-महिला) का कार्यकारी निर्देशक सिमा बाहुसले तथ्याङ्कमा जोड दिदैँ भन्नुभयो, "अफगानिस्तानमा सन् २०२१ को प्रतिबन्धपछि ११ लाख किशोरी विद्यालय शिक्षाबाट वञ्चित छन् ।"

अढाई वर्षभन्दा बढी समय बितिसक्दा पनि तालिवान सरकारले केटीहरूका लागि विद्यालय पुनः खोल्ने सम्बन्धमा कुनै नयाँ सुचना दिएको छैन । तालिबानले अफगानिस्तानमा आफ्नो नियन्त्रण बलियो बनाउँदै जाँदा देशमा मानवीय सङ्कट झन् बिग्रँदै गएको छ । संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले अफगानिस्तानमा 'महिला र केटीहरूको अधिकार सुनिश्चित गर्ने' आवश्यकतामा जोड दिनुभयो र यसका लागि अफगानी अधिकारीहरूसँग समन्वय गर्न आवश्यक रहेको बताउनुभयो । रासस


## Madhesh Provincial Government
## Ministry of Health and Population
## Province Health Logistic Management Centre
### Madhesh Province
### Janakpurdham, Nepal

# Notice of Intention to Award

**Date of Notice: 31th May, 2024 (18th Jestha, 2081)**

Pursuant to clause 27 (2) and 47 (3) of Public Procurement Act 2063, this is to notify all the bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on National News Paper PHLMC, Madhesh intends to award the contracts to the same.

| S.N. | IFB no | Name of Successful Bidder | Total Amount NPR (Inclusive of VAT) |
|---|---|---|---|
| 1 | MP/PHLMC/NCB/GOODS-16/2080-81(Procurement, Delivery, Supply and Installation of ENT Operating Microscope and Endoscope) | Life Line Trade International Pvt. Ltd | 5,37,72,180 |

**The Director**

| | |
|---|---|
| ९१. | ऋणीको नामः पानो साहु,पिता/पतिको नाम :सिरिया साह,बाजे/ससुराको नाम : दशरथ साह,स्थायी ठेगाना : बर्दिवास-५,महोत्तरी,ना.प्र.नं.: १८३०७४/४९२, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : मधु साह,पिता/पतिको नाम : सिरिया साह,बाजे/ससुराको नाम : दशरथ साह,स्थायी ठेगाना : बर्दिवास-१४,महोत्तरी,ना.प्र.नं. : १८-०५-७६-००२४३ |
| ९२. | ऋणीको नामःरोजिना विश्वकर्मा,पिता/पतिको नाम :दिपक वि.क.,बाजे/ससुराको नाम :राज कुमार विश्वकर्मा,स्थायी ठेगानाः बर्दिवास-७,महोत्तरी,ना.प्र.नं.:१८-०५-७५-०२४४१, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : मसिने कामी,पिता/पतिको नाम : अवे कामी,बाजे/ससुराको नाम : बुधे कामी,स्थायी ठेगाना : बर्दिवास-२,महोत्तरी,ना.प्र. नं. :४९६०१२५७ |
| ९३. | ऋणीको नाम : चन्द्रकला देवी,पिता/पतिको नामः निरंजन महतो, बाजे/ससुराको नामः विन्देश्वर महतो,स्थायी ठेगानाः पशुपतिनगर-९,महोत्तरी,ना.प्र.नं.:१८३०६२/७५४, कर्जाको शीर्षक : साधारण/आकस्मिक एकलजमानीकर्ताको नाम : फुलो देवी,पिता/पतिको नाम :राजेश महतो,बाजे/ससुराको नाम : जँगल महतो,स्थायी ठेगाना : पशुपतिनगर-९,महोत्तरी,ना.प्र.नं. :१८३०६२/८२३ |
| ९४. | ऋणीको नाम : ममता देवी,पिता/पतिको नाम : राम बावु महतो, बाजे/ससुराको नाम :राम अतार महतो,स्थायी ठेगाना :पशुपतिनगर-९,महोत्तरी, ना.प्र.नं.: १८३०६२/८९, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : राम बावु महतो,पिता/पतिको नाम : राम अतार महतो,बाजे/ससुराको नाम : जगदेव महतो,स्थायी ठेगाना : पशुपतिनगर-९,महोत्तरी,ना.प्र.नं. :७०७३०७९४ |
| ९५. | ऋणीको नाम : श्रीपती देवी,पिता/पतिको नाम : जय करण यादव,बाजे/ससुराको नाम : लक्ष्मण यादव,स्थायी ठेगाना :जनकपुर-१४,धनुषा,ना.प्र.नं.:१७-०१-७५-१३२६१, कर्जाको शीर्षक : साधारण/आकस्मिक एकलजमानीकर्ताको नाम : जय करण यादव,पिता/पतिको नाम : लक्ष्मण यादव,स्थायी ठेगाना : जनकपुर-१४,धनुषा,ना.प्र.नं. :१७-०१-७१-०४७४२ |
| ९६. | ऋणीको नाम : अमिरकाला कुमारी महतो,पिता/पतिको नाम : निरंजन महतो, बाजे/ससुराको नाम : विन्देश्वर महतो,स्थायी ठेगाना : पशुपतिनगर-९,महोत्तरी,ना.प्र.नं. : १८-२-०६२/१७३, कर्जाको शीर्षक : साधारण/आकस्मिक एकलजमानीकर्ताको नाम : रीता कुमारी महतो,पिता/पतिको नाम : जगदिश सिंह,बाजे/ससुराको नाम : चौधरी सिंह,स्थायी ठेगानाः पशुपतिनगर-९,महोत्तरी,ना.प्र.नं. :१८-०२-६२/१०८ |
| ९७. | ऋणीको नाम : कल्पना परियार,पिता/पतिको नाम : डम्वर बहादुर परियार, बाजे/ससुराको नाम : गनिसे दमाई, स्थायी ठेगाना : त.गोदार-९,धनुषा,ना.प्र.नं.: ५९५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम :डम्वर बहादुर परियार,पिता/पतिको नाम : गनिसे दमाई, बाजे/ससुराको नाम : विरे दमाई,स्थायी ठेगाना : किसाननगर-६,महोत्तरी,ना.प्र.नं. : १८-२-०७३/२७४ |
| ९८. | ऋणीको नाम : मित्र कुमारी पुलामी,पिता/पतिको नाम : हितेश कुमार झा,बाजे/ससुराको नाम : देवेश्वर झा,स्थायी ठेगाना : ढल्केवर-५,धनुषा,ना.प्र.नं. :२५६६६२५५, कर्जाको शीर्षक :आकस्मिक एकलजमानीकर्ताको नामः हितेश कुमार झा,पिता/पतिको नाम : देवेश्वर झा,बाजे/ससुराको नाम : बलन झा,स्थायी ठेगाना : स.महेन्द्रनगर-१,धनुषा,ना.प्र.नं. : १६३०९०/३३७ |
| ९९. | ऋणीको नाम : मेनुका विश्वकर्मा, पिता/पतिको नाम : नारायण विश्वकर्मा, बाजे/ससुराको नाम : धोक्रे कामी,स्थायी ठेगाना : तावाश्री-५,उदयपुर, ना.प्र.नं. : १४३०३२/३७, कर्जाको शीर्षक :आकस्मिकएकलजमानीकर्ताको नाम : मान बहादुर विश्वकर्मा,पिता/पतिको नाम : सन बहादुर विश्वकर्मा,बाजे/ससुराको नाम : लक्ष्मण विश्वकर्मा,स्थायी ठेगाना : दमक-६,झापा,ना.प्र.नं. : २३११,३१५६ |
| १००. | ऋणीको नाम :रमा बलम्पाकी,पिता/पतिको नाम :दलक बहादुर वलम्पाकी,बाजे/ससुराको नाम : डम्वर बहादुर वलम्पाकी,स्थायी ठेगाना : किसाननगर-२,महोत्तरी,ना.प्र.नं.: १८-१-०७३/६११, कर्जाको शीर्षक :आकस्मिक एकलजमानीकर्ताको नाम : सिमा वलम्पाकी,पिता/पतिको नाम : दलक बहादुर वलम्पाकी,बाजे/ससुराको नामः डम्वर बहादुर वलम्पाकी,स्थायी ठेगाना : बर्दिवास-६,महोत्तरी,ना.प्र.नं. : १८-०५-७४-०१५१७ |
| १०१. | ऋणीको नाम : चन्द्रकला देवी,पिता/पतिको नाम : राम चन्द्र महतो, बाजे/ससुराको नाम : कैलु महतो,स्थायी ठेगाना : बर्दिवास-९,महोत्तरी,ना.प्र.नं.: १८३०६२/३६०, कर्जाको शीर्षक :आकस्मिक एकलजमानीकर्ताको नाम : राम चन्द्र महतो,पिता/पतिको नाम : कैलु महतो,बाजे/ससुराको नाम : राम सुनर महतो,स्थायी ठेगाना : पशुपतिनगर-२,महोत्तरी,ना.प्र.नं. : १८७०७३०५५७ |
| १०२. | ऋणीको नाम : पवन देवी मोची,पिता/पतिको नाम : राम अशिष मोची चमार, बाजे/ससुराको नाम : नथुनी चमार, स्थायी ठेगाना : फुलकाट्टाकट्टी-४, सिराहा, ना.प्र.नं.: ०३४६२०६७, कर्जाको शीर्षक :आकस्मिक एकलजमानीकर्ताको नाम : राम अशिष मोची चमार,पिता/पतिको नाम : नथुनी चमार,बाजे/ससुराको नाम : भङ्गी मोची चमार,स्थायी ठेगाना : बेल्ही-५,सिराहा,ना.प्र.नं. : १६०९ |
| १०३. | ऋणीको नाम : पम्फा माया, पिता/पतिको नाम : मित्र बहादुर के.सी., बाजे/ससुराको नाम : टिकाराम खत्री, स्थायी ठेगाना : बर्दिबास-१, महोत्तरी, ना.प्र.नं.: १८१०७४/२००, कर्जाको शीर्षक :आकस्मिक एकलजमानीकर्ताको नाम : दिल बहादुर राना,पिता/पतिको नाम : गंगा बहादुर राना,बाजे/ससुराको नाम : डम्वर बहादुर राना,स्थायी ठेगाना : बर्दिबास-८,महोत्तरी,ना.प्र.नं. : ०४९३४१०४ |
| १०४. | ऋणीको नाम : पविता विश्वकर्मा, पिता/पतिको नाम : शंकर बहादुर कामी, बाजे/ससुराको नाम : पंच बहादुर कामी, स्थायी ठेगाना : रानिगंज-१, सर्लाही, ना.प्र.नं. : १९/२०९६/१२१, कर्जाको शीर्षक :आकस्मिक एकलजमानीकर्ताको नाम : शंकर बहादुर कामी,पिता/पतिको नाम : पंच बहादुर कामी,बाजे/ससुराको नाम : कविरमान विश्वकर्मा,स्थायी ठेगाना : बर्दिबास-९, महोत्तरी,ना.प्र.नं. : ०४९२७७२२/१२३६ |

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.

केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना :ashamicrofinance@gmail.com/info@ashamicrofinance.com.np

# खोकनामा परम्परागत तेल मिल सञ्चालनमा आउँदै



ललितपुर । ललितपुर महानगरपालिका-२१ खोकना शुद्ध तोरीको तेल पाइने ठाउँका रुपमा परिचित छ । केही वर्ष अघिसम्म खोकनावासीको मुख्य पेसा भनेकै तेल व्यवसाय थियो । हाल खोकनावासी कृषिमा आवद्ध भए पनि तेल व्यवसाय सञ्चालन गर्ने कम मात्रामा छन् ।

खोकनाको चार टोलमा चार परम्परागत तोरी पेल्ने काठको मिललाई विसं २०७२ को भूकम्पले क्षति पुऱ्याएपछि २०७४ देखि ललितपुर महानगरले पुनःनिमार्ण कार्य सुरु गरेको ललितपुर-२१ का वडाध्यक्ष रवीन महर्जन बताउनुहुन्छ । उहाँले भन्नुहुन्छ, "खोकना शुद्ध तोरीको तेल पाइने ठाउँको रुपमा परिचित रहेको कारण इतिहास बचाउनलाई र यहाँका बासिन्दालाई व्यवसायमा जोड्नलाई मिल तयार गर्न लागेका हौं ।"

खोकनावासीलाई व्यवसायमा जोड्न र खोकना ऐतिहासिक गाउँ रहेका कारण आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न परमपरागत मिल सञ्चालनमा ल्याउन लागेको वडाध्यक्ष महर्जनको भनाइ छ ।

उहाँका अनुसार ऐतिहासिक रुपमा चार टोलमा सञ्चालित चार मिलका लागि भवन निर्माण कार्य करिब सकिएको र अब यो वर्षभित्र सञ्चालनमा आउनेछ । हाल खोकनाका स्थानीयले आधुनिक मेसिनबाट चल्ने तोरी मिल प्रयोग गरेर व्यवसाय सञ्चालन गरे पनि परम्परागत रुपमा चलिएको काठको मिल एउटा मात्र छ ।' ग्याबु ज्यासा' तेल मिल स्थानीय कान्छा महर्जनले सम्झौताअनुसार सञ्चालन गर्दै आउनुभएको छ । अन्य ह्योबु टोल, धोकासी टोल र थलसी टोलका परम्परागत मिल २०७२ सालको भूकम्पपछि सञ्चालनमा आउन सकिरहेका छैनन् । ती परम्परागत मिललाई सञ्चालनमा ल्याउन महानगरले पहल गरिरहेको छ ।

ललितपुरको खोकना कृषि पेसा र संस्कृतिमा अब्बल भएका कारण यहाँको परम्परालाई बचाउनुपर्ने खोकनाका स्थानीय ६१ वर्षका हरिराम डुङ्गोल बताउनुहुन्छ । "आजभन्दा ३० वर्ष अगाडि खोकनामा 'अर्गानिक' उत्पादन हुन्थ्यो, स्थानीयवासी खेतीपाती, पशुपालन र तेल व्यवसायमा आवद्ध थिए, अहिले परम्परागत पेसा विस्तारै हराउँदै गरएको छ", उहाँले भन्नुभयो । त्यसैगरी आफूहरु तोरीको तेल बेच्न काठमाडौँ उपत्यकाका विभिन्न ठाउँलगायत धादिङ र नुवाकोटसम्म पुगेको स्थानीय ८१ वर्षका पुनलाल महर्जन बताउनुहुन्छ । उहाँ विगत सम्झँदै भन्नुहुन्छ, "अहिले त फोनको भरमा घरमै तोरी आउँछ, तेल लिनका लागि पनि घरमै ग्राहक आउँछन्, त्यो समयमा तेल बोकेर तोरी साट्न नुवाकोट, रसुवा लगायतका जिल्लासम्म पुग्नुपर्थ्यो ।"

खोकनावासीको मुख्य पेसा तेल व्यवसाय रहेको इतिहास भए पनि त्यो इतिहास विस्तारै मेटिन थालेको खोकनाका स्थानीय ७० वर्षीय रामलाल महर्जन बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "अहिले परम्परागत काठको मिल छैनन्, सबै आधुनिक मिल छन्, धेरैले परम्परागत तेल व्यवसाय पनि छाडिसके, वास्तवमा परम्परालाई बचाउनुपर्ने हो ।"रासस

# सोह्रौं योजना कार्यन्वयनमा लगानीका चुनौती




काठमाण्डु । सोह्रौं योजना कार्यन्वयनका लागि लगनी मुख्य चुनौतीको रुपमा देखिएको सरोकारवालाले बताउनुभएको छ। राष्ट्रियसभा, विकास, आर्थिक मामिला तथा सुशासन समितिमा विहिबार भएको 'पञ्चवर्षीय योजनाको मुख्य विषयवस्तु र अतिकम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नतिको लागि सरकारको रणनीति तयारी'सम्बन्धी छलफलमा सरोकारवालाले उक्त योजना कार्यन्वयनमा लगानीको समस्या रहेको बताउनुभएको हो ।

समितिका सदस्य धनश्याम रिजालले सोह्रौं योजनाका लक्ष्य कार्यन्वयनका लागि आइपर्ने चुनौतीको विश्लेषण गर्नुपर्ने र समस्या समाधानका लागि पहल अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको छ ।

"सोह्रौं योजनाका लक्ष्यमहत्वकांक्षी छन्," उहाँले भन्नुभयो, "योजना कार्यन्वयनका लागि आन्तरिक तयारमिा जुट्न आवश्यक छ ।"योजना आयोगका सदस्य डा रामकुमार फुयालले वैदेशकि ऋणलाई विकास आयोजनामा खर्च गरेमा उत्पादकत्व वृद्धि भई सोह्रौं योजनाको लक्ष्य कार्यन्वयन हुने बताउनुभयो । "योजनाका लक्ष्य कार्यान्वयनका लागि आन्तरिक उत्पादन गरेर खपत बढाउने लक्ष्य लिएका छौं," उहाँले भन्नुभयो, "गरिबी निवारणका लागि रोजगारी वृद्धिका लक्ष्यलाई प्रथामिकता दिने लक्ष्य रहेको छ ।"

राष्ट्रिय योजना आयोगका सदस्य-सचिव डा तोयनारायण ज्ञावालीले मुलुकको बढ्दो व्यापार घाटा तथा लगानीको चुनौती नै सोह्रौं योजना कार्यान्वयनका मुख्य समस्या रहेकोमा प्रष्ट पार्नुभयो । "सोह्रौं योजना कार्यन्वयनका लागि छिट्टै कार्यविधि बनाउने तयारी गरिहेका छौं," उहाँले भन्नुभयो, "९० भन्दा बढी एक अर्ब लागतका आयोजनाको अनुगमन गर्न छुट्टै निकायको प्रबन्ध गरिने छ ।"

सोह्रौं योजना कार्यान्वयन गर्नका लागि अनुमानित लगानी करिब रु एक सय ११ खर्ब लाग्ने भएको छ । संरचनात्मक रुपान्तणका क्षेत्रहरुमध्ये समष्टिगत आर्थिक आधारको सबलीकरण र उच्च आर्थिक वृद्धि गर्ने, उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने रहेको छ । यसैगरी अन्य क्षेत्रहरुमध्ये उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा गर्ने, स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण गर्ने, गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आवद्धताका क्षेत्रहरु छन् ।

योजनावद्ध, दिगो र उत्थानशील सहरीकरण तथा बस्ती विकास, लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज निर्माण, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास, गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण, प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता वृद्धि, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र, अतिकम विकसितबाट विकासशील राष्ट्रमा सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयनका क्षेत्र तोकिएका छन् । सार्वजनिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८५/८६ सम्म प्रतिव्यक्ति आय वार्षिक दुई हजार तीन सय ५१ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेको छ ।रासस

# नयाँ बजेटलाई होटल सङ्घद्वारा स्वागत

काठमाण्डु । सरकाले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा आर्थिक समृद्धिको रुपमा पर्यटन क्षेत्रलाई प्राथमिकताकासाथ घोषणा गरेकामा होटल व्यवसायीहरुको छाता सङ्गठन होटल सङ्घ नेपालले स्वागत गरेको छ ।

वार्षिक बजेटले निर्धारण गरेको विकासका पाँच रुपान्तरणकारी मुख्य क्षेत्रमध्ये छिटो आर्थिक समृद्धि दिन सक्ने पर्यटन क्षेत्रलाई पहिचान गरी प्राथमिकताका साथ घोषणा भएकोमा उत्साहित भएको जनाउदै सङ्घले कार्यक्रमको कार्यान्वयन निजी क्षेत्रको प्रचुर सहभागिता र अग्रसरताबाट हासिल गर्ने सरकारी रणनीति स्वागतयोग्य रहेको विज्ञप्तिमार्फत जनाएको हो ।

सङ्घले सातै प्रदेश समिटिने गरी प्रमुख पर्यटकीय गन्तव्यको मार्गचित्र तयार गर्ने गतिविधि अवधारणा उल्लेखनीय रहेको जनाएको छ । व्यापक पर्यटकीय सम्भावना बोकेको भारत र चीनसँगको क्रस बोर्डर पर्यटन विकासका लागि घोषित बुद्ध, शिव, रामायण परिपथ र सीमाबाट नेपालका प्रमुख तीर्थस्थलसम्म सीधा बस सेवा, सीमा क्षेत्रमा पर्यटकलाई एकद्वार सेवा प्रदान गर्ने घोषणा उपयुक्त रहेको सङ्घले जनाएको छ ।

मध्यपहाडी लोकमार्गमा टाकुरा पर्यटन हिल स्टेसन विकास गर्ने, होटल रिसोर्ट सञ्चालनका लागि जग्गा भाडामा दिने, ग्रेटर हिमालयन, मुन्धुम र गुरिल्ला ट्रेल व्यवस्थित गर्ने बजेटको योजना सकारात्मक रहेको जनाएको छ ।

सगरमाथा एवं विश्व प्रख्यात हिमशृङ्खलाप्रति विश्वव्यापी अत्यधिक आकर्षण र मोह रहिआएको सन्दर्भमा नेपाली पर्यटनलाई थप लाभ लिन बजेटले घोषणा गरेको हिमालयन रिसोर्स सेन्टरको अवधारणा सराहनीय रहेको र यसबाट पर्यापर्यटन, साहसिक पर्यटनलगायतका गतिविधि गर्न खर्चालु विदेशी पर्यटकको ठूला ठूला समूह भित्र्याउन निजी क्षेत्रलाई अग्रसर गर्ने योजना समय सापेक्ष रहेको सङ्घको भनाइ छ ।

साथै बजेटले घोषणा गरेको सबै प्रदेशमा सञ्चालन गरिने मास्टर किचेनको प्रभावकारी सञ्चालनमा सङ्घले आफ्नो अनुभव र दक्षता उपलब्ध गराउने पनि जनाएको छ ।

सङ्घले १६ लाख पर्यटक भित्र्याउने लक्ष्य मौजुदा होटल र पर्यटनको सेवा क्षमताको आधा मात्र रहेको जनाउँदै काठमाडौँलगायत नवनिर्मित भैरहवा र पोखराको अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सुचारु गर्न सके हालको पर्यटक आगमन दोब्बर गर्न सकिने जनाएको छ ।

बजेटमा पर्यटन विकासका लागि सरकारले घोषणा गरेको पर्यटन विकास दशक र विशेष पर्यटन वर्षबारे केही उल्लेख नभएकोप्रति भने सङ्घले निराशा व्यक्त गरेको छ ।रासस

## कस्तो छ जनकपुरधामको व्यापार ?

# के भन्छन् व्यापारी ?

*ज्योति झा*

जनकपुरधाम ।

जनकपुरधाम वास्तवमा धाम नै हो, ५२ कुट्टी र ७२ कुण्डको नामले परिचित यस शहरको आफ्नो बेग्लै धार्मिक महत्व छ । पोखरी र मठमन्दिरले सजिएको जनकपुरधाम धर्म, संस्कृति र पुरातात्विक महत्वले भरिएको छ । जमिनको महत्वले कुनै ठाउँ धाम बन्छ र जलको महत्वले कुनै स्थान तीर्थ बन्छ । नेपालको मधेश प्रदेशको धनुषा जिल्लामा रहेको प्रादेशिक राजधानी जिल्ला सदरमुकाम र एक उपमहानगरपालिका हो । धनुषा जिल्लाको पहिलो नगरपालिका रहेको यो नगरको नामाकरण प्राचीन मिथिला क्षेत्रको राजा जनकको नामबाट भएको हो । र, राजा जनककी सुपुत्री जानकीले विश्व समक्ष परिचित नाम हो जनकपुरधाम, जानकी नगरी ।

जनकपुरधाम धार्मिक नगरी भएकोले यहाँ जानकी मन्दिरको पुजा, दर्शन गर्न नेपालका साथै भारतको श्रद्धालु भक्तजन र पर्यटकहरू आउँछन् । जस्तै दक्षिण भारत, राजस्थान, युपी, गुजरात, महाराष्ट्र, हरियाणा, बिहारबाट हजारौंको संख्यामा पर्यटक आउने गर्छन । झन बिबाहपञ्चमी, राम नवमी, छठमा त इन्डोनेसिया, जापान, चीन लगायतका मुलुकबाट पनि पर्यटकहरू जनकपुरधाम आउँछन् । उनीहरूले यहाँको संस्कृति, पहिरन, मिथिलाको व्यञ्जन मन पराउँछन् । पहीला त यहाँ भारतिय गाडीको चाप बढी देखिन्थ्यो । जसले गर्दा होटल व्यापारी देखि बाटोमा भएका ठेला, रिक्साबालाहरुको पनि राम्रै कमाइ हुन्थ्यो ।

तर, अहिले अवस्था जीर्ण बन्दै गएको देखिन्छ । दिनानुदिन व्यापार र व्यापारी मर्कामा पर्दै गएका छन् । यसको कारण र कमजोरी स्थानिय निकाय, सरकार, व्यापार संघले गर्दा पनि हो । पर्यटकलाई आकर्षित गर्न, नगरको सौन्दर्यीकरण गर्नमा स्थानिय सरकारको चासो नहुनु दुःखद देखिन्छ । नेपाल भन्दा भारतमा सरसामानको मुल्य सस्तो छ । यहाँ आम्दानी छैन, रोजगारी छैन । तर, महंगी चरम सीमामा छ । तैपनि सरकारलाई कुनै चासो छैन । बोर्डर देखि नजदीक भएकोले पनि यहाँका अधिकांश मानिस भारतबाट सामान ल्याउँछन् । जसले यहाँका व्यापारीको व्यापार चौपट छ । पहिला त ब्याक एरियामा सटर भेटिदैन्थ्यो । अहिले त चोकमा पनि खाली छ । कारण कतियौं व्यापारी उठीबास भए भने कतिले पेशा नै बदलिदिए । स्थानीय सरकारका प्रतिनिधि चुनाव जितेदेखि कार्यक्रममा जानु, भत्ता लिनु र जुन काममा व्यक्तिगत फायदा छ त्यसमा भरपूर कमिसनको आनन्द लिनु बाहेक केही काम गरेका छैनन् । व्यापार र व्यापारीको अवस्था कसरी सुधार हुन्छ ? कसरी जनकपुरधामको व्यापार राम्रो हुन्छ ? कसैलाई कुनै वास्ता छैन् ।

**जनकपुरधामको सन्दर्भमा के भन्छन् व्यापारी ?**

**–जीवनाथ चौधरी**

रामानन्दचोकस्थित होटल सिता प्यालेसका सञ्चालक जिवनाथ चौधरीले पर्यटक घटेसँगै आफुहरुको व्यवसाय नराम्ररी प्रभावित भएको बताए । उनले होटल व्यवसायीहरु आर्थिक रुपले धेरै कठिनाईमा परेको समेत बताए । होटल व्यवसायीहरुलाई आर्थिक दिवालियापन हुने अवस्था रहेको उनको भनाइ छ । उनले भने, 'मलाई आफैं प्रतिमहिना बैंकलाई साढे चार लाख रुपैयाँ ब्याज तिर्न परिरहेको छ ।'उनले पर्यटकको आगमन घटेको र अग्रिम बुकिङ रद्द हुने क्रमसमेत बढेको बताए । उनले भने,'सबै ठाउँमा प्रभाव परिरहेका बेला हाम्रो व्यवसायमा असर नपर्ने त कुनै कुरै भएन । हाम्रो व्यवसायमा प्रभाव परिरहेको छ ।'

**–निखिल अग्रवाल**

शिवचोकमा विगत लामो समयदेखि व्यापार गर्दै आएका व्यापारी निखिल अग्रवाल भन्छन्, 'हामी व्यापारीलाई सबभन्दा बढी सटर भाडाले मर्कामा पारेको छ । सटरको भाडादर निर्धारण नहुनु दुःखद हो । यहाँ सटरको भाडा त बढी छ नै तर रेटको कुनै मापदण्ड निर्धारण छैन । र, त्यो भन्दा पनि जटिल समस्या छ कि एग्रिमेन्ट हुँदैन । त्यसमाथी न सरोकारवाला निकाय न त व्यापार संघ कसैलाई कुनै चासो छैन । जबकि जनकपुरधाममा धेरै कम भएपनि २ हजारभन्दा माथी नै सटरहरु होलान् । सबैले सरकारलाई कर पनि बुझाउँछन् तर व्यापारको अवस्था शुन्य छ ।'उनले भने, 'अधिकांश चोर छन् । सरकार पनि त्यस्तै छ । ब्याजले पीडितमाथी ध्यान जाओस् सरकारी निकायको । आर्थिक क्राइसिस समाप्त गर्नुछ भने एकपटक नोटबन्दी होस् । नोटबन्दी भयो भने सबै फटाहा, भ्रष्ट, बेइमानहरुको मुखौटा निस्किन्छ ।''व्यापार व्यवसायमा मुख्य भूमिका भनेको पर्यटकको हुन्छ । पर्यटकले गर्दा नै बजार चल्छ । र, यस्तोमा राती १० बजे भारतका पर्यटक जनकपुरधाम आउँदा ट्राफिकले गर्ने व्यवहार निन्दनीय हुन्छ, उनले भने, 'यो मैले आफैं हेरेको छु । जबकी ट्राफिकको व्यवहारमा शिष्टाचार, नम्रता हुनुपर्ने देखिन्छ । सोधखोज पनि सहज तरिकाले गर्नुपर्छ । मानसिक तनाव दिएर होइन् ।' उनले प्रश्न गर्दै भने, 'नकरात्मक व्यवहार गर्ने हो भने किन आउँछन् पर्यटक ? सरल र सहज हुनु आवश्यक छ । बाहिरबाट पर्यटक आउँदा मनोमानी रिक्सा भाडादेखि होटलको बसाई र धार्मिक स्थल जानकी मन्दिरमा पनि उनीहरूलाई ठगिन्छ । मनोमानी दररेट, दर्शन गर्न पनि पैसा, मडबामा पनि मनमुताविक टिकट । अनि यस्तोमा पर्यटक के आउछ त ?'उनले यतिसम्म हुँदापनि व्यापार संघको ध्यान नजानु दुःखद र खेदजनक रहेको गुनासो पोखेका छन् । व्यापार संघको काम नै व्यापारीको हितको लागि हो, उनले भने, 'तर, न व्यापार संघ न त्यसका कार्यसमिति कसैलाई कुनै चासो छैन । यस्तै अवस्था रहयो भने व्यापार र व्यापारी दुवै मर्छन । व्यापारी तब बाँच्छन् जब कानुन सरल सहज हुन्छ । र, व्यापार संघलाई चासो हुन्छ । प्यानमा होस् वा भ्याटमा कर सरकारलाई बुझाउनु नै पर्छ । बरू ३० को ठाउँमा ५० कै काम गर्न वातावरण होस् । जे जति कर हुन्छ हामी तिर्छौं नै । तर मापदण्ड होस् । गल्ति गर्यो भन्ने फाइन शत प्रतिशत गरियोस् । तर सिस्टममा होस् । यो बिल काट्ने नाटक देखि व्यापारी आजित भइसकेका छन् ।'मीटरव्याजीले पनि व्यापारी माथी नै संकट थुपारेको छ । नेपाल भारतको सीमामा सुधारको आवश्यकता छ । सरकारको नयाँनयाँ करमाथीको नियममा सिस्टम हुनु आवश्यक छ । सरकारले त करमा एकरूपता नगरि व्यापारी माथी बोझ थुपारिदिएको छ ।

**– रामविनोद चौधरी 'पप्पु'**

होटल व्यवसायी रामविनोद चौधरी भन्छन्,'कसरी व्यापार चल्छ भन्ने कुरामाथि राज्य पक्ष गम्भीर छैन । विकास बजेट न्यून खर्च भइरहेको छ भने सुधार कहाँबाट हुन्छ । बैंकमा पैसा छ तर लगानी छैन । यस्ता समस्या पहिला थिएन । अब आएर यस्तो समस्याहरू उत्पन्न भएको हो । लोन लिन डर लाग्छ । भन्सार कटाएबापत पनि समस्या हुन्छ । प्रहरी प्रशासन सम्बन्धित निकाय शासन गर्नलाई छ । सहयोग गर्नलाई हैन । कुनैपनि व्यापारलाई चार चांद लगाउने काम पर्यटकले गर्छ । पर्यटककै कारण व्यापार चल्छ । तर पर्यटक किन आउँछन् यहाँ ? कसरी पर्यटक आकर्षित हुन्छ त्यसमा सरोकारवालाको कुनै ध्यान नै छैन । पर्यटक आकर्षित गर्न कुनैपनि ठाउँको विकास, सौन्दर्यीकरण, पोखरी तलाउ वरिपरि वृक्षारोपण, सरसफाईमा बिशेष ध्यान दिनुपर्छ । तर, जनकपुरधामको शान जानकी मन्दिरमा जाँदा संसारको फोहोर थुपारिएको छ । स्थानिय सरकारको भूमिकाको बारेमा उनले प्रश्न गर्दै भने, 'नगरको विकासका लागि आएको पैसा स्थानीय सरकारले के गर्यो ? कार्यकर्तालाई दियो कि आफैं पचायो त्यो मलाई थाहा भएन ।'व्यापार संघको भूमिका पनि शंकास्पद छ । जति गर्नुपर्के निणर्य लिनुपर्ने केही छैन । प्रहरी प्रशासन जनताका सेवक हुन । तर यिनीहरु उनीहरूको पछाडी लागेर सबै बर्बाद गरिदिएका छन् । भन्सारमा चोरीको सरसामान समातिदैन । तर, कानूनी प्रक्रिया पुर्याएर ल्याइका सरसामान समातिन्छ । यसको मुख्य दोषी स्थानीय सरकार र प्रशासन हो ।

उनले भने, 'म होटल व्यवसायी हुँ । मेरो व्यापार पर्यटकसंग गाँसिएको छ । पर्यटक आए मात्र मेरो व्यापार हुन्छ । तर, अहिले अवस्था नाजुक छ । घाटामा छु अहिले । सम्बन्धित निकायले चासो दियो भने पर्यटक आउने प्रचुर सम्भावना छ । किनभने जनकपुरधाम धार्मिक नगरी हो । यसमाथि ध्यान दिनु आवश्यक छ ।'

**–सुशिल कर्ण**

व्यापार चौपट हुनुको प्रमुख कारण हो, अहिले पब्लिकसँग पैसा छैन । र, जो कुनै न कुनै पेशामा आबद्ध छन् उनीहरु समयमा पैसा पाउँदैनन् । बैंकिङ्ग कारोबार बन्द छ । पैसा छैन् । अनि खरीदारी कहाँबाट हुन्छ । समय समयमा सामानको भाउ बढदै गइरहेको छ । भाडा दर मनमुताबिक बढछ । घरबेटीलाई पैसा दिनुपर्ने तनाव छ । मेरो व्यापारमा त १० दिनमै डिजाइनमा नयाँ नयाँ परिवर्तनहरु आउँछ । जसकारण घाटा ब्यहोर्नु परिरहेको छ । पुँजी निकासा छैन । यी सब कारणले गर्दा हामी ठप अवस्थामा छौं । मापदण्ड हुनु आवश्यक छ । कुन चोक, बाटोमा भएको सटरको भाडा कति हुनुपर्यो । तर यहाँ छाडातन्त्र छ । जुनबेला जति मन लाग्छ दाम बढाउँछ । न त व्यापार संघ न त उपमहानगरपालिकालाई कुनै वास्ता छ । कर्णले भने, 'जनकपुरधाममा जानकी मन्दिर बाहेक अरु छ के ? जानकी मन्दिर छ त्यही भएर पर्यटक आउँछन् नभए किन आउँथे ? यसमा पनि सबै सम्बन्धित निकायको ध्यान हुनु आवश्यक छ । यस्तो माहोल होस् कि पर्यटक आएपछी रुकोस् नकि भागोस । अहिले एक त पर्यटक कम आउँछन् । आएपनि मन्दिर दर्शन गर्छन् र भाग्छन् ।

उनी भन्छन्, 'म बनारस जाँदा एक दुई दिन त्यहाँ रुक्छु । किनभने त्यहाँ घुम्ने रमणिय ठाउँहरु छन् । तर यहाँ त्यस्तो वातावरण नै छैन । तिनै तहका निकायको काम निरासजनक छ । रासस


## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

जनकपुरधाम, धनुषा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/०२/१८

यस प्रतिष्ठानको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २)६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) | कार्यसम्पादन जमानत (Performance Guarantee) |
|---|---|---|---|---|---|
| 1 | 18/04/2024 | MIHS/NCB/WORKS/2080-81/3,Indoor Bhawanko Marmat tatha Starunnati, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | Shibam Contruction, Janakpur-8 | 60,63,077.78 | 24,38,000 |
| 2 | 18/04/2024 | MIHS/NCB/WORKS/ 2080-81/4, The Procurement of Postmartum/Forensic Bhawan ko marmat tatha Nirman Karya, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | S.N. NIRMAN SEWA, Janakpur | 40,04,419.60 | 11,63,000 |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)



## मिथिला बिहारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तारापट्टी, धनुषा

मधेश प्रदेश, नेपाल

### करार सेवामा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८१/०२/१८

मिथिला बिहारी नगरपालिकाको कार्यपालिका बैठकको मिति २०८१/०२/१४ गतेको निर्णयानुसार तपसिल बमोजिमको पदहरुमा सेवा करार मार्फत स्वीपर (पुरुष र महिला) पदपूर्ती गर्नु पर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुले ७ (सात) दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा कार्यालय समय भित्र निवेदन पेश गर्न हुन अनुरोध छ ।

**तपसिल** :

| क्र.सं | विज्ञापन नं. | पद | श्रेणी/ तह | संख्या | उमेर हद | दरखास्त दस्तुर रु. | योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८०-०८१ | स्वीपर (पुरुष) | श्रेणी विहिन | २ | दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको | ५००।- | साधारण लेखपढ । | सेफ्टी ट्याङ्कीको लागि |
| २ | २/२०८०-०८१ | स्वीपर (महिला) | श्रेणी विहिन | २ | दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका | ५००।- | साधारण लेखपढ । | बर्थिङ सेन्टरका लागि |

१. दरखास्त पेश गर्ने स्थान :- मिथिला बिहारी नगरपालिकाको प्रशासन शाखा ।

**नोट** : (आवेदन फारम मिथिला बिहारी नगरपालिकाको वेवसाईट www.mithilabiharimun.gov.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिन्छ ।

२ दरखास्त दिने अन्तिम मिति : पत्रिकामा प्रकाशित भएको मिति देखी ७ दिन सम्म

३. सम्पर्क मिति : २०८१/०२/२५ गते

४. अन्तरवार्ता मिति : २०८१/०२/२७ गते समय २:०० बजे ।

५. छनौटको किसिम : अन्तरवार्ता माध्यमबाट ।

६. दस्तुर बुझाउने बैंक र खाता नं. :- नेपाल ईन्भेष्टमेन्ट मेगा बैङ्कको आन्तरिक राजश्व खाता नं. २९४०१४०००००८६ मा बुझाई नगदी रसिद पेश गर्ने ।

७. तलब भत्ता : नगरपालिकाको निर्णय अनुसार ।

८. आवेदन साथ संलग्न कागजातहरु :

आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातका प्रतिलिपीहरु :

क. नागरिकताको प्रमाण पत्र

ख. २ प्रति पासपोर्ट साईजको फोटो

# रेबिजविरुद्धको भ्याक्सिन अभाव

**टुडे समाचारदाता**

बारा । बारामा रेबिजविरुद्धको भ्याक्सिन अभाव हुँदा बिरामी मर्कामा परेका छन् ।



जिल्लाको सदरमुकामस्थित प्रादेशिक अस्पताल कलैयामा कुकुर, बिरालोलगायतका जनावरले टोकेलगत्तै रेबिज रोगविरुद्धको भ्याक्सिन लगाउनु पर्ने हुन्छ। भ्याक्सिन नलगाई रेबिज रोग सरेमा सो रोगको उपचार सम्भव छैन । सरकारले अत्यावश्यक ठानेर निःशुल्क उपलब्ध गराउने भ्याक्सिन अस्पतालमा अभाव हुँदा बिरामी भ्याक्सिन नलगाई घर फर्कन बाध्य भएका छन् । केही बिरामी स्थानीय नेताको घरमा सिफारिस लिनसमेत पुग्ने गरेका छन् ।

चार वर्षीय नातिलाई उपचार गराउन आएका फेटा गाउँपालिका-७ जोतपुर गमहरिया टोलका उसमान अन्सारीले प्रादेशिक अस्पतालमा भ्याक्सिन नहुँदा वीरगञ्ज जानुपर्ने र महँगो मूल्यमा खरिद गर्ने बाध्यता रहेको बताए । उनले भने, "कर्मचारीले आफन्तलाई दिन वा बिक्री गर्न सुई चोरेर राखेका हुन्छन्, नेताको दबाब आएपछि उनका आसेपासेहरूले सुई पाउने गर्छन् ।" यसैगरी कुकुरले टोकेका कलैया उपमहानगरपालिका-८ बरेवा टोलका विश्वनाथ राम, स्थानीय २३ बैराठपुरका नन्दकिशोर शर्मा, महागढीमाई नगरपालिका-८ जोलगावा टोलका बिसुनपति देवीले छोरीलाई सुई नपाएर रित्तै फर्किनु परेको थियो ।

प्रदेश सरकारबाट १५ दिनसम्म पुग्ने रेबिजविरुद्धको भ्याक्सिन प्रादेशिक अस्पतालमा आउने गरेको छ। जिल्लाको एक मात्र प्रादेशिक अस्पतालमा रेबिजविरुद्धको भ्याक्सिन न्यून मात्रामा आउने गरेको स्टोर फाँटका कर्मचारी बताउँछन् । केही दिनअगाडि अस्पतालले सेवा सुविधा राम्रो दिन थालेपछि बिरामीको चाप बढेको थियो । यता कुकुरले टोकेको बिरामीको संख्या दिनानुदिन बढ्दै गएपछि अस्पतालमा माग अनुसार भ्याक्सिन आउने गरेको छैन ड्रेसिङ फाँटका कर्मचारी महालालप्रसाद यादवले भने ।

गर्मी बढेसँगै अहिले कुकुरले टोकेका बिरामी बढी आउन थालेको चिकित्सक आशुतोष बादलले बताए । उनले अहिले बढ्दो गर्मीसँगै कुकुरको मानसिक अवस्था बिग्रिने गरेकाले गर्मीको मौसममा कुकुरको सम्पर्कमा जानेलाई कुकुरले बढी टोक्ने गरेका कारण अस्पतालमा कुकुरले टोकेका बिरामीको चाप ह्वात्तै बढेको बताए । जिल्लाका निजगढ, जितपुरसिमरा नगरपालिकाबाहेक १४ वटा स्थानीय पालिकाबाट कुकुरले टोकेका बिरामी आउनुका साथै भारतको विहार राज्यबाट पनि कुकुरले टोकेका बिरामी उपचार गराउन आउने गरेको चिकित्सक बताउँछन् । विगत एक सातादेखि कुकुरले टोकेका बिरामीलाई लगाउने एन्टिरेबिज सुईको अभाव भएको छ । कुकुरले टोकेको प्रत्येक बिरामीलाई रोगबाट बच्नका लागि प्रोफालेक्सिस नामक एन्टिरेबिज भ्याक्सिन दिइने गरिएको छ भने घाउको प्रकृति हेरी एक जनालाई तीनदेखि पाँच भाइल (डोज) सम्म भ्याक्सिन दिनु परेको प्रादेशिक अस्पताल कलैयाका सूचना अधिकारी प्रेम पण्डितले जानकारी दिए ।

कुकुरले टोकेर रेबिजविरुद्धको भ्याक्सिन लगाउन आउनेको संख्या बढ्दै गएको अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. अजय गुप्ताले बताए । सम्बन्धित निकायमा एन्टिरेबिजको माग गरे पनि हालसम्म प्राप्त नभएको उनले बताए ।

तराईका जिल्लामा केही दिनदेखि ह्वात्तै बढेको गर्मीसँगै जिल्ला अस्पताल अहिले दैनिक आठ/दस जनासम्म कुकुरले टोकेका बिरामी आउन गरेको प्रादेशिक अस्पतालले जनाएको छ।

# सहकारी संस्था खोज्दै मधेश सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा गायब रहेका सहकारी संस्था मधेश प्रदेश सरकारले खोज्न थालेका छन् ।



मधेशका ९५ प्रतिशत सहकारी संस्थाहरू विगत ६ वर्षदेखि 'गायब' रहेकाले मधेश प्रदेश सरकारले खोज्न थालेको पाइएको छ। सहकारी संस्थाहरूले सर्वसधारणले बचत हिनामिना गरिरहेका बेला मधेश प्रदेश सरकारले सरकारी संस्थाहरूको खोजबिन गर्न थालेको छ।

सर्वसधारण जनताले बचत गरेको पैसा डुबाउने र दर्ता भएको लामो समय भइसक्दा पनि त्यसलाई नवीकरण नगराउने, मन्त्रालयमा नियमित विवरण नबुझाउने सहकारी संस्थाहरूलाई प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले खोजबिन थालेको छ । प्रदेशका ७ सय ८२ बटा सहकारी विगत ६ वर्षदेखि सम्पर्कमा नरहेको पाइएको मन्त्रालयले जनाएको छ।

मुलुक संघीय व्यवस्थामा गएपछि जिल्ला सहकारी कार्यालयमा आवद्ध रहेका सहकारीहरूलाई स्थानीय तह र प्रदेश सरकार मातहतको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत आवद्ध गरिएको थियो। एउटा पालिकामा मात्र सीमित रहेका सहकारीलाई सम्बन्धित पालिकामा तथा एकभन्दा बढी पालिका वा एकभन्दा बढी जिल्लामा कार्यक्षेत्र रहेका सहकारी संस्थालाई प्रदेश सरकारको मातहत रहने व्यवस्था गरिएको थियो।

सोहीअनुसार संघ सरकारले ल्याएको सहकारी ऐन २०७४ लागू भएपछि मधेश प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा ८ सय २२ वटा सहकारी संस्थाहरू हस्तान्तरण गरेको थियो।

सो सहकारी संस्थाहरूले प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत रहेको सहकारी महाशाखामा आफ्नो मासिक प्रतिवेदन बुझाउनुपर्ने प्रावधान रहेको छ। तर प्रदेश सरकारले सहकारीसम्बन्धी कानुन बनाउन ढिला गरेपछि त्यसको फाइदा उठाउँदै सहकारीहरूले आफुखुसी कार्य गर्दै आएका छन्।

प्रदेश सरकारले प्रदेश सहकारी ऐन २०७९ असोजमा र सहकारी नियमावली २०८० गत फागुन १५ गते बनाई कार्यान्वयमा ल्याइसकेको छ।

त्यसपछि सहकारीहरूलाई कडाइ तथा अनुगमन थालेपछि ७ सय ८२ वटा सहकारी संस्था लामो समयदेखि सम्पर्कविहीन रहेको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सहकारी रजिष्ट्रार राममणि अधिकारीले जानकारी दिए।

प्रदेशमा हस्तान्तरण भई आएका ८ सय २२ वटा सहकारीमध्ये अहिले २ सय १५ वटा मात्र सहकारीले नियमति रुपमा मासिक प्रतिवेदन बुझाउने गरेको छ।५० वटा सहकारी मात्रै नियमति रुपमा कोपोमिस प्रणालीमा नियमित विवरण बुझाउने गरेको अनुसन्धानमा भेटिएको रजिष्ट्रार अधिकारीले बताए।

मन्त्रालयले पहिलो चरणमा ४ जिल्लामा अनुगमन गर्दा सिरहाका १२१, सप्तरीका ९४, धनुषाका ५६ र महोत्तरीका ३९ गरी ३१० वटा सहकारी संस्था सम्पर्कविहीन पाइएको मन्त्रालयले जनाएको छ। दोस्रो चरणमा ४ जिल्लामा अनुगमन गर्दा पर्सामा ८५, बारामा ११२, रौतहटमा ८३ र सर्लाहीमा १९२ गरि ४७२ वटा सहकारी मन्त्रालयको सम्पर्कमा छैन।

# गर्मी बढेपछि मधेशमा विद्यालय बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम। अत्यधिक गर्मीका कारण पठनपाठनमै समस्या भएपछि धनुषासहित विभिन्न जिल्लाले धमाधम विद्यालयमा बिदा दिन थालेका छन्।

चर्को घाम, तातो हावा र उच्च तापक्रमले विद्यार्थी बेहोस हुने, पढ्न मन नगर्ने र विद्यालय नै आउन छाडेपछि पालिकाले धमाधम सूचना जारी गरी बिदा दिन थालेको छ।

जनकपुरधाम उपमहानगरपालिकाले बुधबार नै एक सूचना जारी विद्यालय बन्द रहेको जनाएको छ।

महोत्तरीको जलेश्वर नगरपालिका, सर्लाहीको लालबन्दी नगरपालिका, वीरगञ्ज महानगरपालिकालगायत विभिन्न स्थानीय तहले सूचना जारी गरी विद्यालय बन्द गरी बिदा दिएको जनाएको छ।

सर्लाहीको लालबन्दी नगरपालिकाले भने अर्को सूचना जारी नहुन्जेलसम्म विद्यालय बन्द रहने जनाएको छ।

लालबन्दीका नगरप्रमुख बासुदेव अधिकारीले अधिक गर्मीका कारण बालबालिकालाई विद्यालय आउन जानै समस्या भएपछि विद्यालय बन्द गरिएको बताए। उनले तापक्रम कम नहुञ्जेलसम्म विद्यालय नखुल्ने बताए।

त्यस्तै सर्लाहीको बरहथवा नगरपालिकाले पनि बिहीबारदेखि चार दिनका लागि विद्यालय बन्द गरेको जनाएको छ। नगरप्रमुख कल्पनाकुमारी कटुवालले एक सूचना जारी गर्दै आइतबारसम्मका लागि नगरभित्रका सम्पूर्ण निजी तथा सामुदायिक विद्यालयमा बिदा दिएको बताइन्।

# अवैध घरेलु मदिरा नष्ट

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा प्रहरीले नेपाल-भारत सीमा क्षेत्रमा खुलेका अवैध घरेलु मदिरा व्यवसाय नष्ट गर्ने कार्यलाई तीव्रता दिएको छ।



सीमा क्षेत्रका एकान्त ठाउँमा घरेलु मदिरा उत्पादन गरेर बिक्री वितरण तथा सेवन गराइँदा विभिन्न किसिमका दुर्घटना र अपराध बढ्न थालेपछि प्रहरीले भट्टी भत्काउने अभियान चलाएको छ । सर्लाही प्रहरी मातहतका प्रहरी चौकीलाई आफ्नो क्षेत्रमा खुलेका भट्टी तत्काल नष्ट गर्न निर्देशन जारी गरेको छ।

सर्लाहीका प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले दिएको जानकारी अनुसार तीन साताको अवधिमा करिब दुई दर्जन भट्टी भत्काएर ठुलो परिमाणमा उत्पादित घरेलु मदिरा र मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ नष्ट गरिएको छ । जिल्ला प्रहरी कार्यालय र प्रहरी चौकी भाडसरबाट खटिएको टोलीले मलंगवा नगरपालिका-५, भाडसरस्थित भारतीय सीमा नजिक रहेका १३ वटा भट्टी नष्ट गरेको जनाइएको छ।

प्रहरीले सो स्थानमा घरेलु मदिरा बनाउन प्रयोग गरिने सात हजार लिटर कच्चा पदार्थ समेत नष्ट गरिएको दाबी गरेको छ। रक्सी बनाउन प्रयोग भएका भाँडा प्रहरीले बरामद गरेको जनाएको छ।

सीमा क्षेत्रका भट्टीकै कारण नेपाल-भारत दुवैतर्फ अपराधका घटना बढेको निष्कर्षसहित भट्टी नष्ट गर्न प्रहरी परिचालित भएको प्रहरी उपरीक्षक सिंहले बताए । "बोर्डर क्षेत्रमा खुलेका यी भट्टीकै कारण कुटपीट, दुर्घटना र अन्य अपराधका घटना बढेको देखिन्छ," प्रहरी उपरीक्षक सिंहले भने, "भारतीय प्रहरीले समेत उनीहरुको नागरिकले नेपालमा आएर रक्सी सेवन गरिरहेको भन्दै भट्टी नष्ट गर्न सल्लाह दिएपछि हामी यसमा लागिपरेका छौं ।"

सीमापारी भारतीय भूमिमा मदिरा बिक्री वितरणमै रोक लगाइएकाले भारतीय नागरिक नेपालतर्फ खुलेका अवैध भट्टीमा मदिरा पिउन आउने गर्छन्। प्रहरी उपरीक्षक सिंहले अधिकांश स्थानमा मानिसको आउजाउ नै नहुने एकान्त ठाउँ (खेतको बिच भाग, बाँस घारी) मा भट्टी सञ्चालन गर्ने गरेको पाइएको बताए।

विषाक्त मानिने घरेलु रक्सी उत्पादन गर्ने भट्टी भत्काउने अभियान जारी राखिने प्रहरी उपरीक्षक सिंहले बताए।

उनले भने, "लाइसेन्स प्राप्त मदिरा पसललाई केही गर्ने अवस्था भएन तर यस्ता विषाक्त मदिरा उत्पादन गर्ने अवैध भट्टी भत्काइरहेका छौं।"

प्रहरी टोली पुग्दा भट्टी सञ्चालक भने भेटिने गरेको छैन। प्रहरी आउने सूचना पाएपछि सञ्चालक भट्टी पसल छाडेर फरार हुने परिपाटी रहेको छ। यता प्रहरीले भट्टी भत्काउने अभियानलाई निरन्तरता रहेको जनाएको छ।

# श्रमाधान रोजगार मेला आयोजना हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा 'श्रमाधान रोजगार मेला' शनिबारदेखि सुरु हुने भएको छ।



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा जनकपुरधाम उद्योग वाणिज्य संघमा हुने मेलाको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोल प्रसाद अर्यालले उद्घाटन गर्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ।

श्रम मन्त्रालयका उपसचिव एंव मेलाका मधेश प्रदेश संयोजक दीपेन्द्र पौडेलले मेलाले श्रमिक र रोजगारदातालाई जोड्नका लागि मेला आयोजना हुन लागेको बताए।

त्यस्तै, मेलाले रोजगार खोज्ने, रोजगारदाता र विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएर कार्यक्रमले नेटवर्किङ र रोजगारीको लागि अनुकूल वातावरण सिर्जना गर्ने विश्वास उनले व्यक्त गरे।

मधेश प्रदेशमा हुने मेलामा बेरोजगार युवाहरूको ज्ञान, सीप, क्षमताका आधारमा मागहरू संकलन गरिने पनि उनले बताए। सबै सरोकारवालाहरूलाई सक्रिय सहभागिताका लागि समेत उनले आग्रह गरे।

श्रम तथा यातायात कार्यालय जनकपुरधामका प्रमुख धर्मराज रोकायाले मधेश प्रदेशमा हुन गइरहेको श्रमाधान रोजगार मेलाले रोजगारदाता र श्रमिकहरूमा उत्साह थपिएको बताए। सो मेलामा ३५ स्टल राखिने छ भने हालसम्म ३० भन्दा धेरै स्टल बुकिङ भइसकेको पनि उनले बताए।

नेपाल उद्योग परिसंघ सिआइएनका मधेश प्रदेश संयोजक प्रमोद शाहले मेलाको उदेश्य देशमै रोजगारी उपलब्ध गराउने रहेको बताए। "हाम्रा युवाहरू अन्तर्राष्ट्रिय विमानस्थलमा लाइन लागेर बस्नु परेको अवस्था छ।

त्यो भिडभाडलाई कम गर्न मेला सहयोगी बन्नेछ। हामी अब नेपालमै रोजगारीको अवसर खोज्न सक्छौं। हामी उद्योगीहरूले पनि राम्रो तलब दिन सक्छौ" उनले भने। तर, सीपको अभावले श्रमिकले रोजगारी पाउन नसकेको उनले बताए।

जनकपुरधाममा सञ्चालन हुन गइरहेको मेलाको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेश, जनकपुरधाम उपमहानगरपालिकाले संयुक्त रूपमा गर्दैछन्।

सहआयोजक नेपाल उद्योग परिसंघ रहेको छ। सो मेला शनिबार र आइबारसम्म सञ्चालन हुनेछ।

# स्रोत नखुलेको रकमसहित पक्राउ

**टुडे समाचारदाता**


रौतहट । स्रोत नखुलेको दुई लाख रकमसहित एक जनालाई पक्राउ परेका छन्।

जिल्लाको गौर नगरपालिका वडा-२ बाट प्रहरीले एक जना युवकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटेको प्रहरी टोलीले विभिन्न सवारी साधन तथा पैदल यात्रुलाई चेकजाँच गर्ने क्रममा स्रोत नखुलेको दुईलाख रकम सहित साइकल यात्रुलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरी जिल्ला राजविराज नगरपालिका- ९ बस्ने धुर्व नारायण यादवको २२ वर्षिय छोरा शिवशक्ति यादव रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी गराइन्।

भारतबाट साइकल चढेर आउँदै गरेको यादवमाथि शंका लागेपछि चेकजाँज गर्दा निजको साथबाट नेपाली एक हजारको नोट सय थान तथा पाँच सयको नोट २ सय थान गरी दुई लाख रकम फेला परेको तथा उक्त रकमको आवश्यक कागजात माग गर्दा स्रोत खुलाउन नसकेकोले निजलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि गौर भन्सार बुझाइएको उनले बताइन्।

# छलीका सामग्री भन्सारमा



**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले जिल्लाका विभिन्न स्थानबाट भन्सार छली गरेर भित्र्याइएका सामग्रीहरु बरामद गरी भन्सार कार्यालय बुझाएको छ।

जिल्ला प्रहरी कार्यालय मलंगवा तथा मातहतका अन्य कार्यालयबाट खटिएका प्रहरी टोलीले भन्सार छली गरी भारतबाट नेपालतर्फ ल्याउँदै गरेको युरिया मल, विभिन्न किसिमको लत्ता कपडा, किराना आइटमहरु, पेय पदार्थ, स्टेश्नरी र कस्मेटिक सामानहरु तथा सामान ओसार्न प्रयोग भएको एक मोटरसाईकल बरामद गरेर भन्सार कार्यालय बुझाईएको प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक श्रेष्ठले जानकारी दिए।

आवश्यक कारबाहीको लागि भन्सार कार्यालय मलंगवा सर्लाहीमा बुझाइएको मालसामानहरु ५ लाख ४१ हजार ३०० रुपैयाँ बराबरको रहेको जनाइएको छ।

# सिंहलाई बर्खास्त गर्न माग

**टुडे समाचारदाता**

मलंगवा । नेपाली कांग्रेस सर्लाहीका सभापति सुरेन्द्र प्रसाद सिंहलाई पदबाट बर्खास्त गर्न माग गरेका छन्।

उपसभापति नवीन अधिकारीसहितका नेताले विकास निर्माणको काममा अनियमितता गरेको भन्दै सभापति सिंहलाई पदबाट बर्खास्त गर्न माग गरेका छन्।

मनुष्मारा सिँचाई आयोजनाअन्तर्गत जल उपभोक्ता समितिको अध्यक्षको रुपमा अनियमितता गरेको आरोपमा सर्वोच्च अदालतबाट समेत भ्रष्टाचारी ठहर भएको हुँदा सिंहलाई अविलम्ब जिल्ला सभापति पदबाट बर्खास्त गर्न कांग्रेसकै नेताहरुले माग गरेका छन्। हामीले चैत ३० गते नै पार्टी केन्द्रीय कार्यालयमा सुरेन्द्रजीलाई पदबाट बर्खास्त गर्न माग सहित निवेदन दर्ता गराएका थियौं।'

'सभापति सिंहलाई बर्खास्त गर्नका लागि केन्द्रीय नेताहरुले बेवास्ता गरेपछि २-३ दिनदेखि आफूहरु सभापति, उपसभापति, महामन्त्रीज्यूहरु लगायत नेताहरुलाई भेटेर ध्यानाकर्षण गराएको छौं' उनले भने । सर्वोच्च अदालतबाट दोषी ठहर भइसके पछि पनि सिंह जिल्ला सभापतिकै रुपमा सार्वजनिक कार्यक्रमहरुमा सहभागी भएको हुँदा आफूहरुलाई लज्जाबोधभएको र यस्ता गतिविधिले आम नेता कार्यकर्ताको मनोबल गिर्ने मात्र नभइ सिंगो पार्टीको साख गिरेको अवस्था आएको उपसभापति अधिकारीले गुनासो गरे।



मनुष्मारा सिंचाइ आयोजना प्रथम चरणको जल उपभोक्ता समितिको अध्यक्ष रहेको बखत सो आयोजनामा आर्थिक अनियमितता गरेको र सो कसुरमा सर्वोच्च अदालत [illegible] समेत भइसकेकोले राजनीतिक दल सम्बन्धि ऐन २ परिच्छेद-३ को (ख)विपरत तथा नेपाली कांग्रेसको संशोधित विधान २०७५ को परिच्छेद २ को दफा १३ अनुसार नैतिक पतन देखिने फौजदारी कसुरमा दोषी ठहर भएमा पार्टीको साधारण सदस्य समेत रहन नपाउने व्यवस्था भएकोले सोही अनुसार सर्लाही सभापति सिंहलाई पदबाट बर्खास्त गर्न निवेदनमा माग गरिएको छ।

सर्वोच्च अदालत काठमाण्डुले २०८० साल फाल्गुन १५ गते नै भ्रष्टाचार मुद्दामा दोषी ठहर गरिसकेकोले निजलाई अविलम्ब पदबाट बर्खास्त गरिनु पर्ने क्षेत्र नम्बर २ का क्षेत्रीय सभापति एवं प्रदेश सभा सदस्य कौशल किशोर रायले बताए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मनुष्मारा काण्डमा अनियमितता भएको दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो। विशेष अदालतले सिंहलाई दोषी ठहर गरेपछि उनी पुनरावेदनका लागि सर्वोच्च अदालत पुगेका थिए । तर सर्वोच्च अदालतका न्यायधीशद्वय कुमार रेग्मी र महेश शर्मा पौडेलको संयुक्त इजलासले विशेषको फैसलामा दोषी ठहर गरेको छ।

सभापति सिंहले सर्वोच्चको पूर्णपाठ आउँदा आफू दोषी नहुने जिकिर गरे।

सिंहलाई अविलम्ब जिल्ला सभापतिबाट बर्खास्त गर्न भन्दै पार्टी केन्द्रीय कार्यालयमा दर्ता गरिएको निवेदनमा क्षेत्र नम्बर १, २ र ३ का सभापतिहरु, पूर्व जिल्ला सभापतिहरु, महासमिति/माहधिवेशन प्रतिनिधिहरु लगायत ५१ जना नेताहरुले हस्ताक्षर गरेको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८